कुम्मायक गाउँपालिका

स्थानीय राजपत्र

खण्ड -९ संख्या -३ मिति – २०८२ साल भाद्र ८ गते

भाग-१

आधारभूत अस्पताल संचालन व्यवस्थापन ऐन, २०८२

कुम्मायक गाउँपालिका

नेपालको संविधान बमोजिम कुम्मायक गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारिको लागी प्रकाशन गरिएको छ ।

संवत २०८२ सालको ऐन नं ३

आधारभूत अस्पताल संचालन व्यवस्थापन ऐन, २०८२

प्रस्तावना

नेपालको संविधानको अनुसुची ८ र ९ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानिय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई आमनागरिकलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने जिम्मेवारी बहन गर्ने प्रयोजनका लागि आधारभूत अस्पताल संचालन एवं व्यवस्थापन सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,
स्थानीय सरकार संचालन ऐन २०७४ को दफा (१०२) बमोजिम यो ऐन बनाईएको छ।

परिच्छेद-१

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐन को नाम **"आधारभुत अस्पताल संचालन व्यवस्थापन ऐन २०८२"** रहेको छ।

(२) यो ऐन कुम्मायक गाउँपालिका राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐन मा

(१) **"स्वास्थ्य संस्था"** भन्नाले बिरामी भर्ना गरी चिकित्सकद्वारा स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्झनु पर्छ।

(२) **"आधारभुत अस्पताल"** भन्नाले कुम्मायक गाउँपालिकाले संचालन गरेको १५ शैयाको आधारभूत अस्पताललाई सम्झनु पर्छ।

(३) **"अस्पताल संचालन तथा व्यवस्थापन समिति"** भन्नाले आधारभुत अस्पताल संचालन तथा व्यवस्थापन गर्न यस ऐन बमोजिम कुम्मायक गाउँपालिका, गाउँ कार्यपालिकाले गठन तथा पुर्नगठन गरेको समितिलाई सम्झनुपर्छ।

(४) **"अध्यक्ष"** भन्नाले अस्पताल संचालन तथा व्यवस्थापन समितिको अध्यक्षलाई सम्झनुपर्छ।

(५) **"प्रमुख"** भन्नाले कुम्मायक गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(६) **"उपाध्यक्ष"** भन्नाले कुम्मायक गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ।

(७) **"गाउँपालिका/कार्यालय "** भन्नाले कुम्मायक गाउँपालिकालाई सम्झनुपर्छ।

(८) **"कार्यपालिका"** भन्नाले कुम्मायक गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(९) **"अस्पताल प्रमुख"** भन्नाले आधारभूत अस्पतालमा कार्यरत चिकित्सकहरु मध्ये अस्पतालको कार्य संचालन व्यवस्थापनको जिम्मेवारी पाएको चिकित्सकलाई सम्झनु पर्छ।

(१०) **"कार्यविधी"** भन्नाले आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन ऐन २०८२ लाई सम्झनुपर्दछ।

(११) **"पदाधिकारी"** भन्नाले व्यवस्थापन समिति अध्यक्ष, उपाध्यक्ष र सदस्य लगायता पदाधिकारीलाई सम्झनुपर्छ।

(१२)**"मन्त्रालय"** भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्झनुपर्छ।

(१२)**"प्रादेशिक स्वास्थ्य संरचना"** भन्नाले प्रदेशमा रहने स्वास्थ्य क्षेत्र हेर्ने सामाजिक विकास मन्त्रालय तथा विभाग, महाशाखा सम्झनु पर्छ।

(१३)**"प्रचलित कानून"** भन्नाले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले जारी गरेको कानूनलाई सम्झनुपर्छ।

(१४)**"स्वास्थ्य सेवा"** भन्नाले उपचारात्मक, प्रतिकारात्मक प्रवर्द्धनात्मक, पर्नस्थापनात्मक तथा प्रशामक (Palliative Care) स्वास्थ्य सेवा सबैलाई बुझ्नु पर्छ।

(१५)**"स्वास्थ्य सेवाका कर्मचारी"** भन्नाले चिकित्सक, स्वास्थ्यकर्मी, प्रयोगशालाकर्मी, रेडियो इमेजिङ्ग सेवा प्रदायक, नर्सिङ सेवा, फार्मेसी सेवा प्रदायकलाई सम्झनु पर्छ।

(१६)**"स्वास्थ्य सेवाका अन्य कर्मचारी"** भन्नाले स्वास्थ्य संस्थाको स्वास्थ्य प्राविधिक सेवा बाहेक प्रशासनिक, सरसफाइ, सुरक्षा तथा अन्य सहयोगी सेवाका कर्मचारीहरुलाई सम्झनु पर्छ।

कुम्मायक गाउँपालिका, पाँचथर

(१७)**"अस्पताल सेवा"** भन्नाले जन स्वास्थ्य सेवा नियमावली २०७७ को नियम ९ र नियम १० संग सम्बन्धित अनुसूची-७ बमोजिम आधारभूत अस्पतालका लागी निर्धारित सेवा तथा कुम्मायक गाउँपालिकाको निर्णय बमोजिम संचालन गरिने अस्पताल सेवाहरुलाई सम्झनु पर्छ।

(१२)**"आधारभूत अस्पताल न्युनतम सेवा मापदण्ड** भन्नाले जन स्वास्थ्य सेवा ऐन २०७५ को दफा २५ र दफा २७ को व्यवस्था कार्यान्वयनका लागि नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट जारी भएको प्राथमिक अस्पतालका लागि न्यूनतम सेवा मापदण्ड (MSS Primary Hospital) २०७५ लाई जनाउँछ।

(१३) **"कोष"** भन्नाले आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कोषलाई सम्झनु पर्छ।

(१७) **"स्वास्थ्य पुर्वाधार विकास मापदण्ड"** भन्नाले नेपाल स्वास्थ्य पुर्वाधार विकास मापदण्ड २०७४ सम्झनु पर्छ।

(१८) **"स्वास्थ्य संस्था संचालन मापदण्ड"** भन्नाले नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट स्वीकृत नेपाल स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८ सम्झनु पर्छ।

(१९) **"अस्पताल भवन डिजाइन तथा निर्माण सम्बन्धी निर्देशिका"** भन्नाले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य भवन डिजाइन तथा निमाण सम्बन्धी निर्देशिका २०७३ तथा आधारभूत अस्पताल भवन निर्माण सम्बन्धी निर्देशिका २०७७ लाई सम्झनु पर्छ।

(२०)**"शाखा"** भन्नाले कुम्मायक गाउँपालिकाको स्वास्थ्य शाखालाई सम्झनु पर्छ।

परिच्छेद २
अस्पताल सेवा व्यवस्थापन

३. आधारभूत अस्पताल उपलब्ध गराउने सेवाहरुः

आधारभुत अस्पताल उपलब्ध गराउने सेवाहरु नेपाल सरकारको "जन-स्वास्थ्य सेवा नियमावली २०७७ नियम ९ र १० संग सम्बन्धित अनुसूची-७ बमोजिम हुनेछ।

४. आधारभुत अस्पताल संचालनको मापदण्डः

आधारभूत अस्पताल संचालनको मापदण्ड नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन २०७८ कमोजिम हुनेछ।

५. आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समिति गठनः

(१) अस्पताल संचालन एवं कार्य व्यवस्थापनका लागि देहाय बमोजिम आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समिति गठन गरिनेछ।

गाउँपालिका अध्यक्ष -**अध्यक्ष**
गाउँपालिका उपाध्यक्ष-
प्रमुख प्रशासकीय अधिकृत- **सदस्य**
सम्बन्धित वडाको वडा अध्यक्ष- **सदस्य**
कार्यपालिकाले मनोनित १ जना महिला सहित २ जना कार्यपालिका सदस्य- **सदस्य**
सामाजिक विकास समिति संयोजक- **सदस्य**
स्वास्थ्य शाखा प्रमुख- **सदस्य**
आदिवासी जनजाती, दलित, पिछडा वर्ग, अपाङ्ग मध्ये स्वास्थ्य क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिहरु मध्ये कार्यापालिकाले मनोनित गरेको १ (एक) जना महिला-**सदस्य**
रेडक्रस शाखाको अध्यक्ष -**सदस्य**

कुम्मायक गाउँपालिका, पाँचथर

स्वास्थ्य स्वयमसेबिकाहरु मध्येबाट कार्यपालिकाले मनोनित गरेको १ जना -**सदस्य**
आधारभुत अस्पताल प्रमुख- **सदस्य सचिव**

(२) समितिले आवश्यक्ता अनुसार स्वास्थ्य क्षेत्रको विषय विज्ञ, ईन्जिनियर, जनप्रतिनिधि तथा कर्मचालरीलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

६. आधारभुत अस्पताल संचालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार

(१) नीतिगत, कानूनी एवं संस्थागत व्यवस्था अनुरुप अस्पताल संचालनका लागि आवश्यक निर्णय गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकामा पेश गर्ने ।

(२) आधारभूत अस्पतालबाट संचालन हुने वार्षिक कार्यक्रमहरुको लक्ष्य निर्धारण, कार्यान्वयन एवं प्रगति समिक्षा गर्ने।

(३) नेपाल सरकारको स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८ बमोजिमका भौतिक संरचना, जनशक्ति तथा औजार उपकरण व्यवस्थापन लगायतका कार्यहरुको लागि समन्वय, सहजीकरण एवं सहकार्य गर्ने

(४) अस्पताल संचालनका लागि गाउँपालिकाले दिएका निर्देशन र स्वीकृत कार्यक्रमहरुको कार्यान्वयन गर्ने गराउने ।

(५) अगामी आर्थिक वर्षको कार्यक्रम तथा बजेट तर्जुमा गरी तोकिएको अवधी भित्र प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँपालिकामा पेश गर्ने ।

(६) अस्पतालको कार्य प्रगतिको नियमित मासिक, चौमासिक, वार्षिक प्रगति अनुगमन, लेखाजोखा एवं समिक्षा गर्ने ।

(७) अस्पतालको मासिक चौमासिक तथा वार्षिक आय व्ययको लेखाङ्कन निरीक्षण, अनुमोदन गर्ने, लेखापरीक्षण गराउने।

(८) अस्पतालमा आवश्यक औषधी, उपचार सामग्री तथा औजार उपकरणको आपुर्ति, मर्मत सम्भार, संरक्षण एवं भण्डारण सम्बन्धी व्यवस्थापन गर्ने ।

(९) अस्पताल सेवाहरुको वार्षिक लक्ष्य निर्धारण तथा लक्ष्य अनुरुप प्रगति हासिल गर्न आवश्यक रणनीति एवं क्रियाकलाप तय गर्ने ।

(१०) अस्पतालको स्वामित्वमा रहेको चल अचल सम्पतिको अभिलेख दुरुस्त राख्न लगाउँने ।

(११) अस्पतालको सेवा प्रवाह क्रममा आएका गुनासाहरुको उचित सम्बोधन र व्यवस्थापन गर्ने ।

(१३) अस्पतालमा आवश्यक जनशक्ति आपुर्तिका लागि स्रोत सुनिश्चित गाउँपालिका सँग समन्वय गर्ने ।

(१४) अस्पतालमा कार्यरत जनशक्तिहरुको मनोबल उच्च राखी उच्च कार्यप्रतिफल हासिल गर्न कार्यभार एवं कार्य प्रगतिको आधारमा सेवा सुविधा उत्प्रेरणाको व्यवस्था गर्ने ।

(१५) अस्पतालको भौतिक, आर्थिक, संस्थागत एवं सामाजिक वातावरणको स्वास्थ्य एवं सुरक्षाको लागि आवश्यक कार्य गर्ने ।

(१६) गाउँपालिकाले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

७. पदावधीः

समितिका पदाधिकारीहरुको पदावधी नियुक्ती भएको मितिले ५ वर्षको हुनेछ ।
पदाधिकारीहरुको पदावधी बाँकी रहदै स्थानीय तहको निर्वाचन सम्पन्न भएमा स्वतःसमाप्त हुनेछ ।

८.पदावधी रिक्त रहने अवस्थाः

(क) मृत्यु भएमा
(ख) राजिनामा दिएमा

(ग) बिना सूचना लगातार तीन पटक समितिको बैठकमा अनउपस्तित भएमा
(घ)फौजदारी अभियोग प्रमाणित भएमा
(ङ) आधारभूत अस्पतालको अहित हुने काम गरेको प्रमाणित भएमा

९. समितिको बैठक र संचालन बिधिः

(क)समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले कम्तिमा महिनाको १ पटक बैठक बोलाउँनु पर्नेछ। यसरी बैठक बोलाउँदा स्वास्थ्य शाखासँग समन्वय गरी उक्त बैठक बोलाउँनु पर्ने छ। आवश्यक्ता परेमा समितिको बैठक जुनसुकै समयमा पनि बस्न सक्ने छ।
(ख)समितिको निर्णय उपस्थित सदस्यहरुको बहुमतबाट हुनेछ। कुनै विषयमा मत बिभाजन भई बराबर मत भएमा अध्यक्षले निर्णायक मत दिन पाउँनेछन। आमन्त्रित सदस्यले मतदनमा भाग लिन पाउँने छैन।
(ग)समितिको अध्यक्षको अध्यक्षतामा बैठक बस्ने छ र निजको अनुपस्थितिमा उपध्यक्षको अध्यक्षतामा बैठक बस्ने छ।
(घ)बैठकको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नुपर्नेछ।
(ङ)बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ।
(च)हरेक बैठकको प्रमाणित निर्णयहरु गाउँपालिकामा पेश गर्नुपर्नेछ।

१०.गणपुरक संख्याः

(क) समितिको बैठक बस्नका लागी ५१% सदस्यहरुको उपस्थितिलाई गणपुरक संख्या मानिनेछ।

११.पदाधिकारीहुरूको काम कर्तव्य र अधिकारः

(क)अध्यक्षको काम कर्तव्य र अधिकारः
१.समितिको बैठक बोलाउन सदस्य सचिवलाई निर्देशन दिने।
२.अस्पतालको दैनिक कार्यको रेखदेख गरी निर्देशन दिने।
३.समितको अन्य पदाधिकारीहरुलाई जिम्मेवारी तोक्ने।
४.समितिले तोके बमोजिमका अन्य कार्यहरु गर्ने।

(ख)उपाध्यक्षको काम कर्तव्य र अधिकारः
१.अध्यक्षको अनुपस्थितिमा अध्यक्षको हइसियतमा काम कार्वाही गर्ने।

(ग)सचिवको काम कर्तव्य र अधिकारः
१.अध्यक्षको आदेशमा समितिको बैठक बोलाउने।
२.निर्णय लेखन गर्ने।
३.अस्पतालको मासिक प्रतिवेदन बैठकमा पेश गर्ने।
४.निर्णय कार्यन्वयन गर्ने।
५.प्रशासन प्रमुख भई जिम्मेवारी बहन गर्ने।
६.गाउँपालिका, समिति तथा स्वास्थ्य शाखाको निर्देशन पालना गर्ने।
७.अस्पताल प्रमुख भई कार्य गर्ने।
८.तोके बमोजिमका अन्य कार्य गर्ने।

(घ)सदस्यहरुको काम कर्तव्य र अधिकारः
१.बैठकमा सहभागिहुने

कुम्मायक गाउँपालिका, पाँचथर

२.समिति तथा अध्यक्षले तोकेको कार्यहरु गर्ने गराउने ।

३.आधारभूत अस्पताल संचालन गर्न जनसहभागिता जुटाउन सहयोग गर्ने ।

४.तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

परिच्छेद ३
कोष तथा लेखा परिक्षण

११. अस्पताल संचालन तथा व्यवस्थापन कोष :

(१) आधारभूत अस्पतालको आर्थिक एवं वित्तीय कार्य सम्पादन तथा व्यवस्थापनका लागी अस्पताल संचालन तथा व्यवस्थापन कोष रहने छ ।

(२)अस्पताल संचालन तथा व्यवस्थापन कोषको खाता सरकारी करोवार गर्ने नजिकको बैंकमा खोलिनेछ ।

१२.रकम जम्मा

(१) दफा ९को उप दफा "१" बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु जम्मा गर्न सकिनेछ ।

(क)नेपाल सरकार तथा प्रदेश सरकार बाट प्राप्त रकम

(ख) गाउँपालिका बाट प्राप्त रकम

(ग) स्वास्थ्य बिमा बोड बाट प्राप्त रकम

(घ) वैदेशिक अनुदान, कुनै व्यक्ति, स्वादेशी तथा विदेशी संघ संस्था वा अन्य कुनै दात्री निकाय आदी बाट प्रप्त अनुदान तथा सहयोग रकम

(ङ) अस्पतालको विभिन्न सेवा शुल्क र दस्तुर रकम

(च) फार्मेसीबाट प्राप्त आम्दामी रकम

(छ) व्यवस्थापन समितको पहलबाट प्राप्त रकम

(ज) अन्य सबै स्रोतबाट प्राप्त रकम

(२) उपनियम १ को **खण्ड (घ)** बमोजिमको वैदेशिक अनुदान, विदेशी संघ-संस्थाबाट रकम प्राप्त गर्नु भन्दा अगाडी प्रचलित कानून बमोजिम स्वीकृती लिनुपर्नेछ ।

(३) कोषमा जम्मा हुन आउने रकम र अस्पताल सेवा संचालनबाट प्राप्त हुने आय हरेक दिनको भोलिपल्ट ३ बजे सम्ममा अस्पताल व्यवस्थापन तथा संचालन कोषमा जम्मा गरी सक्नु पर्नेछ ।

(४) कोषमा जम्मा भएको रकम हरेक हप्ताको आईतवार र सो दिन विदा परे त्यस दिनको भोलिपल्ट ३ बजे भित्र गाउँपालिकाको विविध खर्च खातामा जम्मा गर्नुपर्नेछ ।

१३.कोष तथा खाता संचालनः

(१) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी, आर्थिक प्रशासन शाखा प्रमुख र अस्पताल प्रमुखको संयुक्त दस्तखतबाट कोषको खाता संचालन गरिने छ ।

(२) अस्पताल संचालन तथा व्यवस्थापन समितिको निर्णय लाई गाउँ कार्यपालिकाले अनुमोदन गरे पश्चात विविध खर्च खाता (अस्पताल संचालन तथा व्यवस्थापन कोष) बाट खर्च लेखिने छ ।

(३) विविध खर्च खाता (अस्पताल संचालन तथा व्यवस्थापन कोष) को आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा ढाँचा बमोजिम हुनेछ ।

कुम्मायक गाउँपालिका, पाँचथर

(४) अस्पतालको आर्थिक कारोवारको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता आर्थिक कारोवारको निर्यणकर्ता र सम्बन्धित खाता संचालन गर्ने अधिकार प्राप्त कर्मचारीको हुनेछ।

(५) अस्पतालको आम्दामी र खर्चको अभिलेख, आमदानी र खर्च सम्बन्धी कार्यविधि, लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पतिको अभिलेख तथा जिन्सी व्यवस्थापन, आय-व्यय तथा समपतिको विवरण तयारी, आन्तरिक लेखा परिक्षणको सिद्धान्त, बेरूजु अभिलेख, बेरुजु फस्यार्ट लगायतका विषयहरु प्रचलित आर्थिक कार्यविधि सम्वन्धि कानून बमोजिम हुनेछ।

(७) अस्पताललाई आवस्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धि व्यवस्था र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन २०६३ र नियामावली २०६४ बमोजिम हुनेछ।

(८) उप दफा (२) मा जे भनिएता पनि निर्णय गर्न र निर्णय अनुमोदन गर्न काबु बाहिरको परिस्थिती परेमा समान्य प्रशासनिक खर्च तथा अस्पताल व्यवस्थापन खर्चलाई खर्च पश्चात अनुमोदन गर्नु पर्नेछ।

१४.लेखा परिक्षण

(१) अस्पताल व्यवस्थापन समितिले तोके बमोजिमको अस्पतालको आय-व्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(२) आन्तरिक लेखा परिक्षण गाउँपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट हुनेछ।

(३) विविध खर्च खाता (अस्पताल संचालन तथा व्यवस्थापन कोष) को अन्तिम लेखा परिक्षण महालेखा परिक्षकबाट हुनेछ।

परिच्छेद-४

अस्पताल सामान्य सेवा सम्बन्धी व्यवस्था

१५. अस्पताल सामान्य सेवा सम्बन्धी व्यवस्थापन

नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८ बमोजिम देहाय अनुसार गर्नु पर्नेछ :

(१)सोधपुछ तथा गुनासो सुनुवाईः

अस्पतालमा सोधपुक्ष कक्ष, गुनासो सुन्ने अधिकारी, गुनासो पेटिका हुनु पर्नेछ र प्रत्येक हप्ता गुनासो पेटिका खोल्नु पर्नेछ।

(२) सुचना तथा संचार सेवा

(क) अस्पतालमा इन्टरकम एवं बाह्य टेलिफोन सेवा सहितको संचार सेवाको व्यवस्था हुनु पर्नेछ। आकास्मिक सेवाका नम्बरहरु अध्यावधिक राख्नु पर्नेछ।

(ख) सबैले देख्न सक्ने गरी नेविगेसन चार्ट र नागरिक बडा-पत्र राख्नु पर्नेछ।

(ग) अस्पतालमा इन्टरनेटको सुविधा उपलब्ध हुनु पर्नेछ।

(३) पानीको व्यवस्था :

अस्पतालमा चौबिसै घण्टा पिउने पानी सहित सफा पानीको प्रशस्त व्यवस्था हुनु पर्नेछ।

(४) विद्युत आपूर्ति :

अस्पतालमा चौबिसै घण्टा विद्युत आपूर्तिको लागि ब्याक-अप प्रणाली सहितको व्यवस्था हुनु पर्नेछ।

(५)शौचालयको व्यवस्था :

अस्पताल हाताभित्र पर्याप्त पानी सहितको देहायका मापदण्ड भएको पर्याप्त संख्यामा सफा शौचालयको साथै साबुन पानीले हात धुने व्यवस्था हुनु पर्छ।

(क) बालबालिका मैत्री

(ख) लैंगिक मैत्रीः महिला र पुरुषको लागि छुट्टाछुट्टै शौचालय र महिला शौचालयमा ढक्कन भएको फोहोर हाल्ने टोकरी भएको हुनु पर्नेछ ।

(ग) अपाङ्गता मैत्री

(घ) जेष्ठ नागरिक मैत्री

(६) बिरामी कुरुवा सुविधा :

अस्पतालको बहिरङ्ग तथा अन्तरङ्ग सेवा दिइने स्थानहरुमा पर्याप्त विश्रामस्थल तथा कुरुवास्थलको व्यवस्था हुनु पर्छ ।

(७) क्यान्टिन व्यवस्थाः

अस्पताल हाताभित्र स्वस्थ, सफा र सुविधायुक्त स्यान्टिनको व्यवस्था हुनु पर्नेछ।

(८) सुरक्षा व्यवस्था :

अस्पतालमा चौबिसै घण्टा सुरक्षा गार्डको व्यवस्था हुनु पर्नेछ । आपतकालीन अवस्थामा अन्य सुरक्षा निकायसंग समन्वय गर्ने व्यवस्था हुनु पर्नेछ । अस्पतालका संवेदनशील क्षेत्रहरु जस्तै आकास्मिक कक्ष, फार्मेसी, बहिरङ्ग कक्ष, टिकट कक्ष लगायतका क्षेत्रहरुमा CCTV जडान गरी कम्तिमा ३० दिनसम्मको रेकर्ड रहने व्यवस्था गरिएको हुनु पर्नेछ

(९) एम्बुलेन्स सेवाः

अस्पतालले एम्बुलेन्स सेवा संचालन गर्नेछ ।

(१०)पार्किङ्गको व्यवस्था :

कर्मचारी तथा सेवाग्राहीको लागि सवारी साधन पार्किङ्गको व्यवस्था हुनु पर्नेछ ।

(११)भण्डारको व्यवस्था :

अस्पतालको लागि आवश्यक लत्ता कपडा, सरसफाई सामग्री, औजार, उपकरण तथा औषधिको न्युनतम

मौज्दात रहनु पर्नेछ र सो सामग्रीहरुको उपयुक्त भण्डारको लागि रेफ्रिजेरेटर, एयर कन्डिसनर, उपयुक्त भेन्टिलेशन सहितको प्रयाप्त भण्डार कक्षको व्यवस्था हुनु पर्नेछ ।

(१२) कर्मचारी व्यवस्थापन :

कर्मचारीहरुको दैनिक उपस्थिति अभिलेख राखेको हुनु पर्नेछ । कर्मचारीरुले तोकेको पोशाक, परिचय पत्र एवं विद्युतीय हाजिरीको प्रयोग गरेको पर्नेछ । कर्मचारीहरुको कामको विवरण जिम्मेवारी लिखित रुपमा तोकिएको हुनु पर्नेछ ।

(१३)फोहोरमैला व्यवस्थापनः

अस्पताल हाता सफा, स्वच्छ र दुर्गन्ध रहित हुनु पर्नेछ । अस्पतालको स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन ऐन २०६८ र फोहोरमैला व्यवस्थापन नियमावली २०७० तथा स्वास्थ्य संस्था संचालन सम्बन्धी मापदण्ड २०७७ अनुसार हुनु पर्नेछ ।

(१४) संक्रमण रोकथाम तथा नियन्त्रणः

स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८ बमोजिम संचालन गर्नु पर्नेछ ।

(१५) जन स्वास्थ्य सेवा सम्बन्धी व्यवस्थाः

स्वास्थ्य संस्था संचालन सम्बन्धी मापदण्ड (पहिलो संसोधन) २०७८ अनुसार संचालन गर्नु पर्नेछ ।

(१६) अक्सिजन औजार तथा उपकरण सम्बन्धी व्यवस्थाः

"स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८ अनुसार संचालन गर्नु पर्नेछ ।

(१७) मर्मत सम्भार

अस्पतालको भवन, सवारी साधन, मेसिनरी औजार, यन्त्र उपकरण, विद्युतीय उपकरणहरको नियमित मर्मत संभारगर्ने व्यवस्था हुनु पर्नेछ। मर्मतको बार्षिक योजना तयार गरी सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

(१८) तथ्याक व्यवस्थापन एकाई

अस्पतालमा सूचना विज्ञ सहित तथ्याङ्ग व्यवस्थापन एकाइको व्यवस्था हुनु पर्नेछ ।

(१९) निशुल्क औषधीहरुको नियमित आपूर्तिः

अस्पतालमा नेपाल सरकारले तोकेको निःशुल्क औषधीहरुको नियमित आपूर्ति हुनुपर्नेछ ।

(२०)शव बहान सेवा

अस्पतालले शव बहान सेवा संचालन गर्नेछ ।

परिच्छेद-५

अस्पतालको स्वास्थ्य सेवा सञ्चालन

१६. अस्पतालको स्वास्थ्य सेवा सञ्चालनः

(१) आधारभूत अस्पतालले प्रदान गर्ने सेवाहरुः

नेपाल सरकारको जन-स्वास्थ्यसेवा नियमावली २०७७ को अनुसूची- ७ बमोजिमका देहायका सेवाहरु गाउँपालिकाले थप गर्ने सेवाहरु प्रदान गर्नेछ।

(क) जन-स्वास्थ्य सेवा नियमावली २०७७ को अनुसूची १ बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु

- खोप सेवा
- एकीकृत नवशिशु तथा बालरोगको एकीकृत व्यवस्थापन
- पोषण सेवा
- गर्भवती परिक्षण सेवा, प्रसव तथा सुत्केरी सेवा
- परिवार नियोजन, सुरक्षित गर्भपतन, प्रजनन् स्वास्थ्य सेवा तथा महिलाको क्यान्सर (शीघ्र पहिचान, परामर्श तथा प्रेषण) सम्बन्धी सेवा
- सरुवा रोगको प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण सम्बन्धी सेवा
- नसर्ने रोग तथा शारीरिक विकलाङ्गताहरुको प्रारम्भिक निदान, लाक्षणिक उपचार परामर्श, आकस्मिक
- उपचार तथा प्रेषण सम्बन्धी सेव
- मानसिक रोगहरुको प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण सम्बन्धी सेवा
- ज्येष्ठ नागरिकको स्वास्थ्य समस्याहरुको प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण, स्वास्थ्य प्रवर्द्धन सम्बन्धी सेवा
- सामान्य आकस्मिक अवस्थाको सेवा
- स्वास्थ्य प्रवर्द्धन सेवाः जनचेतनामुलक सुचना तथा संचार
- आयुर्वेद तथा अन्य परम्परागत स्वास्थ्य सेवाहरु

(ख) बहिरङ्ग तथा अन्तरङ्ग चिकित्सकीय सेवा

- सामान्य चिकित्सा
- सामान्य शल्यक्रिया
- स्त्री तथा प्रसुती रोग सेवा
- शिशु तथा बाल स्वास्थ्य सेवा
- सामान्य दन्त सेवा
- प्राथमिक आँखा उपचार सेवा

(ग) आकास्मिक स्वास्थ्य सेवा

- आकास्मिक सेवा
- आधारभूत आकास्मिक शल्यक्रिया (BEONC) समेत
- आकास्मिक प्रयोगशाला तथा रक्त संचार सेवा
- निदानात्मक सेवा

(घ) प्रयोगशाला सेवा

(ङ) रेडियो इमेजिङ्ग सेवा

(च) फार्मेसी सेवा

(छ) मेडिको लिगल सेवा

(२) नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेका सेवाहरु

(३) बहिरङ्ग र अन्तरङ्ग चिकित्सकीय सेवा संचालन

नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८" बमोजिम अनुसारको हुनु पर्नेछ।

(४) आकास्मिक स्वास्थ्य सेवा अन्तर्गत

नेपाल सरकार जन स्वास्थ्य सेवा नियमावली २०७७ बमोजिमका देहायका अवस्था सम्बन्धी सामान्य आकास्मिक अवस्थाका स्वास्थ्य सेवाहरु उपलब्ध गराउनु पर्नेछ।

(क) चोटपटक तथा घाउ खटिरा सम्बन्धी आकास्मिक अवस्थाहरु :

(१) घाउ चोटको मलम पट्टी लगाउने र आवश्यकता अनुसार प्रेषण र परामर्श

(२) काटेको घाउमा टाँका लगाउने र आवश्यकता अनुसार प्रेषण र परामर्श

(३) पिलो तथा फोडाको उपचार र आवश्यकता अनुसार प्रेषण र परामर्श

(ख) आकास्मिक अवस्थाको प्राथमिक व्यवस्थापन (Common emergency conditions)

कुम्मायक गाउँपालिका, पाँचथर

(१) आघात (Shock) को व्यवस्थापन र आवश्यकता अनुसार प्रेषण

(२) मुर्छित अवस्थाको लेखाजोखाः प्रारम्भिक व्यवस्थापन, आवश्यकता अनुसार उपचार तथा प्रेषण

(३) कन्भल्सन (Convulsion) को व्यवस्थापन र आवश्यकता अनुसार प्रेषण

(४) दुर्घटनाबाट गम्भिर घाइते बिरामीलाई स्थिर बनाउने र आवश्यकता अनुसार बयवस्थापन र प्रेषण

(५) हाड भाँचिएको (Fracture), जोर्नी खुस्केको, सर्केको (Joint Subluxation, Dislocation) लाई स्थिर बनाउने, निदान, दुखाईको व्यवस्थापन र प्रेषण परामर्श।

(६) पोलाई (Burn & Scald) को प्रारम्भिक विदान, लाक्षणिक उपचार प्रेषण र परामर्श

(७) बिषादी सेवनः पेट सफा गर्ने (Gastric Lavage) लगायतका व्यवस्थापन, उपलब्ध प्रति विषादी (Antidotes) को प्रयोग तथा आवश्यकता अनुसार प्रेषण

(८) पानीमा डुबेको (Drowning): प्रारम्भिक न र आवश्यकता अनुसार प्रेषण

(ग) सर्पदंश/किराको टोकाइ जनाबरको टोकाइ प्राथमिक उपचार तथा प्रेषण

परिच्छेद ६

बहिरङ्ग, अन्तरङ्ग तथा आकास्मिक सेवा

१७. बहिरङ्ग विभाग

(१) आधारभूत अस्पतालको बहिरङ्ग सेवा सम्बन्धी मापदण्ड नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८ बमोजिमको देहाय अनुसारको हुनेछ।

(क) बिरामी नाम दर्ता कक्ष/स्थानको व्यवस्था हुनुपर्नेछ।

(ख) प्रत्येक विशेषज्ञ सेवाका लागी अलग अलग ओ.पी.डी. कक्षको व्यवस्था हुनुपर्नेछ।

(ग) बहिरङ्ग विभागको प्रत्येक कोठाको क्षेत्रफलकम्तीमा १४ (चौध) वर्ग मीटरको हुनुपर्ने र कन्सल्टेन्ट युनिट वा सेवा अनुसार ओ.पी.डी. संचालन गर्न सकिने छ।

(घ) बहिरङ्ग सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन र वार खुल्ने गरी) सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ।

(ङ) व्हिलचेयर, ट्रली, स्ट्रेचरको प्रयाप्त व्यवस्था भएको हुनुपर्नेछ।

(च) व्हिलचेयर, ट्रली, स्ट्रेचर राख्ने प्रयाप्त ठाउँ भएको हुनुपर्नेछ।

(छ) बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई राग र उपचार पद्धतिबारे स्पष्ट जानकारी (counseling)दिने व्यवस्था हुनुपर्नेछ।

(ज) ओ.पी.डी. कक्षमा प्रर्याप्त फर्निचर सहितको प्रतिक्षालय व्यवस्था हुनुपर्नेछ।

(झ) सूचना-पाठी, टि.भी स्क्रिन, पोष्टर आदिबाट स्वास्थ्य सम्बन्धी र अस्पतालबाट प्रदान गरिने सेवा सम्बन्धी जानकारी दिने व्यवस्था हुनुपर्नेछ।

(ञ) महिला र पुरुषको लागि अलग अलग र आवश्यकता अनुसार अपाङ्गतामैत्री र ज्येष्ठ नागरिक मैत्री समेत शौचालयको व्यवस्था हुनुपर्नेछ।

कुमाख गाउँपालिका, पाँचथर

१८. अन्तरङ्ग विभागः

(१)आधारभुत अस्पतालको अन्तरङ्ग सेवा सम्बन्धी मापदण्ड नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८ बमोजिमको देहाय अनुसारको हुनेछ।

(क)जनरल वार्डको हकमा महिला र पुरुषको लागि अलग-अलग वार्डको व्यवस्था हुनु पर्नेछ र यदि छुट्टै वार्डको व्यवस्था गर्न नसकिएको खण्डमा महिला बिरामीको गोपनियता र सुरक्षाको प्रत्याभूति गर्नु पर्नेछ।

(ख)अस्पतालमा वार्डको सुविधा हुनेगरी ड्रेसिङ रुम, काउन्सेलिङ रुम आदिको व्यवस्था भएको हुनु पर्नेछ।

(ग)अपाङ्गता भएका बिरामीहरुको वयत्तिःगत सरसफाई र लुगा फेर्ने प्रयोजनको लागी आवश्यक व्यवस्था हुनु पर्नेछ र साथै अस्पताल भवन बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गतामैत्री हुनु पर्नेछ।

(घ)एक क्युविकल (Cubical) मा ६(छ) शैया भन्दा बढी राख्न पाइने छैन।

(ङ)अस्पतालमा आवश्यकता अनुसार क्याबिन कोठाहरको व्यवस्था हुनु पर्नेछ। कुल शैयाको बढीमा ३० प्रतिशत मात्र क्याविन शैया राख्न पाइने छ।

(च)प्रत्येक वार्डमा नर्सिङ स्टेशन हुनु पर्नेछ।

(छ)नर्सिङ्ग स्टेशनबाट प्रत्येक बिरामीको प्रत्यक्ष निगरानी हुने व्यवस्था हुनु पर्नेछ र उक्त सुविधा नभएमा प्रत्येक बिरामीको शैयामा **"कल बेल"** राख्नु पर्नेछ।

(ज)अस्पतालको अन्तरङ्ग विभागमा आवश्यकता अनुसार चेन्जिङ्गरुम, शौचालय, बाथरुम, स्टोर तथा नर्स एवं डाक्टरको डयुटी रुमको व्यवस्था गरिएको हुनु पर्नेछ।

(झ)प्रसुति सेवाको लागि लेवर रुम र प्रसुति कक्षमा कम्तिमा एउटा कार्डियो-टोकोग्राफी मेशिनका जडान भएको हुनु पर्नेछ।

(ञ)डाक्टरको डयुटी रुम, प्यान्ट्री, आइसोलेशन रुम, ट्रिटमेन्ट रुम, शैचालय आदिको व्यवस्था हुनु पर्नेछ।

(ट)शैयाहरु बीच कम्तिमा ५ फिट तथा भित्ताबाट कम्तिमा २ फिटको दूरी हुनु पर्नेछ।

(ठ)अस्पतालमा बच्चा, सुत्केरी, अब्जरभेषन तथा सरुवा रोगका लागि छुट्टाछुट्टै वार्डको व्यवस्था हुनु पर्नेछ।

(ड)जनरल शैयाको हकमा ४ देखि ६ शैयाको अनुपातमा १ सटाफ नर्सको व्यवस्था भएको हुनु पर्नेछ।

(ढ)लेबर रुमको छुट्टै व्यवस्था भएको हुनु पर्नेछ।

(ण)लेबर रुम र एक्टिभ लेवर वार्डको लागी छुट्टैशौचालयको व्यवस्था भएको हुनु पर्नेछ।

(त)प्रसुति हुनु अगावैका बिरामी भर्ना गर्नका लागि pre-labour ward को व्यवस्था हुनु पर्नेछ।

(थ)लेबर रुम र लेबर टेबलको हकमा बिरामीको चाप अनुसार तय अनुसार तय गर्नु पर्नेछ।

(द)प्रति लेबर टेबल २ जना मिड वाईफ वा SBA तालिम प्राप्त नर्स हुनु पर्नेछ र एक्टिभ लेबर वार्डको हकमा प्रति २ शैया १ जन मिडवाइफ वा SBA तालिम प्राप्त नर्सको व्यवस्था हुनु पर्नेछ।

(ध)Active Labour Ward र लेबर रूम जोडिएको हुनु पर्नेछ।

१९. आकास्मिक विभागः

(१) आधारभूत अस्पतालको आकास्मिक सेवा सम्बन्धी मापदण्ड नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८ वमोजिमको देहाय अनुसारको हुनेछ।

(क) अस्पतालमा कुल शैया क्षमताको कम्मिा १०(दश) प्रतिशतका दरले आकास्मिक कक्षमा शैयाहरु उपलब्ध हुनु पर्नेछ।

(ख) आकास्मिक कक्ष संचलन गर्दा अल्ट्रासाउण्ड, एक्स-रे, इमेजिङ्ग सेवा, प्रयोगशाला, ओपिडी, ओ.टी. तथा अन्य वार्डहरुमा विरामी समेत व्हिलचेयर, ट्रली, स्ट्रेचर सजिलै लैजान ल्याउन सकिने गरी संचालनमाल्याएको हुनु पर्नेछ।

(ग) आकास्मिक कक्षमा प्रतिक्षालय, शौचालय, ट्रायजक्षेत्र, चेन्जिङ्ग रुम, मेडिको लिगल (Medico-Legal) का लागि गोपनियता सुनिश्चित हुने कोठाको व्यवस्था समेत भएको हुनु पर्नेछ।

(घ) (२४सै) चौबीसै घण्टा आकस्मिक सेवा दिने व्यवस्था मिलाएको हुनु पर्नेछ।

(ङ) १५ (पन्ध्र) शैयासम्मको अस्पतालमा आकास्मिक सेवाका लागि दक्ष स्वास्थ्यकर्मी चौबीसै घण्टा र चिकित्सक अन-कलमा(On Call) उपलब्ध हुने व्यवस्था हुनु पर्नेछ।

(च) आकस्मिक सेवामा काम गर्ने जनशक्ति कम्तीमा Basic Life Support/Primary Trauma Care/Advance Cardiac Life Support/Advance Trauma Life Support/Primary Emergency Care आदि सम्बन्धी तालिम लिएको हुनु पर्नेछ।

(छ) आकास्मिक सेवाका लागि चाहिने आवश्यक औषधीहरु चौबीसै घण्टा उपलब्ध हुने व्यवस्था हुनु पर्नेछ।

(ज) आपतकालीन सेवा दिनका लागि प्रयोग हुने सवारी साधनहरु अस्पतालको आपतकालीन कक्षमा सहजरुपमा आउन जान सक्ने व्यवस्था भएको हुनु पर्नेछ।

(झ) आकस्मिक विभागबाट बिरामी भर्ना गर्न, रिफर गर्ने विरामीको सेफरल प्रकृया तथा विरामी सार्ने पद्धति स्पष्ट रुपमा परिभाषित रहेको हुनु पर्नेछ।

(ञ) प्रकोपजन्य रोगहरु, प्राकृतिक प्रकोप जस्ता पक्षहरुलाई विचार गरी आकस्मिक उपचार सेवाका लागि संस्थाले विपद् व्यवस्थापनको योजना बनाएको र अध्यावधिक गरेको हुनु पर्नेछ।

(ट) आकस्मिक कक्षमा संचार सुविधा एव शुद्ध खानेपानीको व्यवस्था हुनु पर्नेछ।

(ठ) आकस्मिक कक्षमा सार्वजनिक टेलिफोन सेवाको व्यवस्था हुनु पर्नेछ।

परिच्छेद-७

जनशक्ति व्यवस्थापन

२०. जनशक्ति व्यवस्थापनः

(१)अस्पतालमा नेपाल सरकार, प्रदेश सरकार र कुम्मायक गाउँपालिकाले दरबन्दी निर्धारण गरे अनुसार देहायका कार्मचारीहरुको व्यवस्था हुनेछ।

(क)स्थायी- नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्य जनशक्ति र लोक सेवा आयोगबाट पदपुर्तीहुने कर्मचारीहरु

(ख)करार- कुम्मायक गाउँपालिकाले तर्जुमा गरेको दरवन्दी अनुसार करार सेवामा नियुक्ती भएका कर्मचारीहरु

(ग)अभ्यास कर्ता- अनिवार्य सेवा गर्नुपर्ने गरी कुम्मायक गाउँपालिका बाट छात्र वृद्धि प्राप्त गरी अध्यनरत विद्यार्थीहरु

(घ)स्वच्छिक सेवा उपल्बध गराउने व्यक्तिहरु

(ङ)Internship- विभिन्न शैक्षिक संस्थाहरुबाट Internship गर्न आएका विद्यार्थीहरु

(२) कुम्मायक आधारभूत अस्पतालको दरबन्दी विवरण

क्रं.स.	पद	श्रेणी तह	सेवा	समूह	प्रस्तावित दरवन्दी	कैफियत
१	ब.क/क.मेडिकल जनरलिष्ट (मे.सु)	९/१०	स्वास्थ्य	ज.हे.स.	१	
२	मेडिकल अधिकृत	८	स्वास्थ्य	ज.हे.स.	२	
३	स्टाफ नर्स	५/६/७	स्वास्थ्य	जनरल नर्सिङ	६	
४	हेल्थ असिष्टेन्ट	५/६/७	स्वास्थ्य	हे.ई.	४	
५	कविराज (आयर्वेद सहायक)	५/६/७	स्वास्थ्य	आयर्वेद	१	
६	ल्याब टेक्निसियन	५/६/७	स्वास्थ्य	मे.ल्या.टे.	१	
७	रेडियो ग्राफर	५/६/७	स्वास्थ्य	रेडियोग्राफी	१	
८	फार्मेसी सहायक	५/६/७	स्वास्थ्य	फार्मेसी	१	
९	डेण्टल हाइजिनिष्ट	४/५/६	स्वास्थ्य	डेण्टष्ट्री	१	
१०	एनेस्थेटिक सहायक	५/६/७	स्वास्थ्य	विविध	१	
११	अप्थालिमक सहायक	५/६/७	स्वास्थ्य	विविध	१	
१२	सहायक (नायब सुब्बा)	सहायक पाचौं	प्रशासन	सा.प्र.	१	
१३	कार्यलय सहयोगी	सहायक प्रथम	विविध	विविध	३	सेवा करार
१४	सरसफाईकमी	सहायक प्रथम	विविध	विविध	३	सेवा करार
१५	सुरक्षाकर्मी	सहायक प्रथम	विविध	विविध	३	सेवा करार
		जम्मा			**३०**	
		जम्मा			**२१ जना**	दरबन्दी
					९जना	**सेवा करार**

(३) सेवा करारमा कर्मचारी नियुक्ती गरिनेछ । यसरी नियुक्ति गर्दा खुल्ला प्रतिष्प्रधात्मक पद्दति अनुसार प्रचलित कानून बमोजिम कुम्मायक गाउँपालिकाको करार सेवा कार्यविधि बमोजिम हुनेछ ।

(४) स्थायी दरबन्दीमा पदपुर्तीको लागी लोक सेवा आयोग सँग माग गरिने छ । लोक सेवा आयोगबाट सिफरिस भई नआएसम्मका लागी स्थायी पदहरुको पदपुर्ती दफा (१९) को (३) बमोजिम गरिनेछ । स्थायी दरबन्दीमा लोक सेवा बाट सिफारिस भई आए पश्चात करार सेवामा कार्यरत कर्मचारीको सेवा समाप्त भएको मानिनेछ । करार सेवामा कार्यरत रहेको बखत सन्तुष्टीजनक सेवा नभएमा सेवाबाट तुरुन्त हटाइनेछ ।

(५)कर्मचारी तथा स्वास्थ्य कर्मीहरुको सम्पुर्ण सेवा, सुविधा, अतिरिक्त समय, रात्रिकालिन सेवा तथा सट्टा विदा प्रचलित कानून बमोजिम र गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

(६) नियमित बाहेक आकश्मीक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीहरुलाई थप सेवा सुविधाको व्यवस्था गरिने छ ।

(७) चिकित्सक, स्टाफ नर्स लगायत अन्य स्वास्थ्य सेवाका कर्मचारीहरुको सेवा सुविधाको विषयमा अस्पताल संचालन तथा व्यवस्थापन समितिको निर्णय र सिफारिस बमोजिम कुम्मायक गाउँपालिका, गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(८) आधारभूत अस्पतालमा स्वास्थ्य सेवा तथा प्रशासन सेवामा कार्यरत स्थायी दरबन्दीका कर्मचारीहरुलाई सेवा तथा पद मिल्दो कुम्मायक गाउँपालिकाका अन्य स्वास्थ्य संस्थाहरु र कुम्मायक गाउँ पालिकामा सेवा गर्ने गरी हरेक आ.व.को भाद्र महिना सम्ममा स्थान्तरण गरिनेछ ।

(९)उप दफा (८) मा जे भनिएतापनि यो ऐन प्रारम्भ हुँदाका बखद अस्पतालमा कार्यरत स्वास्थ्य सेवाका स्थायी तथा करारका कर्मचारीहरुलाई पहिलो पटकलाई राजपत्रमा यो ऐन प्रकाशन भएको एक महिना भित्र सेवा तथा पद मिल्दो कुम्मायक गाउँपालिकाका अन्य स्वास्थ्य संस्थाहरु र कुम्मायक गाउँ पालिकामा सेवा गर्ने गरी स्थान्तरण गरिनेछ।

(१०) नेपाल सरकार जन स्वास्थ्य सेवा ऐन २०७५ को दफा (३२) को अधिनमा रही आधारभुत अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी वा अन्य कर्मचारी गाउँपालिकाले तोकेको समयमा अन्यत्र सेवा गर्न पाउने छैन।

(११) नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाको प्रच्चलित कानून बमोजिम अस्पतालको स्तरोन्नती गरी सेवा विस्तार गर्न सकिनेछ।

(१२)नेपाल सरकार जन स्वास्थ्य सेवा ऐन २०७५ को दफा ३१ का अधिकार प्रयोग गरी उपलब्ध स्रोत साधन तथा जनशक्तिको आधारमा आवश्यकता अनुसार विस्तारित अस्पताल सेवा संचालन गर्न सक्नेछ।

(१३)कार्यलय प्रमुखका रुपमा अस्पताल प्रमुखले कार्य गर्नेछ।

(१४)अस्पताल प्रमुख तथा अन्य कर्मचारीहरुले प्रमुख प्रशासकीय अधिकृत सँग कार्यसम्पादन सम्झौता गर्नुपर्नेछ।

(१५)अस्पताल जनशक्तिको क्षमता अभिवृद्धिको लागी गाउँपालिकाले तालिम, गोष्टी तथा प्रशिक्षण कार्यक्रम संचालन गर्नुपर्ने छ।

(१६) अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी, नर्स तथा अन्य कर्मचारीहरुको तलब भत्ता लगायतका सुबिधा नेपाल सरकार, कोशी प्रदेश सरकार तथा गाउँपालिकाले तोके बमोजिम हुनेछ।

(१७) कर्तव्य एवं उत्तरदायित्वः स्वास्थ्य क्षेत्र अति संवेदनसिल क्षेत्र भएकोले अस्पतालमा कार्यरत सबै तह र तप्काका कर्मचारीहरु गाउँपालिका प्रति उत्तरदायि हुनुपर्नेछ।

(१८)उपदफा (८) र (९) अनुसार आधारभूत अस्पतालममा कार्यरत कर्मचारीहरुलाई स्थान्तरण गरे पश्चात कुम्मायक गाउँपालिका कार्यलय र स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुलाई आवश्यक्ता अनुसार आधारभूत अस्पतालमा स्थान्तरण गरी काम काज गर्न लगाइनेछ।

२१.अस्पताल प्रमुखको काम, कर्तव्य र अधिकार

(१)गाउँपालिका तथा अस्पताल संचालन तथा व्यवस्थापन समितिको अधिनमा रही नेपाल सरकार बाट जारि गरिएको आधारभूत स्वास्थ्य सेवा तथा आवश्यक्ता अनुसार विशेषज्ञ सेवा प्रवाह गर्न न्युनतम सेवा मापदण्ड लाई कार्यन्वयन गर्ने र अस्पतालको दैनिक सेवा संचालन गर्ने।

(२)अस्पताल संचालनका लागी गाउँपालिका, सरकारी तथा गैर सरकारी संघ संस्थाहुरुसँग समन्वय गर्ने।

(३)अस्पताल संचालनका लागी वार्षिक बजेट तथा कार्यक्रम स्वास्थ्य शाखा सँग समन्वय गरी कार्यपालिकामा पेश गर्ने।

(४)अस्पतालबाट प्रधान गरिने सेवामा गुणस्तर कायम राख्ने।

(५)अस्पताल प्रशासन चुस्तदुरुस्त राख्ने ।

(६)अस्पताल कर्मचारीहरुको दैनिक रेखदेख, नियन्त्रण तथा व्यवस्थापन गर्ने।

(७)तोके बमोजिमका अन्य कार्यहरु गर्ने।

परिच्छेद-८

फार्मेसी सेवा, प्रयोगशाला सेवा तथा रेडियो इमेजिङ्ग सेवा

२२. फार्मेसी सेवा

(१)निशुल्क औषधि वितरण तथा अस्पतालमा आवश्यक औषधि बिक्रि वितरण गर्न असपतालले आफ्नै फार्मेसि वा सेवा परामर्श खरिद गरी संचालन गर्न सक्नेछ।

(२) दफा १६ को १ (च) को फार्मेसी सेवा नेपाल सरकारको "स्वास्थ्य संस्था संचालनमापदण्ड (पहिलो संसोधन) २०७८ बमोजिमको देहाय अनुसारको हुनेछ।

(क) फार्मेसी इकाई सबै बहिरङ्ग विभाग तथा आकास्मिक विभागको सहज पहुँचमा हुनु पर्छ।

(ख) प्रति २०० जना बहिरङ्ग सेवाका सेवाग्राहीको लागि एउटा डिस्पेन्सिङ्ग काउन्टर हुनु पर्नेछ।

(ग) औषधी भण्डारणको लागि छुट्टै भण्डार कोठाको व्यवस्था हुनु पर्नेछ।

(घ) अन्तरङ्ग सेवाका विरामीहरुका लागि छुट्टै डिस्पेन्सिङ युनिटको व्यवस्था हुनु पर्नेछ।

(ङ) फर्मेसी सेवा चौबीसै घण्टा खुला हुनु पर्नेछ।

(च) फार्मेसी सेवा व्यबस्थापनका लागि औषधि तथा उपचारसम्बन्धी समिति(Drug and Therapeutics Committee)को गठन भएको हुनु पर्नेछ।

(छ) गुणस्तरीय फार्मेसी अभ्यास अनुकुल हुनेगरी औषधी खरिद, भण्डारण, अत्यावश्क औषधी तया सामग्रीहरुको अभाव हुन नदिन, औषधीको प्राप्ती, निरीक्षण, हस्तान्तरण, औषधीको गुणस्तर हेर्ने, इनभेन्टरी व्यवस्थापन, लागु तथा मनोद्वीपक औषधीहरुको भण्डारण, औषधीको गुज्रने म्याद, फोहोर व्यवस्थापन, किरा तथा मुसाहरुको नियन्त्रण गर्न स्तरीय सञ्चालन विधि (Standard Operating Mannual) अपनाएको हुनु पर्नेछ।

(ज) अस्पतालको फार्मेसी सेवा व्यवस्थापन नेपाल सरकारको अस्पताल फार्मेसी सेवा निर्देशिका २०७२ लाई आधारमानी यस गाउँपालिकावाट स्वीकृत "आधारभूत अस्पतालको फार्मेसी सेवा निर्देशिका" बमोजिम हुनेछ।

२३. प्रयोगशाला सेवा:

(१) दफा १६ को १ (घ) प्रयोगशाला सेवा नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८" बमोजिम प्रयोगशाला देहायको मापदण्ड अनुसार संचालन गर्नु पर्नेछ।

(क)प्रयोगशाला क्षेत्र सम्बन्धी व्यवस्था

(१) क्षेत्रफल २५० वर्ग फिट

(२) प्रयोगशालाको नक्शाइन (Lay Out) नमूना सङ्कलन गर्ने देखि लिएर विसर्जन सम्म हुने गरी
लजिकल फ्लो (Logical Flow) मिलाएको हुनु पर्नेछ।

(३) नमुना संकलन, नमुना प्रासेसिङ, नमुना परीक्षण, रिपोर्टिङ आदिको लागि छुट्टा छुट्टै क्षेत्र हुनु पर्नेछ।

(४)तोकिएको कुल क्षेत्रफलको न्यूत्तम ७०% भाग प्रयोगशालासँग सम्बन्धित प्राविधिक परीक्षण कार्यको नागि छुट्याइएको हुनु पर्नेछ। बाँकी ३०% भागमा प्रयोगशालासँग सम्बन्धित अन्य कार्यहरु जस्तैः नमूना संकलन, प्रतिक्षालय, मिटिङ्ग हल, कार्यालय क्षेत्र, भण्डार, शौचालय आदिको लागि व्यवस्था गर्न सकिनेछ।

(ख) प्रयोगशाला कर्मचारीः

(१) दफा १९ (२)को (६) मा उल्लेख भए बमोजिमको कर्मचारी हुनु पर्नेछ।

(२)चौवीस घण्टा आकस्मिक प्रयोगशाला सेवा संचालन गर्न न्यूनतम १ (एक) जना थप कर्मचारी व्यवस्थापन गर्नु पर्नेछ।

(३)प्रयोगशाला कर्मचारीलाई कार्य बमोजिमको आवश्यक तालिमको व्यवस्था गरेको हुनु पर्नेछ।

(४) न्यूनतम मानव संशाधनको संख्या गणना गर्दा प्रयोगशालाको कार्य बोझको आधारमा फुल टाइम र नियमित पार्ट टाइम कर्मचारी हुनु पर्नेछ। नियमित पार्ट टाइम कर्मचारी भन्नाले दैनिक रुपमा न्यूनतम तीन घण्टा उपलब्ध हुने कर्मचारीलाई मात्र मानिने छ। न्यूनतम जनशक्ति प्रयोग गर्दा (२ जना पार्ट टाइम कर्मचारी बरावर १ जना फुल टाइम) कर्मचारी मानिने छ।

(ग) प्रयोगशाला औजार उपकरण सम्बन्धी व्यवस्था

(१) All Basic Equipment, cosumables, reagents/kitsincluding (but not limited to):

- Binocular Microscope
- Centrifuge
- Colorimeter
- Water Bath
-VDRL Shaker
- Hot Air Oven
-Micropippettes
-DLC counter
-power backup
-Autoclave
-Incubator
-Semi-automated Biochemistry analyzer

(२) उपकरणहरुको सम्भार तालिका बनाइ नियमित रुपमा सम्भार गर्नु पर्नेछ।

(३) अत्यावश्यक परीक्षणहरुका लागि सोही क्षमताको व्याकअप उपकरणको व्यवस्था हुनु पर्नेछ।

(घ) परीक्षण सेवा:

(१) प्रयोगशालामा देहाय बमोजिमको परीक्षण उपलब्ध हुनेछ:

-**Hematology:** TC, DC, hemoglobin, ESR, blood grouping for non transfusion purpose, BT, CT, RBC Count, PT, APTT, Platelet count, Hematocrit, Red cell indices

-**Biochemistry:** Sugar, Yrea, Billirubin T&D, S. Uricacid, Total protein, serum albumin, SGOT, SGPT, ALP, lipid profile, creatinine, sodium, potassium,

-**Microbiology:** sputum AFB stain(z-n stain), Gram stain and KoH mount for fungi

-**Serological test:** RPR, Widal test, ASO Titre, RA Factor, CRP, Test by RDTs :All

- **Miscellaneous:** Stool for accult blood, Urine ketone body, urobillinogen, bile salt, bile pigmen, Bence J ones protein.

(ङ)आकस्मिक प्रयोगशाला परीक्षण सेवा सम्बन्धी व्यवस्था

(१) नेपाल सरकारको 'स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८ बमोजिम प्रयोगशालामा आकस्मिक परीक्षण सेवा देहाय अनुसार हुनु पर्नेछ।

(क) अस्पतालमा आधारित प्रयोगशालामा आकस्मिक सेवा उपलब्ध हुनु पर्नेछ।

(ख) आकस्मिक परीक्षणको नतिजा नमूना प्राप्त गरेको अधिकतम २ (दुई) घण्टाभित्र दिनु पर्नेछ।

(ग) छुट्टै आकस्मिक प्रयोगशाला नभएका अस्पतालले आकस्मिक परीक्षण रुटिन प्रयोगशालाबाटै हुने व्यवस्था गर्न सक्नेछन्। तर आकस्मिक परीक्षणको नतिजा तोकिएकै समयमै प्रदान गर्न स्पष्ट कार्यविधि तय गरेको हुनु पर्नेछ। आकस्मिक परीक्षण अनुसूची-१ बमोजिम हुनेछ।

(च) बायोसेफ्टी सेक्युरिटी सम्बन्धी

(१) प्रयोगशालाको बायोसेफ्टी सेक्युरिटी सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनु पर्नेछ।

(क) स्वास्थ्य प्रयोगशाला न्यूनतम Biosafety Security Level (BSL)-2 level को हुनु पर्नेछ।

(ख) बायोसेफ्टी सेक्युरिटीको कार्य सम्बन्धी जिम्मेबार जनशक्ति तोकिएको हुनु पर्नेछ।

(छ) प्रयोगशालाको गुणस्तर सम्बन्धी व्यवस्था

(१) प्रयोगशालाको गुणस्तर सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनु पर्नेछ।

(क) प्रयोगशालाले राष्ट्रियस्तरमा सञ्चालन गरेको बाह्य गुणस्तर सुनिश्चितता कार्यक्रम (National Externan Quality Assuarance Scheme) मा सहभागिता जनाउनु पर्नेछ।

(ख) आन्तरिक गुणस्तर नियन्त्रण (Internal Quality Cotrol) को व्यवस्था दुरुस्त हुनु पर्नेछ।

(ग) प्रयोगशालामा प्रयोगहुने औजार, उपकरण, औषधी तथा सेवा गुणस्तरिय हुनुपर्नेछ।

(ज) परीक्षण रिफरल सम्बन्धी व्यवस्था :

(१) प्रयोगशालाले परीक्षण रिफरल गर्ने सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनु पर्नेछ।

(क)प्रयोगशालाले आफुसँग उपलब्ध नभएका परीक्षणहरु प्रेषण गर्न सक्नेछ। प्रापक प्रयोगशाला न्यूनतम "बी" वर्गको र प्रेषक प्रयोगशाला न्यूनतम "डी" वर्गको हुनु पर्नेछ।

(ख) प्रापक र प्रेषक प्रयोगशालाबीच करार सम्झौता (MOU) भएको हुनु पर्नेछ।

(ग) प्रेषण गरिने परीक्षणहरुको सूची निर्धारित भएको हुनु पर्नेछ।

(घ) सेवाग्राहीलाई उसको परीक्षण प्रेषण गरिएको जानकारी दिनुपर्छ। साथै, सेवाग्राही आफै प्रयोगशालामा गई परीक्षण गराउँन सक्नेछ।

(ङ) प्रेषण गरिएका परीक्षणहरुको रिर्पोट रिफरल प्रयोगशालाकै रिपोर्ट फाराममा उपलब्ध गराउनु पर्नेछ।

(च) प्रेषण गर्ने नमूनाको ढुवानी विधि तथा नतिजा सूचना प्रवाह गर्ने विधि स्पष्ट हुनु पर्नेछ।

(छ) नेपालको प्रयोगशालामा नहुने परीक्षण मात्रै देश बाहिर प्रेषण गर्न सकिनेछ। तर, देश भित्र उपलब्ध रहेका परीक्षणहरु कुनै सेवाग्राहीको इच्छा भएमा देश बाहिरको प्रयोगशालामा पठाउन सकिनेछ।

(ज) देश बाहिर परीक्षण पठाउँदा अनुसूची २ बमोजिमको ढांचामा सेवाग्राहीको अनिवार्य लिखित सहमति हुनुपर्नेछ।

(झ) विदेशी रिफरल प्रयोगशाला सूचीकरण सम्बन्धमा

(१) देश बाहिरका रिफरल प्रयोगशाला मन्त्रालय वा तोकिएको निकायमा सूचीकृत हुनु पर्नेछ।

(२) बिदेशी रेफरल प्रयोगशाला ISO प्रमाणिकरण भएको हुनु पर्नेछ।

(३) प्रेषण गरिएका परीक्षणहरुको सूचीको अभिलेख त्रैमासिक रुपमा राष्ट्रिय जन स्वास्थ्य प्रयोगशालामा बुझाउनु पर्नेछ।

(झ)अभिलेख सम्बन्धी व्यवस्था

(१) अस्पताल प्रयोगशालामा देहाय बमोजिमका अभिलेखहरु राख्नु पर्नेछ।

(क) प्रयोगशालाका मुख्य परीक्षणहरुको SOP

(ख) Equipment user manual

(ग) Equipment maintenance record

(घ) IQC रेकड EQA रेकर्ड

(ङ) कर्मचारीहरुको व्यक्तिगत विवरण/ अनुभव / तालिम / शैक्षिक योयग्ता आदिको रेकर्ड

(च) प्रेषण गरिएका परीक्षणको अभिलेख

(छ)प्रेषक र प्रापक प्रयोगशाला बीचमा भएको करार सम्झौता(MOU)

(ञ)अस्पताल प्रयोगशाला सम्बन्धी विविध व्यवस्था

प्रयोगशाला सम्बन्धी विविध व्यवस्था देहाय बमोजिम हुनु पर्नेछ।

(१) इजाजत प्राप्त गरेपछि हरेक आर्थिक बर्ष समाप्त भएको मितिले एक महिना भित्र इजाजत पत्र प्रदान गरेको निकाय समक्ष मन्त्रालयले तोके बमोजिमको विवरण सहितको स्वमूल्याङ्कन प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) नेपाल सरकारद्वारा मान्यता प्राप्त रिफरेन्स र राष्ट्रिय प्रयोगशाला बाहेक अन्य कुनैपनि प्रयोगशालाले आफ्नो नाममा "रिफरेन्स र राष्ट्रिय" शब्दको प्रयोग गर्न पाइने छैन।

(३) स्थापना भएको एक वर्षसम्म हरेक महिना गरेका परीक्षणहरुको बिवरण अनुमति दिने निकाय तथा गाउँपालिकामा बुझाउनुपर्नेछ।

२४. रेडियो इमेजिङ्ग सेवा सम्बन्धी व्यवस्था

दफा १६ (१) को (ङ) बमोजिम रेडियो ईमेजिङ्ग सेवा नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८ बमोजिम गुणस्तर एवं मापदण्ड देहाय अनुसार हुनु पर्नेछ।

(क) साधारण एक्स-रे सेवा सम्बन्धी व्यवस्था :

(१) एउटा एक्स-रे मेशिन जडान गर्नका लागि कम्तिमा ४५० से.मि× ४०० से.मि. × २५० से.मि. को कोठा उपलब्ध हुनु पर्नेछ।

(२) नियन्त्रण गर्ने कोठा एक्स-रे कोठा भन्दा अलग हुनु पर्छ र कम्तिमा १५५से.मि. ×१२० से.मि. को हुनु पर्नेछ।

(३) प्रोसेसिंङ कोठा एक्स-रे कोठा भन्दा अलग हुनु पर्नेछ।

(४) प्रतिक्षा गर्ने र रिपोर्ट दिने कोठा अलग अलग हुनु पर्नेछ।

(५) देहाय बमोजिमका कोठाको व्यवस्था गरी विकिरण चुहावट नियन्त्रण गर्नु पर्नेछ

(क) ढोका र हेर्ने भयाल (भ्यूईड भ्याल) मा २ मि.मि. बाक्लो सिसा लिड) हुनुपर्नेछ।

(ख) ०.२ मि.मि. बाक्लो सिसा (लिड) र १५ से.मि ईटाको भित्ता वा २५ बा २५ से.मि. ईटाको भित्ता वा कंक्रिटको भित्ता हुनुपर्नेछ।

(ग) सम्भव भए सम्म भ्याल नभएको कोठा, कोठाको भेन्टिलेशन जमिन देखि १८० से.मि. माथि रहेको र आफै बन्द हुने स्वचालित ढोका भएको हुनुपर्नेछ।

(घ) मोबाइल एक्स-रे उपकरण संचालन गर्दा तारको लम्बाई कम्तिमा २०० से.मि भएको हुनुपर्नेछ।

(६) पोर्टेबल एक्स-रे उपकरणहरु सधै एक खण्ड (स्ट्याण्ड) मा राखिएको हुनु पर्नेछ।

(७) कम्तिमा एउटा २ मि.मि वाक्लो लिड एप्रोन वा बराबरको विकीरणबाट सुरक्षा दिने सामग्री हुनु पर्नेछ।

(८) कम्तिमा ०.२ मि.मि बाक्लो चश्मा, लिडको पन्जा, थाईराइड शिल्ड र गोनाड शिल्ड उपलब्ध हुनु पर्नेछ।

(९) विकिरण क्षेत्रमा काम गर्ने प्राविधिक कर्मचारीलाई बिकिरण निगरानी उपकरण (पर्सनल रेडिएशन डोज मनिटर) प्रदान गर्नु पर्नेछ र उक्त उपकरणको नियमित परीक्षण तीन/तीन महिनामा गर्नु पर्नेछ।

(१०) विकिरण क्षेत्रमा काम गर्न कर्मचारीहरुको लागि विकिरणको डोजको सिमा इन्टरनेशनल कमिशन अन रेडियोलोजिकल प्रोटेक्सनले तोकेको मापदण्ड अनुसार २० मि. लि. सिवर्ट प्रति वर्ष वा पाँच वर्षको औसत १०० मि. लि. सिवर्टको सीमाभित्र हुनु पर्नेछ। त्यो सीमा भन्दा बढी भएमा सम्बन्धित संस्थाले उक्त कर्मचारीलाई बिकिरण मुक्त क्षेत्रमा काम गर्ने व्यवस्था गर्नु पर्नेछ।

(११) आवधिक रुपमा मेडिकल फिजिसिष्ट वा बिकिरण संरक्षण अधिकृतबाट एक्स-रे कोठाको वरीपरी सर्वेक्षण गराउनु पर्नेछ।

(१२) एक्स-रे को राम्रो इमेज प्राप्त गर्न मानक एक्सपोजर मापदण्डहरुको चार्ट (Standard Exposure Parameter Chart) प्रयोग गर्नु पर्नेछ।

(१३) बैकल्पिक विद्युत आपुर्तिको लागि Back up को व्यवस्था हुनु पर्नेछ।

(ख) अल्ट्रासोनोग्राम सेवा सम्बन्धी व्यवस्था :

(१) इमर्जेन्सी सेवामा चाहिने औषधि लगायत औजार उपकरणहरुको राम्रो व्यवस्था हुनु पर्नेछ।

(२) स्ट्रेचर/ह्विलचेयरको व्यवस्था हुनु पर्नेछ।

(३) शैचालय तथा चेन्जिङ्ग रुमको राम्रो व्यवसथा हुनु पर्नेछ।

(४) अन्य व्यवस्था साधारण एक्स-रेमा जस्तै हुनु पर्नेछ।

(ग) रेडियोलोजी सेवाको लागि आवश्यक पर्ने उपकरणहरु

रेडियोडाइग्नोसिस तथा इमेजिङ्ग सम्बन्धी उपकरणहरु मन्त्रालयको स्वीकृति विना नेपालभित्र ल्याउन र सञ्चालन गर्न पाइने छैन। आधारभूत अस्पतालको रेडियोलोजी सेवाका उपकरणहरु देहाय बमोजिम हुनु पर्नेछ।

(१) 500 MA X-Ray with Image Intensifier - १ थान

(२) Ultrasound Machine with Color Doppler -१ थान/ १५ वेड

(घ) सेवा सञ्चालन गर्नका लागि अतिरिक्त व्यवस्था:

(१) आइपर्न सक्ने गम्भिर प्रकृतिका असरहरुलाई तत्काल उपचारको लागि इमर्जेन्सीमा चाहिने औषधि लगायत औजार उपकरण र आवश्यक चिकित्सक लगायत अन्य स्वास्थ्यकर्मीहरुको उपलब्धता हुनु पर्नेछ।

(२) स्ट्रेचर/ह्विलचेयरको व्यवस्था हुनु पर्नेछ।

(३) विकिरण क्षेत्रमा काम गर्ने कर्मचारीका लागि नेपाल सरकारले तोके बमोजिम हुने गरी जोखिम भत्ताको व्यवस्था हुनु पर्नेछ।

(४) इमर्जेन्सी प्रयोजनका लागि आधारभूत उपकरण तथा औषधीहरु देहाय बमोजिम हुनु पर्नेछ :-

<u>औषधि</u>

-IV Fluid/IV Canula

-Atropine/Adrenaline

- Hydrocortisone

<u>औजार/ उपकरण</u>

-Ambu Bag, Suction Machine

-Intubation/Tray air base

-Laryngoscope, ET tube O_2Cylinder

परिच्छेद-९

सेवा सम्बन्धी व्यवस्था

२५.सेवा सम्बन्धी व्यवस्था

(१)अस्पतालको सेवा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क)आधारभूत अस्पतालले सेवा व्यवस्थापन कार्य सकेसम्म सेवा इकाईको व्यवस्था मार्फत गर्नेछ।

(ख)अस्पतालमा आउने विरामी एवं सेवाग्राहीहरुलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ तथा सहायता कक्षको व्यवस्था OPD Counter अगाडी नै गर्नुपर्ने हुन्छ ।

(ग) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको १०% (दश प्रतिशत)शैया छुट्टयाई निःशुल्क उपचार गर्नेछ ।

(घ)सेवा सम्बन्धी सेवाहरु २४ (चौबीस) घण्टा उपलब्ध गराउनेछ ।

(ङ)नागरिक बडा-पत्र **अनुसूची-३** बमोजिमको ढाँचामा राख्नुपर्ने छ ।

(च) बिरामीलाई अन्यत्र प्रेषण गर्दा उपचार मापदण्डका आधारमा पहिचान गरी सो को अभिलेख राख्नु पर्नेछ ।

(छ) अभिलेख तथा प्रतिवेदनः निःशुल्क तथा आंशिक शुल्क छुट सेवा लिने विरामीहरुको व्यवस्थित रुपमा अभिलेख राख्ने र सो को मासिक, चौमासिक, वार्षिकप्रतिवेदन तयार गरी सम्बन्धित निकाय र गाउँपालिकामा पठाउनु पर्नेछ ।

(ज)सेवा अन्तर्गत आंशिक छुट तथा निःशुल्क सेवा लिएका व्यक्तिहरुको विवरण मासिक रुपले देखिने गरी टाँस्नु पर्नेछ ।

(झ)अस्पतालले बहिरंग सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरुको उपलब्ध हुने समय तालिका (दिन, बार र समय) खुल्ने गरि सबैले देख्ने ठाँउमा राख्नुपर्नेछ ।

२६. स्वास्थ्य बीमा सेवा सम्बन्धी व्यवस्था :

स्वास्थ्य बीमा सेवा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) आधारभुत अस्पतालले प्रथम सेवा बिन्दुको रुपमा स्वास्थ्य बीमाको कानून बमोजिमको सम्पूर्ण सेवाहरु उपलब्ध गराउने छ ।

(ख) अस्पतालले आवश्यक सेवा उपलब्ध गराउन नसक्ने भएमा प्रेषण पुर्जी भरी नजिकको सेवा प्रदायक स्वास्थ्य संस्थामा पठाउने छ ।

(ग) अस्पतालले सेवा प्रदान गर्दा लाग्न सक्ने अनुमानित खर्च बारे बीमितलाई सेवा गर्नु अगाडी नै जानकारी गराउनु पर्नेछ ।

(घ) अस्पतालले स्वास्थ्य बीमा सम्बन्धी सेवा उपलब्ध गराउँदा बीमितलाई शिष्टाचारपूर्वक व्यवहार गर्नु पर्नेछ, सम्झौता बमोजिमको सेवा सुविधाको प्याकेज गुणस्तरीय रुपमा उपलब्ध गराउने र उक्त प्याकेज निरन्तर उपलब्ध गराउने व्यवस्था सुनिश्चित गर्नेछ ।

(ङ) अस्पतालले स्वास्थ्य बीमा सेवा वापतको मूल्य दावी स्वास्थ्य बीमा सूचना प्रणालीमा आवश्यक कागजात तथा बिल समयमै प्रविष्ट गरी गर्नु पर्नेछ।

(च) अस्पतालले अस्पताल परिसर भित्रै स्वास्थ्य बीमा सम्बन्धी औषधी वितरण कक्ष संचालन गर्नुपर्नेछ।

(छ) अस्पतालले स्वास्थ्य बीमाका सेवाग्राहीका लागि दर्ता एवं सोधपुछको लागि उचित व्यवस्था गर्नेछ।

२७.संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धी व्यवस्था

(१) अस्पतालमा प्रयोग हुने औजार उपकरणहरुको दुषण निवारण, निःसंक्रमण तथा निर्मलीकरण सम्बन्धी छुट्टै जिम्मेवारी अन्तर्गत कार्य व्यवस्थापन गर्नु पर्नेछ।

(२) संक्रमण रोकथामका लागि स्वास्थ्यकर्मी लगायत फोहोमैला व्यवस्थापनसँग सम्बन्धित कर्मचारीहरुलाई आवश्यक अभिमुखिकरण तालिम दिनु पर्नेछ।

(३)कामको प्रकृक्ति र आवश्यकता अनुसार कर्मचारीहरुलाई आवश्यक परिमाणमा व्यक्तिगत सुरक्षा सामग्री (PPE) उपलबध गराउनु पर्नेछ।

(४) सेवा प्रदायकको सुरक्षाका लागि आवश्यक पर्ने खोप तथा औषधिको व्यवस्था गर्नु पर्नेछ।

(५) स्वास्थ्य संस्थाजन्य संक्रमणबाट बचाउनको लागि स्वास्थ्यजन्य फोहोर मैलाको प्रचलित मापदण्ड अनुसार व्यवस्थापन गर्ने पर्नेछ।

(६) अस्पतालका प्रमुख स्थानहरु (जस्तै प्रवेश स्थल, इमर्जेन्सी कक्ष, अन्तरङ्ग विभाग, बहिरङ्ग विभाग लगायत) मा हात धुन मिल्ने व्यवस्था वा स्यानिटाइजरको व्यवस्था गर्नु पर्नेछ।

(७) प्रत्येक प्रोसिडर पछि प्रयोग भएका सामानलाई अटोक्लेभ गरी निःसंक्रमित गर्नु पर्नेछ।

(८) संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धी आवश्यकता अनुसार कार्य समुह गठन एवं परिचालन गर्नु पर्नेछ।

२८.जन-स्वास्थ्य सेवा सम्बन्धी व्यवस्था

(१)अस्पतालले नेपाल सरकार, प्रदेश सरकार, एवं कुम्मायक गाउँपालिकाले तोके बमोजिम जनस्वास्थ्य सेवाहरु उपलब्ध गराउनु पर्नेछ।

(२)कुनै विशेष कारणले उल्लेख गरे बमोजिमका सेवाहरु उपलब्ध गराउन नसक्ने भएको अवस्थामा गाउँ कार्यपालिकाको कार्यालय एवं सम्बन्धित निकायमा सूचित गर्नु पर्नेछ।

(३) नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको सेवा तथा कार्यक्रमसँग सम्बद्ध प्रोटोकल मापदण्ड, निर्देशिकाहरुको पालना गर्नु पर्नेछ।

(४)अस्पतालले उपलब्ध गराएका सेवाहरुको अभिलेख राखी कुम्मायक गाउँपालिका, गाउँ कार्यपालिकाक कार्यालयमा सो को प्रतिवेदन नियमित रुपले पठाउनु पर्नेछ।

२९.फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

(१)अस्पतालको स्वास्थ्यजन्य फोहीमैलायी व्यवस्थापन नेपाल सरकारको स्वास्थ्य संस्थाजन्य फोहोमैला व्यवस्थापन निर्देशिका २०७१, फोहोर मैला व्यवस्थापन निर्देशिका २०७७ तथा 'स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८ बमोजिम देहाय अनुसार गर्नु पर्नेछ।

(क) तयारी तथा क्षमता अभिवृद्धि

(१) अस्पतालको स्वास्थ्य जन्य फोहोरमैला व्यवस्थापनको कार्ययोजना तयार गरी अस्पताल प्रमुखबाट स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ।

(२) अस्पताल प्रमुखको नेतृत्वमा सबै विभाग तथा इकाईको प्रतिनिधित्व गराइ स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन समिति गठन गरी सबै सदस्यहरुको निर्दिष्ट जिम्मेवारी परिभाषित गरी पालना गराउनु पर्नेछ।

कुम्मायक गाउँपालिका, पाँचथर

(३) स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी तालिम दिई कम्तीमा १ (एक) जना कर्मचारीलाई फोहोर व्यवस्थापनको जिम्मेवारी दिनु पर्नेछ।

(ख) उत्पादन तथा वर्गीकरण

(१) फोहोरमैला उत्पादन स्रोतमै कुहिने, नकुहिने र अस्पतालजन्य फोहोर छुट्याई तोकिएको कन्टेनरमा राख्नुपर्नेछ । सो विषयमा सम्बन्धी सेवाग्राही तथा कुरुवासमेतलाई जानकारी दिनु पर्नेछ ।

(२) फोहोरमैला वर्गीकरणका लागि विभिन्न रङ्गको बाल्टिन तथा बिनहरुको फोहोर उत्पादन स्थलमा राख्ने व्यवस्था गर्नु पर्नेछ ।

(३) फोहोर व्यवस्थापनमा प्रयोग हुने बाल्टिन तथा बिनहरुमा देहाय बमोजिमका रङ्ग कोडिङ्ग मापदण्ड लागु गरिएको हुनु पर्नेछ :-

- हरियो रङ्गः कुहिने फोहोरको लागि
- निलो रङ्गः नकुहिने फोहोरको लागि
- रातो रङ्गः जोखिमयुक्त फोहोरको लागि (संक्रमित, प्याथोलोजिकल, धारिलो तथा साइटोटक्सिक औषधी)
- पहेलो रङ्ग : जोखिमयुक्त रसायनिक फोहोरको लागि
- कालो रह: रेडियोधर्मी फोहोरको लागि

(४) फोहोर वर्गीकरण, संकलन तथा भण्डारणका लागि प्रयोग हुने हरेक बाल्टिन तथा बिन (औषधी उपचार ट्रली समेतमा प्रयोग हुने) मा तस्वीर एवं विवरण सहितको लेबलिङ्ग भएको हुनुपर्नेछ ।

(५) सक्रमित सुई नष्ट गर्ने उपकरण (Needle Cutter वा Needle Destroyer) को व्यवस्था हुनु पर्नेछ ।

(ग) भण्डारण तथा ओसार पसार

(१) वर्गीकरण गरिएको फोहोरहरुलाई छुट्टाछुट्टै भण्डारण गर्नु पर्नेछ ।

(२) हावा र प्रकाश आउने छुट्टै कोठा स्थानको व्यवस्था गरी संक्रमित फोहोरलाई गर्मी मौसममा २४ घण्टा र चिसो मौसममा ४८ घण्टाभित्र विसर्जन गर्ने व्यवस्था गर्नु पर्नेछ

(३) सामान्य र जोखिमयुक्त फोहोरलाई छुट्टाछुट्टै ट्रलीको प्रयोग गरी भिडभाड नहुने समय र क्षेत्र हुदै ओसार पसार गर्नु पर्नेछ ।

(घ) फोहोरको उपचार :

(१) संक्रमित फोहोरको उपचार देहाय बमोजिमको प्रविधि प्रयोग गरी संक्रमित फोहोरलाई निःसंक्रमण गर्नु पर्नेछ ।

(अ) नबाल्ने प्रविधिहरु (Non burn technologies) जस्तै: Autoclave, Microwave, Friction Heat based आदि ।

(आ) रसायनिक विधिमा आधारित (Chemical Disinfection)

(इ) इन्क्याप्सुलेशन (Encapsulation)

(ई) Septic Concrete Vault

(उ) Bureal (धारिलो फोहोरका लागि खाडल)

(२) प्याथोलोजिकल फोहोरको उपचार देहाय बमोजिमको तरिकाले गर्नु पर्नेछ ।

(अ) Placenta Pit

(आ) Anaerobic Digester/Biogas

(३) रसायनिक फोहोरको उपचार देहाय बमोजिमको तरिकाले गर्नु पर्नेछ।

(अ) निर्यातकर्ता / उत्पादकलाई नै फिर्ता गर्ने नीति (Return Back policy

(आ) इन्क्याप्सुलेशन (Encapsulation) / निष्क्रिय पारेर (Inertization)

(४) औषधिजन्य फोहोरको उपचार देहाय बमोजिमको तरिकाले गर्नु पर्नेछ ।

(अ) निर्यातकर्ता/उत्पादकलाई नै फिर्ता गर्ने नीति (Return Back policy)

(आ) इन्क्याप्सुलेशन (Encapsulation) / निष्क्रिय पारेर (Inertization)

(इ) अलकालाइन हाइड्रोलाइसिस (Alkaline Hydrolysis) पद्धति

(५) साइटोटक्सिक फोहोरको उपचार देहाय बमोजिमको तरिकाले गर्नु पर्नेछ ।

(अ) निर्यातकर्ता/उत्पादकलाई नै फिर्ता गर्ने नीति (Return Back policy)

(आ) इन्क्याप्सुलेशन (Encapsulation/ निष्क्रिय पारेर (Inertization)

(इ) रसायनिक तथा भौतिक उपचार (Neutralization, Detoxyfication, Chemical Reduction Or Oxydation, Hydrolysis and Others)

(६) अस्पतालमा उत्पादन हुने फोहोरको निःसंक्रमण अस्पतालमा नै गर्नु पर्नेछ ।

(ङ) फोहोरमैलाको विसर्जन (Disposal):

(१) तोकिएको प्रविधिहरुबाट उपचार गरे पश्चात साधारण फोहोलाई स्थानीय तहको फोहोर संकलन तथा व्यवस्थापन प्रणालीसँग एकीकृत रुपमा विसर्जन गर्ने वा पुनःचक्रीय गर्न मिल्ने असंक्रमित सामग्रीहरुलाई पुनः चक्रीय प्रणालीमा लैजाने गर्नु पर्नेछ ।

(२) कुहिने फोहोर मैलाहरुलाई प्राङ्गारिक मल बनाएर वा बायोग्यास (Anaerobic Digestion/Biogas) प्रविधि प्रयोग गरी विसर्जन गर्नु पर्नेछ ।

(च) व्यक्तिगत सुरक्षाका उपायहरु :

(१) फोहोर व्यवस्थापन गर्दा व्यक्तिगत सुरक्षा कवच (टोपी, मास्क, ग्लोभ्स, चस्मा, बुट, गाउन, फेस सिल्ड इत्यादि) को प्रयोग गर्नु पर्नेछ ।

(२) स्वास्थ्यकर्मी, फोहोर संकलक तथा सम्बन्धित पेशाकर्मीहरुले प्रोटोकल अनुसार हेपाटाइटिस बी (Hepatitis B), Tetanus लगायतका संक्रमण विरुद्धको खोप लगाएको हुनु पर्नेछ ।

(३) Post Exposure Prophulaxis (PEP) सुविधा नभएका स्वास्थ्य संस्थाहरुले उक्त सेवाका लागि सेवा प्रदायक संस्थाको पहिचान गरी सम्बन्धित कर्मचारीलाई सो को पूर्व जानकारी दिनु पर्दछ ।

३०.खानेपानी, सरसफाइ, विद्युत आपूर्ति, गार्डन, गाडी पार्किङ्ग तथा मर्मत सम्भार सम्बन्धी व्यवस्थाः

खानेपानी, सरसफाइ, विद्यत आपति, गार्डेन गाडी पार्किट तथा मर्मत सम्भार सम्बन्धी व्यवस्था नेपाल सरकारको स्वास्थ्य संस्था संचालनमापदण्ड २०७७ बमोजिम देहाय अनुसार हुनु पर्नेछ ।

(क) खानेपानी सम्बन्धी व्यवस्था :

(१) पानीको स्रोत:

अस्पतालमा प्रयोग गरिने पानी सुधारिएको स्रोतको हुनु पर्नेछ । (सुधारिएको पानीको स्रोत भन्नाले पाईपबाट आउने पानी, बोरहोल, सुरक्षित ईनार, सुरक्षित कुवा, आकाशे पानी, ईजाजत प्राप्त वितरकबाट प्याकेज गरिएको वा ढुवानी गरिएको पानी भन्ने बुझिन्छ ।

कुम्मायक गाउँपालिका, पाँचथर

(२) पानीको परिमाण : अस्पतालका विभिन्न शाखाहरुलाई आवश्यक पर्ने पानीको परिमाण देहायको तालिका अनुसार हुनेछ ।

महत्वपुर्ण क्षेत्रहरु	पानीको परिमाण
बहिरङ्ग विभाग	५ लिटर प्रति परामर्श
अन्तङ्ग विभाग	४०-६० लिटर प्रति बिरामी प्रति दिन
	१५ लिटर प्रति स्याहारकर्ता प्रति दिन
शल्यक्रिया कक्ष र प्रसुति कक्ष	१०० लिटर प्रति शल्याक्रिया
सुख्खा र पुरक खाना केन्द्र	०.५-५ लिटर प्रति परामर्श (कुनै पनि समयमा निर्भर हुने)
भिजेको (तरल पदार्थ सहित) पूरक खाना केन्द्र	१५ लिटर प्रति परामर्श
अन्तङ्ग उपचरात्मक खाना केन्द्र	३० लिटर प्रति बिरामी प्रति दिन
	१५ लिटर प्रति स्याहारकर्ता प्रति दिन
हैजा तथा झाडा पखाला उपचार केन्द्र	६० लिटर प्रति बिरामी प्रति दिन
	१५ लिटर प्रति स्याहारकर्ता प्रति दिन
गम्भीर घातक श्वास सम्बन्धी रोग	१०० लिटर प्रति बिरामी प्रति दिन
भाइरल रक्तश्रावयुक्त ज्वरो केन्द्र	३००-४०० लिटर प्रति बिरामी प्रति दिन
प्याथोलोजी प्रयोगशाला	१० लिटर प्रति जाँच
आकस्मिक शिविर हव अस्पताल (कर्मचारी, स्याहारकर्ता र बिरामिलाई हैजा, झाडापखला र भाइरल ज्वरो जस्ता रोग बाट बाचाउनका लागी पानीको सघन व्यवस्थापन आवश्यक हुन्छ ।	आकस्मिक शिविर हव अस्पतालका लागि बैकल्पिक पानी वितरण (विद्यमान परिमाणमा दैनिक पानी वितरण क्षमता बराबर हुने गरी)
पानीको विवरण अवरुद्ध भएको अवस्थाको लागी बैकल्पिक व्यवस्था	पानीको वितरण प्रणाली अवरुद्ध भएको अवस्थाको लागि अस्पतालमा न्युनतम २ दिनको जगेडाको व्यवस्था गर्नु पर्दछ ।

(३)पानी भण्डार गर्ने ट्याकीको क्षमता पानीको मुख्य वितरण प्रणाली अवरुद्ध भएको अवस्थामा समेत कम्तीमा ३ (तीन दिनसम्म पुग्ने हुनु पर्दछ ।

(४) खानेपानीको गुणस्तर राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२ ले तोके बमोजिम हुनु पर्नेछ । साथै जार वा ट्यांकरको पानी ट्यांकर निर्देशिका बमोजिम हुनु पर्नेछ ।

(५) अस्पतालले पानी सुरक्षा योजना (Water Safety Plan-WSP) तयार गरी सो बमोजिम कार्यान्वयन गर्नु पर्नेछ ।

(६) चिकित्सकीय प्रयोजनको लागि प्रयोग गरिने पानी कम्तिमा खानेपानीको गुणस्तर अनुरुप हुनु पर्नेछ ।

(७) खानेपानी वितरण गर्ने बिन्दु र अन्य प्रयोगको लागि वितरण गर्ने पानीको बिन्दु फरक फरक हुनु पर्नेछ ।

(ख) सरसफाइ सम्बन्धी व्यवस्था :

(१) बिरामी तथा कुरुवाको लागि नुहाउने घरको व्यवस्था हुनु पर्नेछ ।

(२) महिला तथा पुरुषको लागि छुट्टाछुट्टै शौचालय हुनु पर्नेछ ।

(३) अस्पताल परिसर तथा वार्डहरु सधैं सफा हुनु पर्नेछ ।

(४) अस्पातलजन्य फोहोरमैला व्यवस्थापनको लागि फोहोर सेग्रिगेशन, कलेक्सन, ट्रान्सपोर्ट्स, ट्रिटमेन्ट र अन्तिम बिसर्जन छुट्टै योजना तयार गरी उपयुक्त प्रविधिबाट फोहोरमैला व्यवस्थापन गर्नु पर्नेछ । यस सम्बन्धी थप व्यवस्था फोहोरमैला व्यवस्थापन ऐन २०६८, फोहोरमैला व्यवस्थापन सम्बन्धी नियमावली, २०७० र स्वास्थ्य संस्थाजन्य फोहोर मैला व्यवस्थापन निर्देशिका, २०७७ ले तोके बमोजिम हुनु पर्नेछ ।
(५) मर्करीयुक्त उपकरणहरुको सट्टामा डिजिटलाइज्ड उपकरणहरु प्रयोगमा ल्याउनु पर्नेछ ।

(ग) विद्युत आपुर्ति :

(१) अस्पतालमा चौबीसै घण्टा विद्युत आपूर्तिको व्यवस्था हुनु पर्नेछ । सम्भव भएसम्म डेडिकेटेड लाइन जोडिएको हुनु पर्नेछ। अस्पतालको ICU, OT, ER कक्षमा निरन्तर आपुर्तिको लागि ब्याक अप सिस्टम जस्तै व्याक अप सिस्टम जस्तै इन्भर्टर, जेनेरेटर, सोलार सिस्टम राखेको हुनु पर्नेछ ।

(२) अस्पतालमा विद्युतको बैकल्पिक व्यवस्थापनको लागि प्रयोग हुने हुने उपकरण सञ्चालनको लागि कम्तिमा ७ दिनसम्म पुग्ने इन्धनको व्यवस्था राखेको हुनु पर्नेछ ।

(३) अस्पतालमा सञ्चालन हुने X-ray, USG, Laboratory equipment लगायतका उपकरणहरुको विद्युतबाट हुन सक्ने क्षति न्यूनिकरणको लागि अनिवार्य भोल्ट गार्डको व्यवस्था गर्नु पर्नेछ ।

(४)अस्पतालको लागि ३ फेजको विद्युत लाइनको व्यवस्था हुनु पर्नेछ र अर्थिङ्ग गरी सुरक्षित बनाइएको हुनु पर्नेछ।

(घ) गार्डेनको व्यवस्था :

(१) अस्पताल परिसरमा रुख विरुवा तथा फलफूलहरु रोपी हरियाली कायम गरेको हुनु पर्नेछ ।

(२) बगैचा परिसरमा बिरामी तथा कुरुवाहरुको लागि बस्ने व्यवस्था गरिएको हुनु पर्नेछ ।

(३) जमिन मुनिको पानीको रिचार्जको लागि खुल्ला स्थानको व्यवस्था हुनु पर्नेछ ।

(ङ) पार्किङ्गको व्यवस्था :

(१) अस्पतालमा आवश्यकता अनुसार कर्मचारी तथा सेवाग्राहीको लागि सवारी साधन पार्किङ्गको व्यवस्था हुनु पर्नेछ ।

(२) तीन शैयाको अनुपातमा १ गाडी पार्किङ्ग वा २५ प्रतिशत जग्गा पार्किङ्गको लागि छुटयाउनु पर्नेछ (फरक पर्न आएमा जुनले बढी हुन्छ सोहिलाई आधार मान्नु पर्नेछ ।)

(३) अस्पतालमा सवारी साधनको लागि सकेसम्म आउने र जाने बाटो छुट्टाछुट्टै व्यवस्था भएको हुनु पर्नेछ ।

(४)पार्किङ्ग क्षेत्रमा सवारी साधन राख्ने स्थानको रेखाङ्कन गरेको हुनु पर्नेछ ।

(५) एम्बुलेन्स तथा शव बाहनको लागि छुट्टै पार्किङ्गको व्यवस्था गरेको हुनु पर्नेछ ।

(६) दुई पाङ्ग्रे तथा चार पाङग्रे सवारी साधनको लागि छुट्टाछुट्टै पार्किङ्ग क्षेत्र छुटयाइएको हुनु पर्नेछ ।

(च) मर्मत सम्भार :

(१)अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरु सेवा अवरुद्ध नहुने गरी समयमा नै मर्मतको व्यवस्था गरेको हुनु पर्नेछ ।

(२)ठूला र गम्भीर प्रकृत्तिका औजार उपकरणहरुको कम्पनीले निर्दिष्ट गरेको मर्मत अवधि अनुसार मर्मत सम्भार कार्ययोजना बनाई मर्मेत सम्भार गरेको हुनु पर्नेछ ।

(३) अस्पतालको भवन, सवारी साधन, मेशिनरी औजार यन्त्र उपकरण विद्युतीय उपकरणहरुको नियमित मर्मत सम्भार गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ।

(४)अस्पतालको औजार उपकरणहरुको मर्मत सम्भारको लागि बायो मेडिकल टेक्निसियन/बायो मेडिकल इन्जिनियरको उबलब्धताको सुनिश्चितता गरेको हुनु पर्नेछ।

(५) अस्पतालको औजार उपकरणहरुको इन्भेन्टरी तथा मर्मत सम्भार गरेको विस्तृत विवरण सहितको सूची तयार गरी गाउँपालिकालाई जानकारी गराउनु पर्नेछ।

(६) बिग्रिएका तथा मर्मत गरी प्रयोगमा नआउने सामानहरुको नियमानुसार वार्षिक रुपमा लिलामी गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

परिच्छेद-१०

अक्सिजन, औजार तथा उपकरण सम्बन्धी व्यवस्था

३१. अक्सिजन सम्बन्धी व्यवस्था

(१) अस्पतालमा अक्सिजन ग्यास निरन्तर रुपमा आपूर्तिको व्यवस्था हुनु पर्नेछ।

३२. उपकरण सम्बन्धी व्यवस्था

(१) प्रयोगशाला उपकरण सम्बन्धी व्यवस्था दफा २२ को १ (ग) मा उल्लेखभए बमोजिम हुनु पर्नेछ।

(२) रेडियो इमेजिङ्ग उपकरण सम्बन्धी व्यवस्था दफा (२३) बमोजिम हुनु पर्नेछ।

(३) Cardiac उपकरण सम्बन्धी व्यवस्था देहाय अनुसार हुनु पर्नेछ।

Ordinary ECG Machine -१ थान
Pulse Oximeter-२ थान
BP apparatus table model-४थान
Stethoscope -४ थान

(४) Operation Theatre सम्बन्धी उपकरण देहाय बमोजिम हुन् पर्नेछ :

Auto Clave HP Horizontal-**Optional**
Operation Table Hydraulic Major- १ थान
Operation Table Hydraulic Minor- १ थान
Autoclave vertical single bin- २ थान
Focus lamp ordinary- २ थान
Sterilizer Small (Instrument)- १ थान
Sterilizer Medium (Instrument)- १ थान
Bowl Sterilizer Small- १ थान
Bowl Sterilizer Medium- १ थान
Diathermy machine (Electric Cautery)-- १ धान
Suction Apparatus(Electrical)- २ थान
Suction Machine (Foot Operated)-२ थान

Dehumidifier- १ थान
Ultra Voilet Lamp- १ थान
Ethyline Oxide Sterilizer- १ थान
Microwave sterilizer- १ थान

(५) अस्पताल प्याथोलोजी सम्बन्धी उपकरण देहाय बमोजिम हुनु पर्नेछ :

(क) Microbiology/Bacteriology

Incubator-१ थान
Hot Air Oven-Optional
Microscope-१ थान
Centrifuge/Rotator-१ थान
Refrigerator-१ थान
Auto pipette-१ थान

(ख) Biochemistry

Centrifuge/Rotator-१ थान
Hot Air Oven-Optional
Refrigerator-१ थान
Micro pipette-१ थान

(ग) Hematology

Microscope (Binocular)-१ थान
Blood Cell Counter (18 parameter or above) -१ थान
Centrifuge/Rotator-Optional
Colorimeter-Optional
Hot Air Oven-Optional
Refrigerator-Optional
Coounting Chamber-१ थान
Computer with printer-Optional
Micero Pippette-As per need

(घ)Histopathology

Miscroscope (Binocular)-१ थान
Incubator-Optional

(ङ) Microbiology: Virology, Serology

Water Bath-१ थान
Hot Air Oven-१ थान

कुम्मायक गाउँपालिका, पाँचथर

Multi-Channel micro pippette-१ थान
Vriable Micro pippette-As per nedded
Incubator-१ थान
Centrifuge-१ थान
Weighing Balance-१ थान
Autoclave-Optional
Stopwatch-१ थान

(५) अस्पताल एनेस्थेसिया (Anesthesia) सम्बन्धी उपकरण देहाय बमोजिम हुनु पर्नेछ :

Endo Tracheal tube sets-१ थान
Air way (Female) -१ थान
Air way (Male) -१ थान
Mouth Prop-१ थान
Tongue Depressor-२ थान
O2 cylinder for Boyles-१ थान
Boyles Apparatus with Fluotec and circle absorber-Optional
Oxygen Concentrator/Cylinder-१ थान
Monitors ECG,NI BP, SPO2 with IBP-१ थान
Transport Monitor ECG, SPO_2 NI BP-१ थान
Mac Coy Laryngoscope-२ थान
Intubating LMA 3,4-४ थान
Double Lumen Tube-१ थान
AMBU bag / Mask-४ थान
Defebrilator-Optional

(६) Labour ward, Neonatal and Special Newborn Care Unit (SNCU) भएका अस्पतालमा उपकरणहरु देहाय बमोजिम हुनु :

Emergency Resuscitation Kit -Baby -२ थान
Standard Weighing Scale- २ थान
Double Outlet Oxygen Concentrator-Optional
Radiant Warmer- २ थान
foetal Doppler- २ थान
Delivery Kit- २ थान
Episeotomy Kit- २ थान
Forceps Delivery Kit- १ थान
Silastic Vaccum Extractor- १ थान
Pulse Oxymeter Baby & Adult-२ थान
Nebuliser baby-- २ थान
Weighing Machine adult-- २ थान

कुम्मायक गाउँपालिका, पाँचथर

Weighing Machine Infant-- २ थान

Special Newborn Care Unit (SNCU) को लागि आवश्यक उपकरणहरु

Electric heater/warmer- २ थान
Washing Machije with dryer(Separate)-२ थान
Electronic fumigator- २ थान
Vaccum Cleaner- १ थान
Gown for doctors, nurses, neonatal aids,
Group Dstaff &mother-- Adequate number of each size (essential)
Washable Slippers -- Adequate number of each size (essential)
Vertical Autoclave- १ थान
Autoclave Drums (Large, Medium & Small sizes) - At least 6 of each size
Disinfectant Sprayer- १ थान
Container for liquid disinfectant- २ थान
Formaline Vaporizer- १ थान
Hot Air Oven-**Optional**
Ethylene Oxide (ETO) Sterilizer-**Optional**

(७) अस्पतालको प्रशासनिक कार्यका लागि आवश्यक पर्ने औजार तथा उपकरणहरु:

-कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशिन, स्क्यानर, यूपिएस, प्रोजेक्टर, इमेल इन्टरनेट, टेलिफोन
-फर्निचर (आवश्यक संख्यामा)

(८) आकस्मिक तथा अत्यावश्यक औषधि तथा औजारहरुको सूचीः

1. Ranitidine, Omeprazole, Pantoprazole(inj)
2. Adrenaline(inj)
3. Chlorpheniramine (inj)
4. Aminophylline (inj)
5. Atropine(inj)
6. Hyoscine Butyl Bromide(inj)
7. Calcium Gluconate(inj)
8. Ciprofloxacin, Ampicillin, Ampi-clox, Ceftriaxone, etc(inj)
9. Deriphylline (inj)
10. Dexamethasone(inj)
11. Dextrose 5% Saline (inj)
12. Dextrose 10% Saline (inj)
13. Dextrose 25% (inj)
14. Dextrose 50% (inj)
15. Diazepam, Lorazepam, Midazolam (inj)
16. 5% Dextrose Saline (inj)

17. Dopamine(inj)
18. Pentazocine (inj)
19. Hydrocotisone (inj)
20. Frusemide (inj)
21. Mannitol (Inj)
22. Metronidazole (inj)
23. Morphine (in))
24. Nitroglycerine, Labetolo (inj)
25. Normal Saline (in))
26. Paracetamol (inj)
27. Metochlopramide (inj)
28. Pethidine (inj)
29. Phenitoin (inj)
30. Phenergan (inj)
31. Potassium Chloride (inj)
32. Phenobarbitone (inj)
33. Naloxone (inj)
34. Ringer's Lactate (inj)
35. Sodium Bicarbonate (inj)
36. Diclofenac (inj)
37. Dobutamine (inj)
38. Noradrenaline (inj)
39. Isoprenaline (inj)
40. Aminodarone (inj)
41. Magnesium Sulphate (inj)
42. Digoxin (inj)
43. Adensine, Verapamil (inj)
44. Tramostate (inj)
45. Antacid (tab)
46. Aspirin (Tab)
47. Diclofenac (tab)
48. Paracetamol (Tab)
49. Ibuprofen (Tab)
50. Codeine Phosphate (Tab)
51. Prednisolone (Tab)
52. Antibiotics Oral (Tab/Cap)
53. Povidone lodine Solution
54.Antibiotic Ointment
55.Other as per necessary

(९)आकस्मिक अवस्थाका लागि आवश्यक औजारहरुको सूची :

1. Ambu bag with mask
2. Artery Forceps
3. Salbutamol Inhaler
4. Povidine lodine
5. Blood Transfusion Set
6. BP Instrument
7. Clinwax ear drop
8. Crepe Bandage 4"
9. Crepe Bandage 6"
10. Dissection Forceps non toothed
11. Dissection Forceps Toothed
12. Disposable Syringe 3cc, 5cc, 10cc, 20cc
13. Endotracheal Tube (Pediatric and Adult) 3.0-8.5
14. Laryngeal Mask Airway 3.0-8.5
15. Foley catheter 6f-20f, 3 way
16. Glove no.6, 6.5, 7, 7.5
17. I.V. Canula 14G-24G
18.1.V.Set + Pediatric Burret
19. I.V. Infusion Set
20. C.P.V. line set
21. Chest tube (Different Sizes)
22. Ipratropium Bromide Inhaler + Solution
23. Knee Jerk Hammer
24. Laryngoscope with blade (Adult, Pediatric sizes)
25. Lucoplast
26. Oxymetazoline Nasal Drop
27. Needle Holder
28. Ryle's Tube (N/G Tube)
29. Scissors (Different Sizes)
30. Silver Sulphadiazine Cream
31. Stethoscope
32. Suction Machine with tubes
33. Thermometer
32. Suction Machine with tubes
34. Sphygmomanometer
35. Tongue Depressor
36.Torch light

कुम्मायक गाउँपालिका, पाँचथर

37.Uro Bag
38.Wooden Splint
39. Spinal Board-1
40. Cervical Collor 1-5
41. Antibiotic Injections (Different)
42. Pulse Oxymeter-1
43. Ophthalmoscope-1
44. Otoscope-1
45. Digital Clock
46. K-wire (Different sizes)

परिच्छेद-११
फरेन्सिक मेडिसिन तथा मेडिको लेगल सेवा

३३.अस्पतालको फरेन्सिक मेडिसिन तथा क्लिनिकल मेडिको लेगल सेवा नेपाल सरकारको स्वास्थ्य संस्था संचालन मापदण्ड २०७७ बमोजिम देहाय अनुसारको हुनु पर्नेछ :

(१) शवगृह (Mortuary) को व्यवस्था :

(क) शवगृहको लागि छुट्टै ब्लक हुनु पर्नेछ र सो शवगृह वार्ड, आकस्मिक कक्ष तथा अपरेशन थिएटरबाट सहजै पुग्नसकिने गरी ग्राउण्ड फ्लोरमा हुनु पर्नेछ।

(ख) शवगृह आम नागरिकले प्रयोग गर्ने बाटोदेखि टाढा हुनु पर्नेछ।

(ग) पोष्टमोर्टम कोठामा सिंक सहितको स्टेनलेस स्टीलको अटोप्सी टेबुल, शवको Specimen धुनको लागि पानीको व्यवस्था सहितको सिंक र औजारहरु राख्नको लागि कपबोर्डको व्यवस्था हुनु पर्नेछ। पोष्टमोर्टम कोठा वाताअनुकुलित (Air-Conditionoing) हुनुको साथै उपयुक्त प्रकाशको व्यवस्था हुनु पर्नेछ।

(ङ) शवको भण्डारणको लागि कम्तिमा पनि दुइवटा डिफ्रिजर सहितको छुट्टै कोठा हुनु पर्नेछ।

(च) मृत व्यक्तिको आफन्तहरुका लागि कुरुवा कक्ष (क्षेत्र) र धार्मिक कार्यको लागि स्थानको व्यवस्था हुनु पर्नेछ

(छ) शवगृहमा चाहिने अन्य औजार, उपकरण र पूर्वाधार तथा मानव संशाधनको व्यवस्था चिकित्सकीय कानूनी (मेडिको लेगल) सेवा सञ्चालन निर्देशिका २०७५ मा उल्लेख भए बमोजिम हुनु पर्नेछ।

(ज) शव परीक्षण तथा प्रतिवेदन तयार गर्ने कार्य स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले लागु गरेको स्तरीय कार्यविधि (SPO) अनुरुप हुनु पर्नेछ।

(झ) विपद्का अवस्थामा शवको व्यवस्थापन नेपाल सरकार गृह मन्त्रालयद्वारा जारी गरिएको "बिपद पश्चात शवको व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०६८ (संशोधन २०७६) अनुसार हुनु पर्नेछ।

(ज) बेवारिसे शवको व्यवस्थापन सम्बन्धमा प्रहरी ऐन, २०१२ अनुसार गरिनु पर्दछ।

(२) क्लिनिकल मेडिको-लिगल सेवा

(क) अस्पतालमा क्लिनिकल मेडिको-लिगल युनिटको व्यवस्था गरिएको हुनु पर्नेछ।

(ख) क्लिनिकल मेडिको-लिगल कक्षको लागि आवश्यक भौतिक पुर्वाधार, सरसामान तथा मानव संसाधन सम्बन्धी व्यवस्था "चिकित्सकीय कानूनी सेवा सञ्चालन निर्देशिका, २०७५ मा उल्लेख भए अनुरुप हुनु पर्नेछ।

(ग) क्लिनिकल मेडिको-लिगल परीक्षण तथा प्रतिवेदन तयार गर्ने कार्य स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले लागू गरेको स्तरीय कार्यविधि अनुरुप गर्नु पर्नेछ।

परिच्छेद -१२

प्रेषण प्रणाली

३४.अस्पतालको प्रेषण प्रणाली नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८ बमोजिमदेहाय अनुसारको हुनु पर्नेछ।

(१) प्रेषण प्रणाली सम्बन्धी व्यवस्था :

(क) अस्पतालले आफ्नो तह अनुसार प्रदान गर्नुपर्ने सेवाको उपलब्धता हुदाहुदै बिरामीलाई अर्को संस्थामा प्रेषण गर्न हुदैन।

(ख) अस्पतालले तपसिल अनुसारको अवस्थामा सबै भन्दा नजिक वा पायक पर्ने माथिल्लो तहको अस्पतालमा प्रेषण गर्न सक्नेछन्।

(१) उपचारको लागी आएको सेवाग्राहीलाई आफ्नो स्वास्थ्य संस्थाको संरचना, उपकरण तथा अन्य कारणले उपचार प्रदान गर्न नसकिने,

(२) विशेषज्ञ सेवा नभएको,

(३) थप वा सघन उपचार गर्नु पर्ने,

(४) अन्य कुनै विशेष कारणे उपचार गर्न नसकिने अवस्था।

(ग) अस्पतालले प्रेषण गरिने अस्पतालको सूची र सम्पर्क विवरण सहजताको लागि देखिने गरी राख्नु पर्दछ 1

(घ) अस्पतालले देहाय बमोजिमका प्रक्रिया अबलम्बन गरी सेवाग्रमहीलाई प्रेषण गर्नु पर्दछ :-

(१) अस्पतालमा आएका बिरामीलाई आवश्यक सबै उपचार प्रदान गर्न नसकिने अवस्था भएमा अस्पतालमा उपलब्ध भएसम्मको उपचार तत्काल प्रदान गरी थप उपचारको लागि थप उपचारप्राप्त हुन सक्ने अस्पताल वा स्वास्थ्य संस्थामा प्रेषण-पूर्जा सहित तत्काल प्रेषण गर्नु पर्नेछ।

(२) अस्पतालले बिरामी वा निजको संरक्षकको लिखित सहमतिमा इच्छाएको स्वास्थ्य संस्थामा प्रेषण गर्न सकिनेछ।

(३) प्रेषण हुन नचाहेमा थप उपचारका लागि अन्य स्वास्थ्य संस्थामा प्रेषित गर्नु पर्नाको कारण सम्झाउनु पर्नेछ।

(२) प्रेषण प्रक्रिया तथा व्यवस्थापन :

(क) प्रेषण गर्नु भन्दा पहिले सेवाग्राहीले स्तरीय उपचार प्रोटोकल अनुसार स्वास्थ्य संस्थामा उपलब्ध सबै आवश्यक सेवा पाएको हुनु पर्नेछ।

(ख) सेवाग्राहीले पाएको उपचार विवरण स्पष्टसँग अभिलेख राख्नु पर्नेछ।

(ग) जनस्वास्थ्य सेवा ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार प्रेषण गर्नु पर्नेछ।

(घ) प्रेषण गर्ने पूर्व पहिचान गरिएको हुनु पर्नेछ। साथै प्रेषण पुर्जामा आफ्नो अस्पतालको नाम र ठेगाना उल्लेख गर्नु पर्नेछ।

(ङ) प्रेषण गर्दा सेवाको सुनिश्चितता गरेर मात्र प्रेषण गर्नु पर्नेछ।

(च) स्वास्थ्य सेवा प्रदान गर्दा स्तरीय उपचार प्रोटोकल अनुसार सबै सेवा उपलब्ध गराउनु पर्नेछ।

(छ) बिरामीको अवस्था स्थिर (Stable) भएपछि मात्र प्रेषण गर्नु पर्नेछ।

(ज) प्रेषण पुर्जामा सम्बन्धित विवरण उल्लेख गरी सो को एक प्रति अस्पतालमा सुरक्षित राख्नु पर्नेछ।

(झ) प्रेषण गरिने स्वास्थ्य संस्थालाई उपलब्ध माध्यमबाट सेवाग्राहीको अबस्था र निदानबारे अग्रिम जानकारी गराई प्रषण गर्नुपर्ने छ।

(ञ) प्रेषण गर्दा सो बारेको जानकारी बिरामी वा निजको संरक्षक वा निजलाई उपचारको लागि अस्पतालमा ल्याउने व्यक्तिलाई दिनु पर्नेछ।

(ट) प्रेषण भएको स्वास्थ्य संस्थाबाट पृष्ठ पोषण प्राप्त भएमा सेवाग्राहीलाई सोही अनुसार उपचार तथा फलोअप सेवा प्रदान गर्नु पर्नेछ।

(ठ)प्रेषण गर्दा उपलब्ध भएसम्म एम्बुलेन्सबाट पठाउने व्यवस्था गर्नु पर्दछ र प्रेषण गरिएका बिरामीको विवरण अद्यावधिक रुपमा राख्नु पर्नेछ।

(ड) प्रेषण भएर अउने बिरामीलाई यथाशक्य चाँडो सेवा दिन पुर्वाधार, जनशक्ति, औषधी तथा उपकरणहरुको व्यवस्था गर्नु पर्नेछ।

(ढ) सम्भव भएसम्म प्रेषण भएर आउने बिरामीको बारेमा प्रेषण गर्ने स्वास्थ्य संस्थाबाट आवश्यक जानकारीहरु लिई पूर्वतयारीमा रहनु आवश्यक हुन्छ।

(ण)बिरामी आउने बितिकै आवश्यक जाँच तथा परीक्षण गरी रोगको गाम्भिर्यताका आधारमा तत्कालै आवश्यक उपचार शुरु गर्नु पर्दछ।

(त) आवश्यकता अनुसार सम्बन्धित विशेषज्ञ चिकित्सकसँग परामर्श गरी उपचार गर्नु पर्छ।

(घ) उपचार पश्चात प्रेषण गर्ने स्वास्थ्य संस्थामा पृष्ठपोषण समेत उल्लेख गरी प्रेषण फिर्ता पूर्जा सहित फिर्ता गर्नु पर्दछ।

परिच्छेद-१३
क्यान्टिन तथा पोषण व्यवस्थापन

३५. अस्पतालको क्यान्टिन तथा पोषण व्यवस्थापन

(१)नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८ बमोजिम देहाय अनुसारको हुनु पर्नेछ।

(क) अस्पताल परिसरमा यथासम्भव चौबीसै घण्टा सेवा दिने किचेन र डायनिङ्ग छुट्टाछुट्टै भएको क्यान्टिन हुनु पर्नेछ।

(ख) अस्पतालमा शैयाको संख्याको कम्तिमा २० प्रतिशत कुर्ची सहितको डायनिङ्गको व्यवस्था भएको हुनु पर्नेछ।

(ग) खानाको परिकार र शुल्क सहितको बडा-पत्र सबैले देखिने स्थानमा राख्नु पर्नेछ।

(घ) सफा भुई, फराकिलो पकाउने स्थान र सामान संचित गर्ने स्थान प्रयाप्त भएको हुनु पर्नेछ।

(ङ) किचेन उज्यालो र एक्जस्ट फ्यान जोडेको हुनु पर्नेछ।

(च) क्यान्टिनको भित्ताहरु सरसफाई गर्न सजिलो हुने गरी भुईबाट ४ फूट टायल वा इनामेल पेन्ट गरेको हुनु पर्नेछ।

(छ) चौबीसै घण्टा सफा, स्वच्छ पिउने पानी र खानाको व्यवस्था भएको हुनु पर्नेछ।

(ज) क्यान्टिनमा कार्यरत कर्मचारीहरुले तोकिएको पोशाक लगाएको हुनु पर्नेछ।

(झ) छुट्टै सफा हात धुने स्थान र उक्त स्थानमा साबुनको व्यवस्था भएको हुनु पर्नेछ।

(ञ) भाडा माझ्ने र हात धुने ठाउँ छुट्टाछुट्टै स्थानमा हुनु पर्नेछ।

(ट) सन्तुलित खाना र निश्चित बिरामीको लागि पोषण सम्बन्धी जानकारी दिन पोष्टर, पम्प्लेट तथा टेलिभिजनको व्यवस्था भएको हुनु पर्नेछ।

(ठ) खानेकुराबाट निस्कने फोहोरजन्य वस्तुको व्यवस्थापन निर्देशिका बमोजिम गर्नु पर्नेछ।

(ड) खानेकुरा सफा जालीयुक्त कपडाले छोपेको हुनु पर्नेछ। साथै रेफ्रिजिरेटर, विद्युतिय ओवनको व्यवस्था भएको हुनु पर्नेछ।

परिच्छेद -१४

केन्द्रीय आपूर्ति विभाग

३६.अस्पतालको केन्द्रीय आपूर्ति विभाग

(१)नेपाल सरकारको स्वास्थ्य संस्था संचालन मापदण्ड २०७७ बमोजिमदेहाय अनुसारको हुनु पर्नेछ।

(२) केन्द्रीय आपूर्ति सेवा विभागको प्रबन्ध :

(क) अस्पतालमा स्वच्छ पानीको नियमित आपूर्ति सुविधा भएको छुट्टै सेन्ट्रल सर्भिस डिपार्टमेन्ट हुनु पर्नेछ।

(ख) फोहोर वस्तु राख्न, उपयोगी वस्तु राख्न, सरसफाइ गर्न, धुन/सुकाउन र निर्मलीकरण गर्न एवं प्याकेजिङ्ग तथा भण्डारणका लागि छुट्टाछुट्टै स्थानहरु हुनु पर्नेछ।

(ग) विभागका सबै कोठाहरु भेन्टिलेसन सहित तापक्रम १८°-२२° सम्म र आद्रता ३५-६० प्रतिशत हुनु पर्दछ।

(घ) सेन्ट्रल सर्भिस डिपार्टमेन्टको संरचना फोहोर क्षेत्रबाट क्रमशः सफा क्षेत्र तर्फ जाने गरी व्यवस्था गरिएको हुनु पर्नेछ।

(ङ) सेन्ट्रल सर्भिस डिपार्टमेन्टका लागि तालिम प्राप्त कर्मचारीलाई जिम्मेवारी दिनु पर्दछ।

(च) निर्मलीकरणको लागि ठाडो तथा तेर्सो अटोक्लेभ मेशिन चालु अवस्थाको हुनु पर्नेछ।

(३) निर्मलीकरणको लागि तयारी

(क) प्रयोग भएका सबै औजारहरुलाई ब्रस, केमिकल, साबुन र डिटर्जेन्ट पाउडर प्रयोग गरी छुट्टै स्थानमा सफा गर्नु पर्नेछ।

(ख) औजार तथा उपकरणहरु सुख्खा गरेर छुट्टै स्थानमा राख्नु पर्नेछ।

(ग) औजारहरु डबल न्यापरमा पोको पारी राख्नु पर्दछ।

(४)भिजेका तथा प्रयोग भएका दुषित औजारहरु (Contaminated Instrument) को सकलनः

(क) फोहोर जम्मा गर्नका लागि साधारण पन्जा लगाउनु पर्छ।

(ख) फोहोर संकलन गर्दा जम्मा गर्ने नियमित समय तालिका अनुसार हुनु पर्नेछ।

(ग) फोहोर संकलन गर्ने भाँडाहरु प्वाल नपरेको, बन्द गर्न मिल्ने किसिमको हुनु पर्छ र भाँडोको क्षमता भन्दा बढी फोहोर राख्नु हुदैन।

(घ) फोहोर/दुषित वस्तुहरु सुरक्षितर बन्द कन्टेनरबाट परिवहन गर्नु पर्दछ।

(५) सफा र किटाणुरहित पार्ने

(क) सफा र किटाणुरहित बनाउनका लागि बास्केट, कन्टेनर र औजारको छुट्टै व्यवस्था भएको हुनु पर्छ।

(ख) सफा गर्न र पखाल्नका लागि दुई वटा गहिरो खालको सिङ्कको व्यवस्था हुनु पर्छ। सबै निर्मलीकृत भइसकेका सामग्रीहरु सेलाइसकेपछि मात्र भण्डारण गर्नु पर्छ।

(ग) भण्डारण कक्षहरु सफा र सुख्खा हुनु पर्छ।

(घ) भण्डारण गरिने सामग्रीहरु भुईभन्दा ८-१० से.मी. उचाईमा र सिलिङ्गबाट २०-२५ से.मी. तल हुनु पर्छ।

(६) संक्रमण रोकथामः

(क) सेन्ट्रल सर्भिस डिपार्टमेन्टमा कार्यरत कर्मचारीहरुले आवश्यकता अनुसार व्यक्तिगत सुरक्षा कवच लगाउनु पर्छ।

(ख) हात धुनका लागि प्रयाप्त र नियमित रुपमा धाराबाट पानी र साबुनको उपलब्धता हुनु पर्छ।

(ग) दुषण निवारणको लागि क्लोरिन झोलको उपलब्धता हुनु पर्छ।

(७) पोका पार्ने र बाँध्ने कार्य (Packaging and Wrapping):

(क) उपकरण तथा अन्य सामग्रीहरु अनिवार्य रुपमा निर्मलीकरण गरी प्याकिङ गर्नु पर्दछ।

(ख) एकल प्रयोग सामग्रीहरु छुट्टा छुट्टै पोका पार्न पर्छ।

(ग) प्याकिङ्ग सामग्रीमा लेबल (Label) टाँस्नु पर्छ।

(८) निर्कलीकरण तथा भण्डारणः

(क)प्याकिङ्ग गरिएका उपकरणहरु निर्मलीकरण गरी छुट्टै ठाउमा राख्नु पर्छ।

(ख) निर्मलीकृत स्टिकर सहितका पोकाहरु छुट्टै दराजमा राख्नु पर्छ।

(९) संकलन, आपूर्ति र बाँडफाडः

(क) निर्मल र स्वच्छ तवरले आपुर्ति एकद्वारबाट संकलन गर्न र वितरणका लागि फरक बाटोबाट गर्ने व्यवस्था मिलाउन पर्छ।

(ख) निर्मलीकृत सामग्री आपुर्ति गर्दा निर्मलीकृत भएको सुनिश्चित गरी आवधिक रुपमा वा माग अनुसार वितरण गर्नु पर्दछ।

(१०) जिन्सी सामग्री र अभिलेखः

(क) सबै उपकरणहरु तथा प्याकेजहरुको अभलेख व्यवस्थित राख्नु पर्दछ।

(ख) उपकरणहरु तथा प्याकेजहरुको अभिलेख नियमित अद्यावधिक गरी चुस्त दुरुस्त राख्नु पर्दछ।

परिच्छेद-१५

लाउन्ड्री सम्बन्धी

३७.अस्पतालको लाउन्ड्री सम्बन्धी व्यवस्थाः

(१)नेपाल सरकारको स्वास्थ्य संस्था संचालन मापदण्ड २०७७ बमोजिम देहाय अनुसारको हुनु पर्नेछ।

(क) लाउन्ड्रीका लागि छुट्टै कोठा वा अलग्गै स्थानमा चौबीसै घण्टा पानी सहितको व्यवस्था हुनु पर्नेछ।

(ख) लाउन्ड्रीमा काम गर्ने सबै कर्मचारीले अनिवार्य पन्जाको प्रयोग गर्नु पर्नेछ।

(ग) कलडा धुनु अघि (soiled, unsoiled, coourful, white, blood stained कपडाहरु) छुट्टयाउने व्यवस्था हुनु पर्नेछ।

(घ) धुनु पूर्व सबै कपडाहरुको आवश्यकता अनुसार निःसंक्रमण गर्नु पर्नेछ।

(ङ) कपडा धुनु र सुकाउनको लागि washing machine र dryer को प्रयाप्त संख्यामा व्यवस्था भएको हुनु पर्नेछ।

(च) ब्ल्याङकेट जस्ता बाक्लो कपडा सुकाउन सिधै घाम पर्ने स्थान हुनु पर्नेछ।

(छ) सफा गरिएका कपडाहरु आइरन गरी प्याक गर्नु पर्नेछ।

(ज) सफा कपडाहरु राख्ने छुट्टै स्थान र दराजको व्यवस्था हुनु पर्नेछ।

(झ) सफा कपडा वितरणको उचित तरिका (जस्तै basket supply system, on-demand supply system) अपनाउनु पर्नेछ।

(ञ) व्यक्तिगत सुरक्षाको लागि हात धुने (सफा पानी र साबुन) र निःसंक्रमणको लागि कलोरिन झोलको उपलब्धता हुनु पर्नेछ।

(ट) फोहोर र सफा कपडा राख्न छुट्टाछुट्टै स्थान हुनु पर्नेछ।

(ठ) संकलन र वितरणको तालिका बनाई लागु गर्नु पर्नेछ।

(ड) काम गर्ने प्रयोजनका लागि प्रयाप्त संख्यामा टेबुल, दराज, ट्रली, आइरन, बकेट, PPE सामग्री (बुट, क्याप, पंजा, गाउन, मास्क, स्क्रब बस, लुगा धुने डिटर्जेन्ट आदि) को व्यवस्था हुनु पर्नेछ।

परिच्छेद-१६

भवन तथा पुर्वाधार

३८.अस्पतालको भवन तथा पुर्वाधार सम्बन्धी व्यवस्थाः

(१)नेपाल सरकारको स्वास्थ्य संस्था संचालन मापदण्ड २०७७ बमोजिम देहाय अनुसारको हुनु पर्नेछ।

(क) अस्पतालको भवन निर्माण गर्दा भवन ऐन, २०५५ मा भएको व्यवस्था तथा अनुसूची-१ बमेजिम हुनु पर्नेछ।

(ख) विपद व्यवस्थापन योजना तयार गरी सर्व साधारणको जानकारीको लागि भवनमा सुरक्षा सम्बन्धी संकेत चिन्हहरु उपयुक्त स्थानमा स्पष्ट गरी राखिएको हुनु पर्नेछ।

(ग)अस्पताल भवनमा प्रशासनिक कार्यालय, बहिरङ्ग विभाग, अनतरङ्ग विभाग, इमर्जेन्सी विभाग, प्रयोगशाला, फार्मेसी, रेडियोलोजी विभाग, क्यान्टिन, CSSD, Laundry लगायत अस्पतालको स्तर अनुरुप तोकिएको सेवाहरुको व्यवस्था हुनु पर्नेछ।

(घ)पूर्वाधारको हकमा "स्वास्थ्य भवन पूर्वाधार डिजाइन तथा निर्माण सम्बन्धी निर्देशिका, २०७४ (पहिलोसंशोधन २०७७) अनुसार भवन डिजाईन भएको हुनु पर्नेछ।

(च) प्रत्येक कोठाको क्षेत्रफल कम्तिमा १४ वर्ग मिटर हुनु पर्नेछ।

(ज) अस्पतालले ओगटेको कुल क्षेत्रफलको ५ प्रतिशत ग्रीन बेल्ट हुनु पर्नेछ।

परिच्छेद-१७

गुनासो सुनुवाइ तथा सूचना व्यवस्थापन

३९.अस्पतालको गुनासो सुनुवाइ तथा सूचना व्यवस्थापन सम्बन्धी व्यवस्थाः

(१)नेपाल सरकारको स्वास्थ्य संस्था संचालन मापदण्ड २०७७बमोजिम देहाय अनुसारको हुनु पर्नेछ।

(क) अस्पतालको अग्र भागमा सोधपुछ कक्षको व्यवस्था गरेको हुनु पर्नेछ।

(ख) सबैले देख्ने स्थानमा अस्पतालले प्रदान गर्ने सेवाहरु, सेवा शुल्क र नक्शाङ्कन भएको बडा-पत्र राख्नु पर्नेछ।

(ग) अस्पतालले उजुरी पेटिकाको व्यवस्था गरेको हुनु पर्नेछ।

(घ) सूचनाको हक सम्बन्धी ऐन, २०६४ मा भएको व्यवस्था बमोजिम सूचना अद्यावधिक र प्रकाशन गर्नु पर्नेछ।

(ङ) अस्पतालको सूचनाको जानकारी दिन एक जना सूचना अधिकारीको व्यवस्था गर्नु पर्नेछ। साथै सूचना अधिकारीको फोटो, नाम, थर र सम्पर्क नम्बर सबैले देख्न सक्ने स्थानमा राख्नु पर्नेछ।

(च)अस्पतालमा उजुरी पेटिका राख्नु पर्नेछ। उक्त पेटिका सूचना अधिकारीले हप्तामा एक पटक खोली उजुरीको समयमा नै समाधान गर्नु पर्नेछ।

(छ) अस्पतालमा सार्वजनिक संचार सेवाको व्यवस्था र सबैको पहुँचमा इन्टरनेटको सुविधा भएको हुनु पर्नेछ।

(ज) प्रहरी, एम्बुलेन्स, दमकल, रक्त संचार केन्द्र लगायतका आकस्मिक सेवाका टेलिफोन नम्बर स्पष्ट देखिने गरी राख्नु पर्नेछ।

परिच्छेद-१८

विविध

४०. प्रचलित कानून बमोजिम हुनेः यस ऐनमा उल्लेख भएका कुराहरु देखी बाहेकका कुराहरुको हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

४१.आचारणःकुम्मायक आधाभूत अस्पतालमा कार्यरत कर्मचारीहरुले संघीय निजामति ऐनमा उल्लेखित आचरणहरु पालना गर्नुपर्नेछ ।

४२.निर्देशन पालना गर्नुपर्ने: नेपाल सरकार, प्रदेश सरकार र कुम्मायक गाउँपालिकाले जारी गरेका आदेश तथा निर्देशनहरु पालना गर्नुपर्ने छ ।

४३.अमान्य हुनेः नेपाल सरकार तथा प्रदेश सरकारबाट जारि भएका ऐन नियम सँग यस ऐनमा उल्लेख भएका कुराहरु बाझिएमा सो बाझिएको विषय अमान्य हुनेछ ।

४४. व्याख्या गर्ने अधिकार: यस ऐनको व्याख्या गर्नुपर्ने भएमा गाउँकार्यपालिकाले व्याख्या गर्नेछ ।

४५.नियम बनाउन पाउने अधिकारः यस ऐन अन्तरगत रहेर स्वास्थ्य सेवालाई व्यवस्थित र मर्यादित बनाउन गाउँकार्यपालिकाले नियम बनाउन सक्नेछ ।

अनुसूची-१

(दफा २३ संग सम्बन्धित)

प्रयोगशालामा हुने आकस्मिक परीक्षण

1. Hb%, TC, DC, Platelet
2. Na, K, Blood Sugar
3. Urea
4. Creatinine
5. Serum Amylase
6. Lipase
7. Blood grouping for Transfusion Purpose
8. BT, CT, PT, INR
9. Urine RE
10. HIV/HCV/HBsAg Kit
11. Troponin
12. CPK/MB
13.आकस्मिक उपचारको लागी चिकित्सकले अत्यावश्यक ठानेको अन्य परिक्षण

कुम्मायक गाउँपालिका, पाँचथर

अनुसूची-२
(दफा २३(ज) संग सम्बन्धित)
परीक्षणका लागी विदेश पठाउन पर्ने नमुनाहरुको हकमा बिरामीको मञ्जुरीनामा

मैले आफ्नो नमूना विदेशी प्रयोगशालालाई परीक्षण गराउनको लागि अनुमति दिएको छु ।

नमूनाको प्रकार	परीक्षणको नाम	नमूनाको प्रकार	परीक्षणको नाम

कसको सल्लाहमा सर्वदेश पठाउन लागिएको हो :

चिकित्सकको नाम र काउन्सिल नंः
विदेश ठिउने प्रयोगशालाको नाम र ठेगानाः
नमूना संकलन गर्ने प्रयोगशालाको नाम र ठेगाना :

सेवाग्राहीको नाम:
सम्पर्क न.
ठेगाना :
सेवाग्राहीको हस्ताक्षर :

अनुसूची-३
(दफा २५को १ (ङ) संग सम्बन्धित)
नागरिक बडा पत्रको ढाँचा

क्रं.सं	शाखा/वार्ड	प्रदान गरिने सेवाको विवरण	सम्बन्धित सम्पर्क व्यक्ति	प्रक्रिया	लाग्ने समय	लाग्ने शुल्क	गुनासो सुन्ने अधिकारी

आज्ञाले
जय नारायण खनाल
प्रमुख प्रशासकीय अधिकृत

कुम्मायक गाउँपालिका, पाँचथर

आधारभूत अस्पताल संचालन व्यवस्थापन ऐन, २०८२

प्रस्तावनाः नेपालको संविधानको अनुसुची ८ र ९ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानिय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई आमनागरिकलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने जिम्मेवारी बहन गर्ने प्रयोजनका लागि आधारभूत अस्पताल संचालन एवं व्यवस्थापन सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा (१०२) बमोजिम यो ऐन बनाईएको छ।

परिच्छेद-१

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐन को नाम **"आधारभुत अस्पताल संचालन व्यवस्थापन ऐन २०८२"** रहेको छ।

(२) यो ऐन कुम्मायक गाउँपालिका राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐन मा

(१) **"स्वास्थ्य संस्था"** भन्नाले बिरामी भर्ना गरी चिकित्सकद्वारा स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्झनु पर्छ।

(२) **"आधारभुत अस्पताल"** भन्नाले कुम्मायक गाउँपालिकाले संचालन गरेको १५ शैयाको आधारभूत अस्पताललाई सम्झनु पर्छ।

(३) **"अस्पताल संचालन तथा व्यवस्थापन समिति"** भन्नाले आधारभुत अस्पताल संचालन तथा व्यवस्थापन गर्न यस ऐन बमोजिम कुम्मायक गाउँपालिका, गाउँ कार्यपालिकाले गठन तथा पुर्नगठन गरेको समितिलाई सम्झनुपर्छ।

(४) **"अध्यक्ष"** भन्नाले अस्पताल संचालन तथा व्यवस्थापन समितिको अध्यक्षलाई सम्झनुपर्छ।

(५) **"प्रमुख"** भन्नाले कुम्मायक गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(६) **"उपाध्यक्ष"** भन्नाले कुम्मायक गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ।

(७) **"गाउँपालिका/कार्यालय "** भन्नाले कुम्मायक गाउँपालिकालाई सम्झनुपर्छ।

(८) **"कार्यपालिका"** भन्नाले कुम्मायक गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(९) **"अस्पताल प्रमुख"** भन्नाले आधारभूत अस्पतालमा कार्यरत चिकित्सकहरु मध्ये अस्पतालको कार्य संचालन व्यवस्थापनको जिम्मेवारी पाएको चिकित्सकलाई सम्झनु पर्छ।

(१०) **"कार्यविधी"** भन्नाले आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन ऐन २०८२ लाई सम्झनुपर्दछ।

(११) **"पदाधिकारी"** भन्नाले व्यवस्थापन समिति अध्यक्ष, उपाध्यक्ष र सदस्य लगायता पदाधिकारीलाई सम्झनुपर्छ।

(१२)**"मन्त्रालय"** भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्झनुपर्छ।

कुम्मायक गाउँपालिका, पाँचथर

(१२)**"प्रादेशिक स्वास्थ्य संरचना"** भन्नाले प्रदेशमा रहने स्वास्थ्य क्षेत्र हेर्ने सामाजिक विकास मन्त्रालय तथा विभाग, महाशाखा सम्झनु पर्छ।

(१३)**"प्रचलित कानून"** भन्नाले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले जारी गरेको कानूनलाई सम्झनुपर्छ।

(१४)**"स्वास्थ्य सेवा"** भन्नाले उपचारात्मक, प्रतिकारात्मक प्रवर्द्धनात्मक, पर्नस्थापनात्मक तथा प्रशामक (Palliative Care) स्वास्थ्य सेवा सबैलाई बुझ्नु पर्छ।

(१५)**"स्वास्थ्य सेवाका कर्मचारी"** भन्नाले चिकित्सक, स्वास्थ्यकर्मी, प्रयोगशालाकर्मी, रेडियो इमेजिङ्ग सेवा प्रदायक, नर्सिङ सेवा, फार्मेसी सेवा प्रदायकलाई सम्झनु पर्छ।

(१६)**"स्वास्थ्य सेवाका अन्य कर्मचारी"** भन्नाले स्वास्थ्य संस्थाको स्वास्थ्य प्राविधिक सेवा बाहेक प्रशासनिक, सरसफाइ, सुरक्षा तथा अन्य सहयोगी सेवाका कर्मचारीहरुलाई सम्झनु पर्छ।

(१७)**"अस्पताल सेवा"** भन्नाले जन स्वास्थ्य सेवा नियमावली २०७७ को नियम ९ र नियम १० संग सम्बन्धित अनुसूची-७ बमोजिम आधारभूत अस्पतालका लागी निर्धारित सेवा तथा कुम्मायक गाउँपालिकाको निर्णय बमोजिम संचालन गरिने अस्पताल सेवाहरुलाई सम्झनु पर्छ।

(१२)**"आधारभूत अस्पताल न्युनतम सेवा मापदण्ड** भन्नाले जन स्वास्थ्य सेवा ऐन २०७५ को दफा २५ र दफा २७ को व्यवस्था कार्यान्वयनका लागि नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट जारी भएको प्राथमिक अस्पतालका लागि न्यूनतम सेवा मापदण्ड (MSS Primary Hospital) २०७५ लाई जनाउँछ।

(१३) **"कोष"** भन्नाले आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कोषलाई सम्झनु पर्छ।

(१७) **"स्वास्थ्य पुर्वाधार विकास मापदण्ड"** भन्नाले नेपाल स्वास्थ्य पुर्वाधार विकास मापदण्ड २०७४ सम्झनु पर्छ।

(१८) **"स्वास्थ्य संस्था संचालन मापदण्ड"** भन्नाले नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट स्वीकृत नेपाल स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८ सम्झनु पर्छ।

(१९) **"अस्पताल भवन डिजाइन तथा निर्माण सम्बन्धी निर्देशिका"** भन्नाले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य भवन डिजाइन तथा निमाण सम्बन्धी निर्देशिका २०७३ तथा आधारभूत अस्पताल भवन निर्माण सम्बन्धी निर्देशिका २०७७ लाई सम्झनु पर्छ।

(२०)**"शाखा"** भन्नाले कुम्मायक गाउँपालिकाको स्वास्थ्य शाखालाई सम्झनु पर्छ।

परिच्छेद २
अस्पताल सेवा व्यवस्थापन

३. आधारभूत अस्पताल उपलब्ध गराउने सेवाहरुः

आधारभुत अस्पताल उपलब्ध गराउने सेवाहरु नेपाल सरकारको "जन-स्वास्थ्य सेवा नियमावली २०७७ नियम ९ र १० संग सम्बन्धित अनुसूची-७ बमोजिम हुनेछ।

४. आधारभुत अस्पताल संचालनको मापदण्डः

आधारभूत अस्पताल संचालनको मापदण्ड नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन २०७८ कमोजिम हुनेछ।

कुम्मायक गाउँपालिका, पाँचथर

५. आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समिति गठनः

(१) अस्पताल संचालन एवं कार्य व्यवस्थापनका लागि देहाय बमोजिम आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समिति गठन गरिनेछ।

गाउँपालिका अध्यक्ष -**अध्यक्ष**
गाउँपालिका उपाध्यक्ष-
प्रमुख प्रशासकीय अधिकृत- **सदस्य**
सम्बन्धित वडाको वडा अध्यक्ष- **सदस्य**
कार्यपालिकाले मनोनित १ जना महिला सहित २ जना कार्यपालिका सदस्य- **सदस्य**
सामाजिक विकास समिति संयोजक- **सदस्य**
स्वास्थ्य शाखा प्रमुख- **सदस्य**
आदिवासी जनजाती, दलित, पिछडा वर्ग, अपाङ्ग मध्ये स्वास्थ्य क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिहरु मध्ये कार्यापालिकाले मनोनित गरेको १ (एक) जना महिला-**सदस्य**
रेडक्रस शाखाको अध्यक्ष -**सदस्य**
स्वास्थ्य स्वयमसेबिकाहरु मध्येबाट कार्यपालिकाले मनोनित गरेको १ जना -**सदस्य**
आधारभुत अस्पताल प्रमुख- **सदस्य सचिव**

(२) समितिले आवश्यक्ता अनुसार स्वास्थ्य क्षेत्रको विषय विज्ञ, ईन्जिनियर, जनप्रतिनिधि तथा कर्मचालरीलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

६. आधारभुत अस्पताल संचालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार

(१) नीतिगत, कानूनी एवं संस्थागत व्यवस्था अनुरुप अस्पताल संचालनका लागि आवश्यक निर्णय गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकामा पेश गर्ने।

(२) आधारभूत अस्पतालबाट संचालन हुने वार्षिक कार्यक्रमहरुको लक्ष्य निर्धारण, कार्यान्वयन एवं प्रगति समिक्षा गर्ने।

(३) नेपाल सरकारको स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८ बमोजिमका भौतिक संरचना, जनशक्ति तथा औजार उपकरण व्यवस्थापन लगायतका कार्यहरुको लागि समन्वय, सहजीकरण एवं सहकार्य गर्ने

(४) अस्पताल संचालनका लागि गाउँपालिकाले दिएका निर्देशन र स्वीकृत कार्यक्रमहरुको कार्यान्वयन गर्ने गराउने।

(५) अगामी आर्थिक वर्षको कार्यक्रम तथा बजेट तर्जुमा गरी तोकिएको अवधी भित्र प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँपालिकामा पेश गर्ने।

(६) अस्पतालको कार्य प्रगतिको नियमित मासिक, चौमासिक, वार्षिक प्रगति अनुगमन, लेखाजोखा एवं समिक्षा गर्ने।

(७) अस्पतालको मासिक चौमासिक तथा वार्षिक आय व्ययको लेखाङ्कन निरीक्षण, अनुमोदन गर्ने, लेखापरीक्षण गराउने।

(८) अस्पतालमा आवश्यक औषधी, उपचार सामग्री तथा औजार उपकरणको आपुर्ति, मर्मत सम्भार, संरक्षण एवं भण्डारण सम्बन्धी व्यवस्थापन गर्ने।

(९) अस्पताल सेवाहरुको वार्षिक लक्ष्य निर्धारण तथा लक्ष्य अनुरुप प्रगति हासिल गर्न आवश्यक रणनीति एवं क्रियाकलाप तय गर्ने।

(१०) अस्पतालको स्वामित्वमा रहेको चल अचल सम्पतिको अभिलेख दुरुस्त राख्न लगाउँने।

(११) अस्पतालको सेवा प्रवाह क्रममा आएका गुनासाहरुको उचित सम्बोधन र व्यवस्थापन गर्ने।

(१३) अस्पतालमा आवश्यक जनशक्ति आपुर्तिका लागि स्रोत सुनिश्चित गाउँपालिका सँग समन्वय गर्ने।

(१४) अस्पतालमा कार्यरत जनशक्तिहरुको मनोबल उच्च राखी उच्च कार्यप्रतिफल हासिल गर्न कार्यभार एवं कार्य प्रगतिको आधारमा सेवा सुविधा उत्प्रेरणाको व्यवस्था गर्ने ।
(१५) अस्पतालको भौतिक, आर्थिक, संस्थागत एवं सामाजिक वातावरणको स्वास्थ्य एवं सुरक्षाको लागि आवश्यक कार्य गर्ने ।
(१६) गाउँपालिकाले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

७. पदावधीः

समितिका पदाधिकारीहरुको पदावधी नियुक्ती भएको मितिले ५ वर्षको हुनेछ ।
पदाधिकारीहरुको पदावधी बाँकी रहदै स्थानीय तहको निर्वाचन सम्पन्न भएमा स्वतःसमाप्त हुनेछ ।

८.पदावधी रिक्त रहने अवस्थाः

(क) मृत्यु भएमा
(ख) राजिनामा दिएमा
(ग) बिना सूचना लगातार तीन पटक समितिको बैठकमा अनउपस्तित भएमा
(घ)फौजदारी अभियोग प्रमाणित भएमा
(ङ) आधारभूत अस्पतालको अहित हुने काम गरेको प्रमाणित भएमा

९. समितिको बैठक र संचालन बिधिः

(क)समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले कम्तिमा महिनाको १ पटक बैठक बोलाउँनु पर्नेछ । यसरी बैठक बोलाउँदा स्वास्थ्य शाखासँग समन्वय गरी उक्त बैठक बोलाउँनु पर्ने छ । आवश्यक्ता परेमा समितिको बैठक जुनसुकै समयमा पनि बस्न सक्ने छ ।
(ख)समितिको निर्णय उपस्थित सदस्यहरुको बहुमतबाट हुनेछ । कुनै विषयमा मत बिभाजन भई बराबर मत भएमा अध्यक्षले निर्णायक मत दिन पाउँनेछन । आमन्त्रित सदस्यले मतदनमा भाग लिन पाउँने छैन ।
(ग)समितिको अध्यक्षको अध्यक्षतामा बैठक बस्ने छ र निजको अनुपस्थितिमा उपध्यक्षको अध्यक्षतामा बैठक बस्ने छ ।
(घ)बैठकको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नुपर्नेछ ।
(ङ)बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।
(च)हरेक बैठकको प्रमाणित निर्णयहरु गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

१०.गणपुरक संख्याः

(क) समितिको बैठक बस्नका लागी ५१% सदस्यहरुको उपस्थितिलाई गणपुरक संख्या मानिनेछ ।

११.पदाधिकारीहुरूको काम कर्तव्य र अधिकारः

(क)अध्यक्षको काम कर्तव्य र अधिकारः

१.समितिको बैठक बोलाउन सदस्य सचिवलाई निर्देशन दिने ।
२.अस्पतालको दैनिक कार्यको रेखदेख गरी निर्देशन दिने ।
३.समितको अन्य पदाधिकारीहरुलाई जिम्मेवारी तोक्ने ।
४.समितिले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

कुम्मायक गाउँपालिका, पाँचथर

(ख)उपाध्यक्षको काम कर्तव्य र अधिकारः

१.अध्यक्षको अनुपस्थितिमा अध्यक्षको हइसियतमा काम कार्वाही गर्ने ।

(ग)सचिवको काम कर्तव्य र अधिकारः

१.अध्यक्षको आदेशमा समितिको बैठक बोलाउने ।
२.निर्णय लेखन गर्ने ।
३.अस्पतालको मासिक प्रतिवेदन बैठकमा पेश गर्ने ।
४.निर्णय कार्यन्वयन गर्ने ।
५.प्रशासन प्रमुख भई जिम्मेवारी बहन गर्ने ।
६.गाउँपालिका, समिति तथा स्वास्थ्य शाखाको निर्देशन पालना गर्ने ।
७.अस्पताल प्रमुख भई कार्य गर्ने ।
८.तोके बमोजिमका अन्य कार्य गर्ने ।

(घ)सदस्यहरुको काम कर्तव्य र अधिकारः

१.बैठकमा सहभागिहुने
२.समिति तथा अध्यक्षले तोकेको कार्यहरु गर्ने गराउने ।
३.आधारभूत अस्पताल संचालन गर्न जनसहभागिता जुटाउन सहयोग गर्ने ।
४.तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

परिच्छेद ३

कोष तथा लेखा परिक्षण

११. अस्पताल संचालन तथा व्यवस्थापन कोष :

(१) आधारभूत अस्पतालको आर्थिक एवं वित्तीय कार्य सम्पादन तथा व्यवस्थापनका लागी अस्पताल संचालन तथा व्यवस्थापन कोष रहने छ ।

(२)अस्पताल संचालन तथा व्यवस्थापन कोषको खाता सरकारी करोवार गर्ने नजिकको बैंकमा खोलिनेछ ।

१२.रकम जम्मा

(१) दफा ९को उप दफा "१" बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु जम्मा गर्न सकिनेछ ।

(क)नेपाल सरकार तथा प्रदेश सरकार बाट प्राप्त रकम
(ख) गाउँपालिका बाट प्राप्त रकम
(ग) स्वास्थ्य बिमा बोड बाट प्राप्त रकम
(घ) वैदेशिक अनुदान, कुनै व्यक्ति, स्वादेशी तथा विदेशी संघ संस्था वा अन्य कुनै दात्री निकाय आदी बाट प्रप्त अनुदान तथा सहयोग रकम
(ङ) अस्पतालको विभिन्न सेवा शुल्क र दस्तुर रकम
(च) फार्मेसीबाट प्राप्त आम्दामी रकम
(छ) व्यवस्थापन समितको पहलबाट प्राप्त रकम
(ज) अन्य सबै स्रोतबाट प्राप्त रकम

(२) उपनियम १ को **खण्ड (घ)** बमोजिमको वैदेशिक अनुदान, विदेशी संघ-संस्थाबाट रकम प्राप्त गर्नु भन्दा अगाडी प्रचलित कानून बमोजिम स्वीकृती लिनुपर्नेछ।

(३) कोषमा जम्मा हुन आउने रकम र अस्पताल सेवा संचालनबाट प्राप्त हुने आय हरेक दिनको भोलिपल्ट ३ बजे सम्ममा अस्पताल व्यवस्थापन तथा संचालन कोषमा जम्मा गरी सक्नु पर्नेछ।

(४) कोषमा जम्मा भएको रकम हरेक हप्ताको आईतवार र सो दिन विदा परे त्यस दिनको भोलिपल्ट ३ बजे भित्र गाउँपालिकाको विविध खर्च खातामा जम्मा गर्नुपर्नेछ।

१३.कोष तथा खाता संचालनः

(१) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी, आर्थिक प्रशासन शाखा प्रमुख र अस्पताल प्रमुखको संयुक्त दस्तखतबाट कोषको खाता संचालन गरिने छ।

(२) अस्पताल संचालन तथा व्यवस्थापन समितिको निर्णय लाई गाउँ कार्यपालिकाले अनुमोदन गरे पश्चात विविध खर्च खाता (अस्पताल संचालन तथा व्यवस्थापन कोष) बाट खर्च लेखिने छ।

(३) विविध खर्च खाता (अस्पताल संचालन तथा व्यवस्थापन कोष) को आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा ढाँचा बमोजिम हुनेछ।

(४) अस्पतालको आर्थिक कारोवारको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता आर्थिक कारोवारको निर्यणकर्ता र सम्बन्धित खाता संचालन गर्ने अधिकार प्राप्त कर्मचारीको हुनेछ।

(५) अस्पतालको आम्दामी र खर्चको अभिलेख, आमदानी र खर्च सम्बन्धी कार्यविधि, लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पतिको अभिलेख तथा जिन्सी व्यवस्थापन, आय-व्यय तथा समपतिको विवरण तयारी, आन्तरिक लेखा परिक्षणको सिद्धान्त, बेरूजु अभिलेख, बेरुजु फस्यार्ट लगायतका विषयहरु प्रचलित आर्थिक कार्यविधि सम्वन्धि कानून बमोजिम हुनेछ।

(७) अस्पताललाई आवस्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धि व्यवस्था र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन २०६३ र नियामावली २०६४ बमोजिम हुनेछ।

(८) उप दफा (२) मा जे भनिएता पनि निर्णय गर्न र निर्णय अनुमोदन गर्न काबु बाहिरको परिस्थिती परेमा समान्य प्रशासनिक खर्च तथा अस्पताल व्यवस्थापन खर्चलाई खर्च पश्चात अनुमोदन गर्नु पर्नेछ।

१४.लेखा परिक्षण

(१) अस्पताल व्यवस्थापन समितिले तोके बमोजिमको अस्पतालको आय-व्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(२) आन्तरिक लेखा परिक्षण गाउँपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट हुनेछ।

(३) विविध खर्च खाता (अस्पताल संचालन तथा व्यवस्थापन कोष) को अन्तिम लेखा परिक्षण महालेखा परिक्षकबाट हुनेछ।

परिच्छेद-४

अस्पताल सामान्य सेवा सम्बन्धी व्यवस्था

१५. अस्पताल सामान्य सेवा सम्बन्धी व्यवस्थापन

नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८ बमोजिम देहाय अनुसार गर्नु पर्नेछ :

(१)सोधपुछ तथा गुनासो सुनुवाईः

अस्पतालमा सोधपुक्ष कक्ष, गुनासो सुन्ने अधिकारी, गुनासो पेटिका हुनु पर्नेछ र प्रत्येक हप्ता गुनासो पेटिका खोल्नु पर्नेछ।

(२) सुचना तथा संचार सेवा

(क) अस्पतालमा इन्टरकम एवं बाह्य टेलिफोन सेवा सहितको संचार सेवाको व्यवस्था हुनु पर्नेछ । आकास्मिक सेवाका नम्बरहरु अध्यावधिक राख्नु पर्नेछ ।

(ख) सबैले देख्न सक्ने गरी नेविगेसन चार्ट र नागरिक बडा-पत्र राख्नु पर्नेछ ।

(ग) अस्पतालमा इन्टरनेटको सुविधा उपलब्ध हुनु पर्नेछ ।

(३) पानीको व्यवस्था :

अस्पतालमा चौबिसै घण्टा पिउने पानी सहित सफा पानीको प्रशस्त व्यवस्था हुनु पर्नेछ ।

(४) विद्युत आपूर्ति :

अस्पतालमा चौबिसै घण्टा विद्युत आपूर्तिको लागि ब्याक-अप प्रणाली सहितको व्यवस्था हुनु पर्नेछ ।

(५)शौचालयको व्यवस्था :

अस्पताल हाताभित्र पर्याप्त पानी सहितको देहायका मापदण्ड भएको पर्याप्त संख्यामा सफा शौचालयको साथै साबुन पानीले हात धुने व्यवस्था हुनु पर्छ ।

(क) बालबालिका मैत्री

(ख) लैंगिक मैत्रीः महिला र पुरुषको लागि छुट्टाछुट्टै शौचालय र महिला शौचालयमा ढक्कन भएको फोहोर हाल्ने टोकरी भएको हुनु पर्नेछ ।

(ग) अपाङ्गता मैत्री

(घ) जेष्ठ नागरिक मैत्री

(६) बिरामी कुरुवा सुविधा :

अस्पतालको बहिरङ्ग तथा अन्तरङ्ग सेवा दिइने स्थानहरुमा पर्याप्त विश्रामस्थल तथा कुरुवास्थलको व्यवस्था हुनु पर्छ ।

(७) क्यान्टिन व्यवस्थाः

अस्पताल हाताभित्र स्वस्थ, सफा र सुविधायुक्त स्यान्टिनको व्यवस्था हुनु पर्नेछ।

(८) सुरक्षा व्यवस्था :

अस्पतालमा चौबिसै घण्टा सुरक्षा गार्डको व्यवस्था हुनु पर्नेछ । आपतकालीन अवस्थामा अन्य सुरक्षा निकायसंग समन्वय गर्ने व्यवस्था हुनु पर्नेछ । अस्पतालका संवेदनशील क्षेत्रहरु जस्तै आकास्मिक कक्ष, फार्मेसी, बहिरङ्ग कक्ष, टिकट कक्ष लगायतका क्षेत्रहरुमा CCTV जडान गरी कम्तिमा ३० दिनसम्मको रेकर्ड रहने व्यवस्था गरिएको हुनु पर्नेछ

(९) एम्बुलेन्स सेवाः

अस्पतालले एम्बुलेन्स सेवा संचालन गर्नेछ ।

(१०)पार्किङ्गको व्यवस्था :

कर्मचारी तथा सेवाग्राहीको लागि सवारी साधन पार्किङ्गको व्यवस्था हुनु पर्नेछ ।

(११)भण्डारको व्यवस्था :

अस्पतालको लागि आवश्यक लत्ता कपडा, सरसफाई सामग्री, औजार, उपकरण तथा औषधिको न्युनतम
मौज्दात रहनु पर्नेछ र सो सामग्रीहरुको उपयुक्त भण्डारको लागि रेफ्रिजेरेटर, एयर कन्डिसनर, उपयुक्त भेन्टिलेशन सहितको प्रयाप्त भण्डार कक्षको व्यवस्था हुनु पर्नेछ ।

(१२) कर्मचारी व्यवस्थापन :

कर्मचारीहरुको दैनिक उपस्थिति अभिलेख राखेको हुनु पर्नेछ । कर्मचारीरुले तोकेको पोशाक, परिचय पत्र एवं विद्युतीय हाजिरीको प्रयोग गरेको पर्नेछ । कर्मचारीहरुको कामको विवरण जिम्मेवारी लिखित रुपमा तोकिएको हुनु पर्नेछ ।

(१३)फोहोरमैला व्यवस्थापनः

अस्पताल हाता सफा, स्वच्छ र दुर्गन्ध रहित हुनु पर्नेछ । अस्पतालको स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन ऐन २०६८ र फोहोरमैला व्यवस्थापन नियमावली २०७० तथा स्वास्थ्य संस्था संचालन सम्बन्धी मापदण्ड २०७७ अनुसार हुनु पर्नेछ ।

(१४) संक्रमण रोकथाम तथा नियन्त्रणः

स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८ बमोजिम संचालन गर्नु पर्नेछ ।

(१५) जन स्वास्थ्य सेवा सम्बन्धी व्यवस्थाः

स्वास्थ्य संस्था संचालन सम्बन्धी मापदण्ड (पहिलो संसोधन) २०७८ अनुसार संचालन गर्नु पर्नेछ ।

(१६) अक्सिजन औजार तथा उपकरण सम्बन्धी व्यवस्थाः

"स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८ अनुसार संचालन गर्नु पर्नेछ ।

(१७) मर्मत सम्भार

अस्पतालको भवन, सवारी साधन, मेसिनरी औजार, यन्त्र उपकरण, विद्युतीय उपकरणहरको नियमित मर्मत संभारगर्ने व्यवस्था हुनु पर्नेछ। मर्मतको बार्षिक योजना तयार गरी सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

(१८) तथ्याक व्यवस्थापन एकाई

अस्पतालमा सूचना विज्ञ सहित तथ्याङ्ग व्यवस्थापन एकाइको व्यवस्था हुनु पर्नेछ ।

(१९) निशुल्क औषधीहरुको नियमित आपूर्तिः

अस्पतालमा नेपाल सरकारले तोकेको निःशुल्क औषधीहरुको नियमित आपूर्ति हुनुपर्नेछ ।

(२०)शव बहान सेवा

अस्पतालले शव बहान सेवा संचालन गर्नेछ ।

परिच्छेद-५

अस्पतालको स्वास्थ्य सेवा सञ्चालन

१६. अस्पतालको स्वास्थ्य सेवा सञ्चालनः

(१) आधारभूत अस्पतालले प्रदान गर्ने सेवाहरुः

नेपाल सरकारको जन-स्वास्थ्यसेवा नियमावली २०७७ को अनुसूची- ७ बमोजिमका देहायका सेवाहरु गाउँपालिकाले थप गर्ने सेवाहरु प्रदान गर्नेछ।

(क) जन-स्वास्थ्य सेवा नियमावली २०७७ को अनुसूची १ बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु

- खोप सेवा
- एकीकृत नवशिशु तथा बालरोगको एकीकृत व्यवस्थापन
- पोषण सेवा
- गर्भवती परिक्षण सेवा, प्रसव तथा सुत्केरी सेवा
- परिवार नियोजन, सुरक्षित गर्भपतन, प्रजनन् स्वास्थ्य सेवा तथा महिलाको क्यान्सर (शीघ्र पहिचान, परामर्श तथा प्रेषण) सम्बन्धी सेवा
- सरुवा रोगको प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण सम्बन्धी सेवा

कुम्मायक गाउँपालिका, पाँचथर

- नसर्ने रोग तथा शारीरिक विकलाङ्गताहरुको प्रारम्भिक निदान, लाक्षणिक उपचार परामर्श, आकस्मिक
- उपचार तथा प्रेषण सम्बन्धी सेव
- मानसिक रोगहरुको प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण सम्बन्धी सेवा
- ज्येष्ठ नागरिकको स्वास्थ्य समस्याहरुको प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण, स्वास्थ्य प्रवर्द्धन सम्बन्धी सेवा
- सामान्य आकस्मिक अवस्थाको सेवा
- स्वास्थ्य प्रवर्द्धन सेवाः जनचेतनामुलक सुचना तथा संचार
- आयुर्वेद तथा अन्य परम्परागत स्वास्थ्य सेवाहरु

(ख) बहिरङ्ग तथा अन्तरङ्ग चिकित्सकीय सेवा

- सामान्य चिकित्सा
- सामान्य शल्यक्रिया
- स्त्री तथा प्रसुती रोग सेवा
- शिशु तथा बाल स्वास्थ्य सेवा
- सामान्य दन्त सेवा
- प्राथमिक आँखा उपचार सेवा

(ग) आकास्मिक स्वास्थ्य सेवा

- आकास्मिक सेवा
- आधारभूत आकास्मिक शल्यक्रिया (BEONC) समेत
- आकास्मिक प्रयोगशाला तथा रक्त संचार सेवा
- निदानात्मक सेवा

(घ) प्रयोगशाला सेवा

(ङ) रेडियो इमेजिङ्ग सेवा

(च) फार्मेसी सेवा

(छ) मेडिको लिगल सेवा

(२) नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेका सेवाहरु

(३) बहिरङ्ग र अन्तरङ्ग चिकित्सकीय सेवा संचालन

नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८" बमोजिम अनुसारको हुनु पर्नेछ।

कुम्मायक गाउँपालिका, पाँचथर

(४) आकास्मिक स्वास्थ्य सेवा अन्तर्गत

नेपाल सरकार जन स्वास्थ्य सेवा नियमावली २०७७ बमोजिमका देहायका अवस्था सम्बन्धी सामान्य आकास्मिक अवस्थाका स्वास्थ्य सेवाहरु उपलब्ध गराउनु पर्नेछ।

(क) चोटपटक तथा घाउ खटिरा सम्बन्धी आकास्मिक अवस्थाहरु :

(१) घाउ चोटको मलम पट्टी लगाउने र आवश्यकता अनुसार प्रेषण र परामर्श

(२) काटेको घाउमा टाँका लगाउने र आवश्यकता अनुसार प्रेषण र परामर्श

(३) पिलो तथा फोडाको उपचार र आवश्यकता अनुसार प्रेषण र परामर्श

(ख) आकास्मिक अवस्थाको प्राथमिक व्यवस्थापन (Common emergency conditions)

(१) आघात (Shock) को व्यवस्थापन र आवश्यकता अनुसार प्रेषण

(२) मुर्छित अवस्थाको लेखाजोखाः प्रारम्भिक व्यवस्थापन, आवश्यकता अनुसार उपचार तथा प्रेषण

(३) कन्भल्सन (Convulsion) को व्यवस्थापन र आवश्यकता अनुसार प्रेषण

(४) दुर्घटनाबाट गम्भिर घाइते बिरामीलाई स्थिर बनाउने र आवश्यकता अनुसार बयवस्थापन र प्रेषण

(५) हाड भाँचिएको (Fracture), जोर्नी खुस्केको, सर्केको (Joint Subluxation, Dislocation) लाई स्थिर बनाउने, निदान, दुखाईको व्यवस्थापन र प्रेषण परामर्श।

(६) पोलाई (Burn & Scald) को प्रारम्भिक विदान, लाक्षणिक उपचार प्रेषण र परामर्श

(७) बिषादी सेवनः पेट सफा गर्ने (Gastric Lavage) लगायतका व्यवस्थापन, उपलब्ध प्रति विषादी (Antidotes) को प्रयोग तथा आवश्यकता अनुसार प्रेषण

(८) पानीमा डुबेको (Drowning): प्रारम्भिक न र आवश्यकता अनुसार प्रेषण

(ग) सर्पदंश/किराको टोकाइ जनाबरको टोकाइ प्राथमिक उपचार तथा प्रेषण

परिच्छेद ६

बहिरङ्ग, अन्तरङ्ग तथा आकास्मिक सेवा

१७. बहिरङ्ग विभाग

(१) आधारभूत अस्पतालको बहिरङ्ग सेवा सम्बन्धी मापदण्ड नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८ बमोजिमको देहाय अनुसारको हुनेछ।

(क) बिरामी नाम दर्ता कक्ष/स्थानको व्यवस्था हुनुपर्नेछ।

(ख) प्रत्येक विशेषज्ञ सेवाका लागी अलग अलग ओ.पी.डी. कक्षको व्यवस्था हुनुपर्नेछ।

(ग) बहिरङ्ग विभागको प्रत्येक कोठाको क्षेत्रफलकम्तीमा १४ (चौध) वर्ग मीटरको हुनुपर्ने र कन्सल्टेन्ट युनिट वा सेवा अनुसार ओ.पी.डी. संचालन गर्न सकिने छ।

(घ) बहिरङ्ग सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन र वार खुल्ने गरी) सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ।

(ङ) व्हिलचेयर, ट्रली, स्ट्रेचरको प्रयाप्त व्यवस्था भएको हुनुपर्नेछ।

(च) व्हिलचेयर, ट्रली, स्ट्रेचर राख्ने प्रयाप्त ठाउँ भएको हुनुपर्नेछ ।

(छ) बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई राग र उपचार पद्धतिबारे स्पष्ट जानकारी (counseling)दिने व्यवस्था हुनुपर्नेछ ।

(ज) ओ.पी.डी. कक्षमा प्रर्याप्त फर्निचर सहितको प्रतिक्षालय व्यवस्था हुनुपर्नेछ ।

(झ) सूचना-पाठी, टि.भी स्क्रिन, पोष्टर आदिबाट स्वास्थ्य सम्बन्धी र अस्पतालबाट प्रदान गरिने सेवा सम्बन्धी जानकारी दिने व्यवस्था हुनुपर्नेछ ।

(ञ) महिला र पुरुषको लागि अलग अलग र आवश्यकता अनुसार अपाङ्गतामैत्री र ज्येष्ठ नागरिक मैत्री समेत शौचालयको व्यवस्था हुनुपर्नेछ ।

१८. अन्तरङ्ग विभागः

(१)आधारभुत अस्पतालको अन्तरङ्ग सेवा सम्बन्धी मापदण्ड नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८ बमोजिमको देहाय अनुसारको हुनेछ ।

(क)जनरल वार्डको हकमा महिला र पुरुषको लागि अलग-अलग वार्डको व्यवस्था हुनु पर्नेछ र यदि छुट्टै वार्डको व्यवस्था गर्न नसकिएको खण्डमा महिला बिरामीको गोपनियता र सुरक्षाको प्रत्याभूति गर्नु पर्नेछ ।

(ख)अस्पतालमा वार्डको सुविधा हुनेगरी ड्रेसिङ रुम, काउन्सेलिङ रुम आदिको व्यवस्था भएको हुनु पर्नेछ ।

(ग)अपाङ्गता भएका बिरामीहरुको वयत्तिःगत सरसफाई र लुगा फेर्ने प्रयोजनको लागी आवश्यक व्यवस्था हुनु पर्नेछ र साथै अस्पताल भवन बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गतामैत्री हुनु पर्नेछ ।

(घ)एक क्युविकल (Cubical) मा ६(छ) शैया भन्दा बढी राख्न पाइने छैन ।

(ङ)अस्पतालमा आवश्यकता अनुसार क्याबिन कोठाहरको व्यवस्था हुनु पर्नेछ। कुल शैयाको बढीमा ३० प्रतिशत मात्र क्याविन शैया राख्न पाइने छ ।

(च)प्रत्येक वार्डमा नर्सिङ स्टेशन हुनु पर्नेछ ।

(छ)नर्सिङ्ग स्टेशनबाट प्रत्येक बिरामीको प्रत्यक्ष निगरानी हुने व्यवस्था हुनु पर्नेछ र उक्त सुविधा नभएमा प्रत्येक बिरामीको शैयामा **"कल बेल"** राख्नु पर्नेछ ।

(ज)अस्पतालको अन्तरङ्ग विभागमा आवश्यकता अनुसार चेन्जिङ्गरुम, शौचालय, बाथरुम, स्टोर तथा नर्स एवं डाक्टरको डयुटी रुमको व्यवस्था गरिएको हुनु पर्नेछ ।

(झ)प्रसुति सेवाको लागि लेवर रुम र प्रसुति कक्षमा कम्तिमा एउटा कार्डियो-टोकोग्राफी मेशिनका जडान भएको हुनु पर्नेछ ।

(ञ)डाक्टरको डयुटी रुम, प्यान्ट्री, आइसोलेशन रुम, ट्रिटमेन्ट रुम, शैचालय आदिको व्यवस्था हुनु पर्नेछ ।

(ट)शैयाहरु बीच कम्तिमा ५ फिट तथा भित्ताबाट कम्तिमा २ फिटको दूरी हुनु पर्नेछ ।

(ठ)अस्पतालमा बच्चा, सुत्केरी, अब्जरभेषन तथा सरुवा रोगका लागि छुट्टाछुट्टै वार्डको व्यवस्था हुनु पर्नेछ ।

(ड)जनरल शैयाको हकमा ४ देखि ६ शैयाको अनुपातमा १ सटाफ नर्सको व्यवस्था भएको हुनु पर्नेछ ।

(ढ)लेबर रुमको छुट्टै व्यवस्था भएको हुनु पर्नेछ ।

(ण)लेबर रुम र एक्टिभ लेवर वार्डको लागी छुट्टैशौचालयको व्यवस्था भएको हुनु पर्नेछ ।

(त)प्रसुति हुनु अगावैका बिरामी भर्ना गर्नका लागि pre-labour ward को व्यवस्था हुनु पर्नेछ ।

(थ)लेबर रुम र लेबर टेबलको हकमा बिरामीको चाप अनुसार तय अनुसार तय गर्नु पर्नेछ ।

(द)प्रति लेबर टेबल २ जना मिड वाईफ वा SBA तालिम प्राप्त नर्स हुनु पर्नेछ र एक्टिभ लेबर वार्डको हकमा प्रति २ शैया १ जन मिडवाइफ वा SBA तालिम प्राप्त नर्सको व्यवस्था हुनु पर्नेछ।

(ध)Active Labour Ward र लेबर रूम जोडिएको हुनु पर्नेछ।

१९. आकास्मिक विभागः

(१) आधारभूत अस्पतालको आकास्मिक सेवा सम्बन्धी मापदण्ड नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८ वमोजिमको देहाय अनुसारको हुनेछ।

(क) अस्पतालमा कुल शैया क्षमताको कम्मिा १०(दश) प्रतिशतका दरले आकास्मिक कक्षमा शैयाहरु उपलब्ध हुनु पर्नेछ।

(ख) आकास्मिक कक्ष संचलन गर्दा अल्ट्रासाउण्ड, एक्स-रे, इमेजिङ्ग सेवा, प्रयोगशाला, ओपिडी, ओ.टी. तथा अन्य वार्डहरुमा विरामी समेत व्हिलचेयर, ट्रली, स्ट्रेचर सजिलै लैजान ल्याउन सकिने गरी संचालनमाल्याएको हुनु पर्नेछ।

(ग) आकास्मिक कक्षमा प्रतिक्षालय, शौचालय, ट्रायजक्षेत्र, चेन्जिङ्ग रुम, मेडिको लिगल (Medico-Legal) का लागि गोपनियता सुनिश्चित हुने कोठाको व्यवस्था समेत भएको हुनु पर्नेछ।

(घ) (२४सै) चौबीसै घण्टा आकस्मिक सेवा दिने व्यवस्था मिलाएको हुनु पर्नेछ।

(ङ) १५ (पन्ध्र) शैयासम्मको अस्पतालमा आकास्मिक सेवाका लागि दक्ष स्वास्थ्यकर्मी चौबीसै घण्टा र चिकित्सक अन-कलमा(On Call) उपलब्ध हुने व्यवस्था हुनु पर्नेछ।

(च) आकस्मिक सेवामा काम गर्ने जनशक्ति कम्तीमा Basic Life Support/Primary Trauma Care/Advance Cardiac Life Support/Advance Trauma Life Support/Primary Emergency Care आदि सम्बन्धी तालिम लिएको हुनु पर्नेछ।

(छ) आकास्मिक सेवाका लागि चाहिने आवश्यक औषधीहरु चौबीसै घण्टा उपलब्ध हुने व्यवस्था हुनु पर्नेछ।

(ज) आपतकालीन सेवा दिनका लागि प्रयोग हुने सवारी साधनहरु अस्पतालको आपतकालीन कक्षमा सहजरुपमा आउन जान सक्ने व्यवस्था भएको हुनु पर्नेछ।

(झ) आकस्मिक विभागबाट बिरामी भर्ना गर्न, रिफर गर्ने विरामीको सेफरल प्रकृया तथा विरामी सार्ने पद्धति स्पष्ट रुपमा परिभाषित रहेको हुनु पर्नेछ।

(ञ) प्रकोपजन्य रोगहरु, प्राकृतिक प्रकोप जस्ता पक्षहरुलाई विचार गरी आकस्मिक उपचार सेवाका लागि संस्थाले विपद् व्यवस्थापनको योजना बनाएको र अध्यावधिक गरेको हुनु पर्नेछ।

(ट) आकस्मिक कक्षमा संचार सुविधा एव शुद्ध खानेपानीको व्यवस्था हुनु पर्नेछ।

(ठ) आकस्मिक कक्षमा सार्वजनिक टेलिफोन सेवाको व्यवस्था हुनु पर्नेछ।

परिच्छेद-७

जनशक्ति व्यवस्थापन

२०. जनशक्ति व्यवस्थापनः

(१)अस्पतालमा नेपाल सरकार, प्रदेश सरकार र कुम्मायक गाउँपालिकाले दरबन्दी निर्धारण गरे अनुसार देहायका कार्मचारीहरुको व्यवस्था हुनेछ।

कुम्मायक गाउँपालिका, पाँचथर

(क)स्थायी- नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्य जनशक्ति र लोक सेवा आयोगबाट पदपुर्तीहुने कर्मचारीहरु

(ख)करार- कुम्मायक गाउँपालिकाले तर्जुमा गरेको दरवन्दी अनुसार करार सेवामा नियुक्ती भएका कर्मचारीहरु

(ग)अभ्यास कर्ता- अनिवार्य सेवा गर्नुपर्ने गरी कुम्मायक गाउँपालिका बाट छात्र वृद्धि प्राप्त गरी अध्यनरत विद्यार्थीहरु

(घ)स्वच्छिक सेवा उपल्ब्ध गराउने व्यक्तिहरु

(ङ)Internship- विभिन्न शैक्षिक संस्थाहरुबाट Internship गर्न आएका विद्यार्थीहरु

(२) कुम्मायक आधारभूत अस्पतालको दरबन्दी विवरण

क्रं.स.	**पद**	**श्रेणी तह**	**सेवा**	**समूह**	**प्रस्तावित दरवन्दी**	**कैफियत**
१	ब.क/क.मेडिकल जनरलिष्ट (मे.सु)	९/१०	स्वास्थ्य	ज.हे.स.	१	
२	मेडिकल अधिकृत	८	स्वास्थ्य	ज.हे.स.	२	
३	स्टाफ नर्स	५/६/७	स्वास्थ्य	जनरल नर्सिङ	६	
४	हेल्थ असिष्टेन्ट	५/६/७	स्वास्थ्य	हे.ई.	४	
५	कविराज (आयर्वेद सहायक)	५/६/७	स्वास्थ्य	आयर्वेद	१	
६	ल्याब टेक्निसियन	५/६/७	स्वास्थ्य	मे.ल्या.टे.	१	
७	रेडियो ग्राफर	५/६/७	स्वास्थ्य	रेडियोग्राफी	१	
८	फार्मेसी सहायक	५/६/७	स्वास्थ्य	फार्मेसी	१	
९	डेण्टल हाइजिनिष्ट	४/५/६	स्वास्थ्य	डेण्टष्ट्री	१	
१०	एनेस्थेटिक सहायक	५/६/७	स्वास्थ्य	विविध	१	
११	अप्थालिमक सहायक	५/६/७	स्वास्थ्य	विविध	१	
१२	सहायक (नायब सुब्बा)	सहायक पाचौं	प्रशासन	सा.प्र.	१	
१३	कार्यलय सहयोगी	सहायक प्रथम	विविध	विविध	३	सेवा करार
१४	सरसफाईकमी	सहायक प्रथम	विविध	विविध	३	सेवा करार
१५	सुरक्षाकर्मी	सहायक प्रथम	विविध	विविध	३	सेवा करार
		जम्मा			**३०**	
		जम्मा			**२१ जना**	दरबन्दी
					९जना	**सेवा करार**

(३) सेवा करारमा कर्मचारी नियुक्ती गरिनेछ। यसरी नियुक्ति गर्दा खुल्ला प्रतिष्प्रधात्मक पद्दति अनुसार प्रचलित कानून बमोजिम कुम्मायक गाउँपालिकाको करार सेवा कार्यविधि बमोजिम हुनेछ।

(४) स्थायी दरबन्दीमा पदपुर्तीको लागी लोक सेवा आयोग सँग माग गरिने छ। लोक सेवा आयोगबाट सिफरिस भई नआएसम्मका लागी स्थायी पदहरुको पदपुर्ती दफा (१९) को (३) बमोजिम गरिनेछ। स्थायी दरबन्दीमा लोक सेवा बाट सिफारिस भई आए पश्चात करार

सेवामा कार्यरत कर्मचारीको सेवा समाप्त भएको मानिनेछ। करार सेवामा कार्यरत रहेको बखत सन्तुष्टीजनक सेवा नभएमा सेवाबाट तुरुन्त हटाइनेछ।

(५)कर्मचारी तथा स्वास्थ्य कर्मीहरुको सम्पुर्ण सेवा, सुविधा, अतिरिक्त समय, रात्रिकालिन सेवा तथा सट्टा विदा प्रचलित कानून बमोजिम र गाउँपालिकाले तोके बमोजिम हुनेछ।

(६) नियमित बाहेक आकश्मीक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीहरुलाई थप सेवा सुविधाको व्यवस्था गरिने छ।

(७) चिकित्सक, स्टाफ नर्स लगायत अन्य स्वास्थ्य सेवाका कर्मचारीहरुको सेवा सुविधाको विषयमा अस्पताल संचालन तथा व्यवस्थापन समितिको निर्णय र सिफारिस बमोजिम कुम्मायक गाउँपालिका, गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

(८) आधारभूत अस्पतालमा स्वास्थ्य सेवा तथा प्रशासन सेवामा कार्यरत स्थायी दरबन्दीका कर्मचारीहरुलाई सेवा तथा पद मिल्दो कुम्मायक गाउँपालिकाका अन्य स्वास्थ्य संस्थाहरु र कुम्मायक गाउँ पालिकामा सेवा गर्ने गरी हरेक आ.व.को भाद्र महिना सम्ममा स्थान्तरण गरिनेछ।

(९)उप दफा (८) मा जे भनिएतापनि यो ऐन प्रारम्भ हुँदाका बखद अस्पतालमा कार्यरत स्वास्थ्य सेवाका स्थायी तथा करारका कर्मचारीहरुलाई पहिलो पटकलाई राजपत्रमा यो ऐन प्रकाशन भएको एक महिना भित्र सेवा तथा पद मिल्दो कुम्मायक गाउँपालिकाका अन्य स्वास्थ्य संस्थाहरु र कुम्मायक गाउँ पालिकामा सेवा गर्ने गरी स्थान्तरण गरिनेछ।

(१०) नेपाल सरकार जन स्वास्थ्य सेवा ऐन २०७५ को दफा (३२) को अधिनमा रही आधारभुत अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी वा अन्य कर्मचारी गाउँपालिकाले तोकेको समयमा अन्यत्र सेवा गर्न पाउने छैन।

(११) नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाको प्रच्चलित कानून बमोजिम अस्पतालको स्तरोन्नती गरी सेवा विस्तार गर्न सकिनेछ।

(१२)नेपाल सरकार जन स्वास्थ्य सेवा ऐन २०७५ को दफा ३१ का अधिकार प्रयोग गरी उपलब्ध स्रोत साधन तथा जनशक्तिको आधारमा आवश्यकता अनुसार विस्तारित अस्पताल सेवा संचालन गर्न सक्नेछ।

(१३)कार्यलय प्रमुखका रुपमा अस्पताल प्रमुखले कार्य गर्नेछ।

(१४)अस्पताल प्रमुख तथा अन्य कर्मचारीहरुले प्रमुख प्रशासकीय अधिकृत सँग कार्यसम्पादन सम्झौता गर्नुपर्नेछ।

(१५)अस्पताल जनशक्तिको क्षमता अभिवृद्धिको लागी गाउँपालिकाले तालिम, गोष्ठी तथा प्रशिक्षण कार्यक्रम संचालन गर्नुपर्ने छ।

(१६) अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी, नर्स तथा अन्य कर्मचारीहरुको तलब भत्ता लगायतका सुबिधा नेपाल सरकार, कोशी प्रदेश सरकार तथा गाउँपालिकाले तोके बमोजिम हुनेछ।

(१७) कर्तव्य एवं उत्तरदायित्वः स्वास्थ्य क्षेत्र अति संवेदनसिल क्षेत्र भएकोले अस्पतालमा कार्यरत सबै तह र तप्काका कर्मचारीहरु गाउँपालिका प्रति उत्तरदायि हुनुपर्नेछ।

(१८)उपदफा (८) र (९) अनुसार आधारभूत अस्पतालममा कार्यरत कर्मचारीहरुलाई स्थान्तरण गरे पश्चात कुम्मायक गाउँपालिका कार्यलय र स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुलाई आवश्यक्ता अनुसार आधारभूत अस्पतालमा स्थान्तरण गरी काम काज गर्न लगाइनेछ।

२१.अस्पताल प्रमुखको काम, कर्तव्य र अधिकार

(१)गाउँपालिका तथा अस्पताल संचालन तथा व्यवस्थापन समितिको अधिनमा रही नेपाल सरकार बाट जारि गरिएको आधारभूत स्वास्थ्य सेवा तथा आवश्यक्ता अनुसार विशेषज्ञ सेवा प्रवाह गर्न न्युनतम सेवा मापदण्ड लाई कार्यन्वयन गर्ने र अस्पतालको दैनिक सेवा संचालन गर्ने।

(२)अस्पताल संचालनका लागी गाउँपालिका, सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग समन्वय गर्ने।

(३)अस्पताल संचालनका लागी वार्षिक बजेट तथा कार्यक्रम स्वास्थ्य शाखा सँग समन्वय गरी कार्यपालिकामा पेश गर्ने।

(४)अस्पतालबाट प्रधान गरिने सेवामा गुणस्तर कायम राख्ने।

(५)अस्पताल प्रशासन चुस्तदुरुस्त राख्ने ।

(६)अस्पताल कर्मचारीहरुको दैनिक रेखदेख, नियन्त्रण तथा व्यवस्थापन गर्ने।

(७)तोके बमोजिमका अन्य कार्यहरु गर्ने।

परिच्छेद-८

फार्मेसी सेवा, प्रयोगशाला सेवा तथा रेडियो इमेजिङ्ग सेवा

२२. फार्मेसी सेवा

(१)निशुल्क औषधि वितरण तथा अस्पतालमा आवश्यक औषधि बिक्रि वितरण गर्न अस्पतालले आफ्नै फार्मेसि वा सेवा परामर्श खरिद गरी संचालन गर्न सक्नेछ।

(२) दफा १६ को १ (च) को फार्मेसी सेवा नेपाल सरकारको "स्वास्थ्य संस्था संचालनमापदण्ड (पहिलो संसोधन) २०७८ बमोजिमको देहाय अनुसारको हुनेछ।

(क) फार्मेसी इकाई सबै बहिरङ्ग विभाग तथा आकास्मिक विभागको सहज पहुँचमा हुनु पर्छ।

(ख) प्रति २०० जना बहिरङ्ग सेवाका सेवाग्राहीको लागि एउटा डिस्पेन्सिङ्ग काउन्टर हुनु पर्नेछ।

(ग) औषधी भण्डारणको लागि छुट्टै भण्डार कोठाको व्यवस्था हुनु पर्नेछ।

(घ) अन्तरङ्ग सेवाका विरामीहरुका लागि छुट्टै डिस्पेन्सिङ युनिटको व्यवस्था हुनु पर्नेछ।

(ङ) फर्मेसी सेवा चौबीसै घण्टा खुला हुनु पर्नेछ।

(च) फार्मेसी सेवा व्यबस्थापनका लागि औषधि तथा उपचारसम्बन्धी समिति(Drug and Therapeutics Committee)को गठन भएको हुनु पर्नेछ।

(छ) गुणस्तरीय फार्मेसी अभ्यास अनुकुल हुनेगरी औषधी खरिद, भण्डारण, अत्यावश्क औषधी तया सामग्रीहरुको अभाव हुन नदिन, औषधीको प्राप्ती, निरीक्षण, हस्तान्तरण, औषधीको गुणस्तर हेर्न, इनभेन्टरी व्यवस्थापन, लागु तथा मनोद्वीपक औषधीहरुको भण्डारण, औषधीको गुज्रने म्याद, फोहोर व्यवस्थापन, किरा तथा मुसाहरुको नियन्त्रण गर्न स्तरीय सञ्चालन विधि (Standard Operating Mannual) अपनाएको हुनु पर्नेछ।

(ज) अस्पतालको फार्मेसी सेवा व्यवस्थापन नेपाल सरकारको अस्पताल फार्मेसी सेवा निर्देशिका २०७२ लाई आधारमानी यस गाउँपालिकावाट स्वीकृत "आधारभूत अस्पतालको फार्मेसी सेवा निर्देशिका" बमोजिम हुनेछ।

२३. प्रयोगशाला सेवा:

(१) दफा १६ को १ (घ) प्रयोगशाला सेवा नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८" बमोजिम प्रयोगशाला देहायको मापदण्ड अनुसार संचालन गर्नु पर्नेछ।

(क)प्रयोगशाला क्षेत्र सम्बन्धी व्यवस्था

(१) क्षेत्रफल २५० वर्ग फिट

(२) प्रयोगशालाको नक्शाइन (Lay Out) नमूना सङ्कलन गर्ने देखि लिएर विसर्जन सम्म हुने गरी

लजिकल फ्लो (Logical Flow) मिलाएको हुनु पर्नेछ।

(३) नमुना संकलन, नमुना प्रासेसिङ, नमुना परीक्षण, रिपोर्टिङ आदिको लागि छुट्टा छुट्टै क्षेत्र हुनु पर्नेछ।

(४)तोकिएको कुल क्षेत्रफलको न्यूत्तम ७०% भाग प्रयोगशालासँग सम्बन्धित प्राविधिक परीक्षण कार्यको नागि छुट्याइएको हुनु पर्नेछ। बाँकी ३०% भागमा प्रयोगशालासँग सम्बन्धित अन्य कार्यहरु जस्तैः नमूना संकलन, प्रतिक्षालय, मिटिङ्ग हल, कार्यालय क्षेत्र, भण्डार, शौचालय आदिको लागि व्यवस्था गर्न सकिनेछ।

(ख) प्रयोगशाला कर्मचारीः

(१) दफा १९ (२)को (६) मा उल्लेख भए बमोजिमको कर्मचारी हुनु पर्नेछ।

(२)चौवीस घण्टा आकस्मिक प्रयोगशाला सेवा संचालन गर्न न्यूनतम १ (एक) जना थप कर्मचारी व्यवस्थापन गर्नु पर्नेछ।

(३)प्रयोगशाला कर्मचारीलाई कार्य बमोजिमको आवश्यक तालिमको व्यवस्था गरेको हुनु पर्नेछ।

(४) न्यूनतम मानव संशाधनको संख्या गणना गर्दा प्रयोगशालाको कार्य बोझको आधारमा फुल टाइम र नियमित पार्ट टाइम कर्मचारी हुनु पर्नेछ। नियमित पार्ट टाइम कर्मचारी भन्नाले दैनिक रुपमा न्यूनतम तीन घण्टा उपलब्ध हुने कर्मचारीलाई मात्र मानिने छ। न्यूनतम जनशक्ति प्रयोग गर्दा (२ जना पार्ट टाइम कर्मचारी बरावर १ जना फुल टाइम) कर्मचारी मानिने छ।

(ग) प्रयोगशाला औजार उपकरण सम्बन्धी व्यवस्था

(१) All Basic Equipment, cosumables, reagents/kitsincluding (but not limited to):

- Binocular Microscope
- Centrifuge
- Colorimeter
- Water Bath
-VDRL Shaker
- Hot Air Oven
-Micropippettes
-DLC counter
-power backup
-Autoclave
-Incubator
-Semi-automated Biochemistry analyzer

(२) उपकरणहरुको सम्भार तालिका बनाइ नियमित रुपमा सम्भार गर्नु पर्नेछ।

(३) अत्यावश्यक परीक्षणहरुका लागि सोही क्षमताको व्याकअप उपकरणको व्यवस्था हुनु पर्नेछ।

(घ) परीक्षण सेवा:

(१) प्रयोगशालामा देहाय बमोजिमको परीक्षण उपलब्ध हुनेछ:

-**Hematology:** TC, DC, hemoglobin, ESR, blood grouping for non transfusion purpose, BT, CT, RBC Count, PT, APTT, Platelet count, Hematocrit, Red cell indices

-Biochemistry: Sugar, Yrea, Billirubin T&D, S. Uricacid, Total protein, serum albumin, SGOT, SGPT, ALP, lipid profile, creatinine, sodium, potassium,
-Microbiology: sputum AFB stain(z-n stain), Gram stain and KoH mount for fungi
-Serological test: RPR, Widal test, ASO Titre, RA Factor, CRP, Test by RDTs :All
- Miscellaneous: Stool for accult blood, Urine ketone body, urobillinogen, bile salt, bile pigmen, Bence J ones protein.

(ङ)आकस्मिक प्रयोगशाला परीक्षण सेवा सम्बन्धी व्यवस्था

(१) नेपाल सरकारको 'स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८ बमोजिम प्रयोगशालामा आकस्मिक परीक्षण सेवा देहाय अनुसार हुनु पर्नेछ।

(क) अस्पतालमा आधारित प्रयोगशालामा आकस्मिक सेवा उपलब्ध हुनु पर्नेछ।

(ख) आकस्मिक परीक्षणको नतिजा नमूना प्राप्त गरेको अधिकतम २ (दुई) घण्टाभित्र दिनु पर्नेछ।

(ग) छुट्टै आकस्मिक प्रयोगशाला नभएका अस्पतालले आकस्मिक परीक्षण रुटिन प्रयोगशालाबाटै हुने व्यवस्था गर्न सक्नेछन् । तर आकस्मिक परीक्षणको नतिजा तोकिएकै समयमै प्रदान गर्न स्पष्ट कार्यविधि तय गरेको हुनु पर्नेछ। आकस्मिक परीक्षण अनुसूची-१ बमोजिम हुनेछ।

(च) बायोसेफ्टी सेक्युरिटी सम्बन्धी

(१) प्रयोगशालाको बायोसेफ्टी सेक्युरिटी सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनु पर्नेछ।

(क) स्वास्थ्य प्रयोगशाला न्यूनतम Biosafety Security Level (BSL)-2 level को हुनु पर्नेछ।

(ख) बायोसेफ्टी सेक्युरिटीको कार्य सम्बन्धी जिम्मेबार जनशक्ति तोकिएको हुनु पर्नेछ।

(छ) प्रयोगशालाको गुणस्तर सम्बन्धी व्यवस्था

(१) प्रयोगशालाको गुणस्तर सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनु पर्नेछ।

(क) प्रयोगशालाले राष्ट्रियस्तरमा सञ्चालन गरेको बाह्य गुणस्तर सुनिश्चितता कार्यक्रम (National Externan Quality Assuarance Scheme) मा सहभागिता जनाउनु पर्नेछ।

(ख) आन्तरिक गुणस्तर नियन्त्रण (Internal Quality Cotrol) को व्यवस्था दुरुस्त हुनु पर्नेछ।

(ग) प्रयोगशालामा प्रयोगहुने औजार, उपकरण, औषधी तथा सेवा गुणस्तरिय हुनुपर्नेछ।

(ज) परीक्षण रिफरल सम्बन्धी व्यवस्था :

(१) प्रयोगशालाले परीक्षण रिफरल गर्ने सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनु पर्नेछ।

(क)प्रयोगशालाले आफुसँग उपलब्ध नभएका परीक्षणहरु प्रेषण गर्न सक्नेछ। प्रापक प्रयोगशाला न्यूनतम "बी" वर्गको र प्रेषक प्रयोगशाला न्यूनतम "डी" वर्गको हुनु पर्नेछ।

(ख) प्रापक र प्रेषक प्रयोगशालाबीच करार सम्झौता (MOU) भएको हुनु पर्नेछ।

(ग) प्रेषण गरिने परीक्षणहरुको सूची निर्धारित भएको हुनु पर्नेछ।

(घ) सेवाग्राहीलाई उसको परीक्षण प्रेषण गरिएको जानकारी दिनुपर्छ। साथै, सेवाग्राही आफै प्रयोगशालामा गई परीक्षण गराउँन सक्नेछ ।

(ङ) प्रेषण गरिएका परीक्षणहरुको रिर्पोट रिफरल प्रयोगशालाकै रिपोर्ट फाराममा उपलब्ध गराउनु पर्नेछ।

(च) प्रेषण गर्ने नमूनाको ढुवानी विधि तथा नतिजा सूचना प्रवाह गर्ने विधि स्पष्ट हुनु पर्नेछ ।

(छ) नेपालको प्रयोगशालामा नहुने परीक्षण मात्रै देश बाहिर प्रेषण गर्न सकिनेछ। तर, देश भित्र उपलब्ध रहेका परीक्षणहरु कुनै सेवाग्राहीको इच्छा भएमा देश बाहिरको प्रयोगशालामा पठाउन सकिनेछ ।

(ज) देश बाहिर परीक्षण पठाउँदा अनुसूची २ बमोजिमको ढांचामा सेवाग्राहीको अनिवार्य लिखित सहमति हुनुपर्नेछ ।

(झ) विदेशी रिफरल प्रयोगशाला सूचीकरण सम्बन्धमा

(१) देश बाहिरका रिफरल प्रयोगशाला मन्त्रालय वा तोकिएको निकायमा सूचीकृत हुनु पर्नेछ ।

(२) बिदेशी रेफरल प्रयोगशाला ISO प्रमाणिकरण भएको हुनु पर्नेछ ।

(३) प्रेषण गरिएका परीक्षणहरुको सूचीको अभिलेख त्रैमासिक रुपमा राष्ट्रिय जन स्वास्थ्य प्रयोगशालामा बुझाउनु पर्नेछ।

(झ)अभिलेख सम्बन्धी व्यवस्था

(१) अस्पताल प्रयोगशालामा देहाय बमोजिमका अभिलेखहरु राख्नु पर्नेछ ।

(क) प्रयोगशालाका मुख्य परीक्षणहरुको SOP

(ख) Equipment user manual

(ग) Equipment maintenance record

(घ) IQC रेकड EQA रेकर्ड

(ङ) कर्मचारीहरुको व्यक्तिगत विवरण/ अनुभव / तालिम / शैक्षिक योयग्ता आदिको रेकर्ड

(च) प्रेषण गरिएका परीक्षणको अभिलेख

(छ)प्रेषक र प्रापक प्रयोगशाला बीचमा भएको करार सम्झौता(MOU)

(ञ)अस्पताल प्रयोगशाला सम्बन्धी विविध व्यवस्था

प्रयोगशाला सम्बन्धी विविध व्यवस्था देहाय बमोजिम हुनु पर्नेछ ।

(१) इजाजत प्राप्त गरेपछि हरेक आर्थिक बर्ष समाप्त भएको मितिले एक महिना भित्र इजाजत पत्र प्रदान गरेको निकाय समक्ष मन्त्रालयले तोके बमोजिमको विवरण सहितको स्वमूल्याङ्कन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) नेपाल सरकारद्वारा मान्यता प्राप्त रिफरेन्स र राष्ट्रिय प्रयोगशाला बाहेक अन्य कुनैपनि प्रयोगशालाले आफ्नो नाममा "रिफरेन्स र राष्ट्रिय" शब्दको प्रयोग गर्न पाइने छैन ।

(३) स्थापना भएको एक वर्षसम्म हरेक महिना गरेका परीक्षणहरुको बिवरण अनुमति दिने निकाय तथा गाउँपालिकामा बुझाउनुपर्नेछ ।

२४. रेडियो इमेजिङ्ग सेवा सम्बन्धी व्यवस्था

दफा १६ (१) को (ङ) बमोजिम रेडियो ईमेजिङ्ग सेवा नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८ बमोजिम गुणस्तर एवं मापदण्ड देहाय अनुसार हुनु पर्नेछ ।

कुम्मायक गाउँपालिका, पाँचथर

(क) साधारण एक्स-रे सेवा सम्बन्धी व्यवस्था :

(१) एउटा एक्स-रे मेशिन जडान गर्नका लागि कम्तिमा ४५० से.मि× ४०० से.मि. × २५० से.मि. को कोठा उपलब्ध हुनु पर्नेछ।

(२) नियन्त्रण गर्ने कोठा एक्स-रे कोठा भन्दा अलग हुनु पर्छ र कम्तिमा १५५से.मि. ×१२० से.मि. को हुनु पर्नेछ।

(३) प्रोसेसिंङ कोठा एक्स-रे कोठा भन्दा अलग हुनु पर्नेछ।

(४) प्रतिक्षा गर्ने र रिपोर्ट दिने कोठा अलग अलग हुनु पर्नेछ।

(५) देहाय बमोजिमका कोठाको व्यवस्था गरी विकिरण चुहावट नियन्त्रण गर्नु पर्नेछ

(क) ढोका र हेर्ने भयाल (भ्यूईड भ्याल) मा २ मि.मि. बाक्लो सिसा लिड) हुनुपर्नेछ।

(ख) ०.२ मि.मि. बाक्लो सिसा (लिड) र १५ से.मि ईटाको भित्ता वा २५ बा २५ से.मि. ईटाको भित्ता वा कंक्रिटको भित्ता हुनुपर्नेछ।

(ग) सम्भव भए सम्म भ्याल नभएको कोठा, कोठाको भेन्टिलेशन जमिन देखि १८० से.मि. माथि रहेको र आफै बन्द हुने स्वचालित ढोका भएको हुनुपर्नेछ।

(घ) मोबाइल एक्स-रे उपकरण संचालन गर्दा तारको लम्बाई कम्तिमा २०० से.मि भएको हुनुपर्नेछ।

(६) पोर्टेबल एक्स-रे उपकरणहरु सधै एक खण्ड (स्ट्याण्ड) मा राखिएको हुनु पर्नेछ।

(७) कम्तिमा एउटा २ मि.मि वाक्लो लिड एप्रोन वा बराबरको विकीरणबाट सुरक्षा दिने सामग्री हुनु पर्नेछ।

(८) कम्तिमा ०.२ मि.मि बाक्लो चश्मा, लिडको पन्जा, थाईराइड शिल्ड र गोनाड शिल्ड उपलब्ध हुनु पर्नेछ।

(९) विकिरण क्षेत्रमा काम गर्ने प्राविधिक कर्मचारीलाई बिकिरण निगरानी उपकरण (पर्सनल रेडिएशन डोज मनिटर) प्रदान गर्नु पर्नेछ र उक्त उपकरणको नियमित परीक्षण तीन/तीन महिनामा गर्नु पर्नेछ।

(१०) विकिरण क्षेत्रमा काम गर्न कर्मचारीहरुको लागि विकिरणको डोजको सिमा इन्टरनेशनल कमिशन अन रेडियोलोजिकल प्रोटेक्सनले तोकेको मापदण्ड अनुसार २० मि. लि. सिवर्ट प्रति वर्ष वा पाँच वर्षको औसत १०० मि. लि. सिवर्टको सीमाभित्र हुनु पर्नेछ। त्यो सीमा भन्दा बढी भएमा सम्बन्धित संस्थाले उक्त कर्मचारीलाई बिकिरण मुक्त क्षेत्रमा काम गर्ने व्यवस्था गर्नु पर्नेछ।

(११) आवधिक रुपमा मेडिकल फिजिसिष्ट वा बिकिरण संरक्षण अधिकृतबाट एक्स-रे कोठाको वरीपरी सर्वेक्षण गराउनु पर्नेछ।

(१२) एक्स-रे को राम्रो इमेज प्राप्त गर्न मानक एक्सपोजर मापदण्डहरुको चार्ट (Standard Exposure Parameter Chart) प्रयोग गर्नु पर्नेछ।

(१३) बैकल्पिक विद्युत आपुर्तिको लागि Back up को व्यवस्था हुनु पर्नेछ।

(ख) अल्ट्रासोनोग्राम सेवा सम्बन्धी व्यवस्था :

(१) इमर्जेन्सी सेवामा चाहिने औषधि लगायत औजार उपकरणहरुको राम्रो व्यवस्था हुनु पर्नेछ।

(२) स्ट्रेचर/ह्विलचेयरको व्यवस्था हुनु पर्नेछ।

(३) शैचालय तथा चेन्जिङ्ग रुमको राम्रो व्यवसथा हुनु पर्नेछ।

(४) अन्य व्यवस्था साधारण एक्स-रेमा जस्तै हुनु पर्नेछ।

(ग) रेडियोलोजी सेवाको लागि आवश्यक पर्ने उपकरणहरु

रेडियोडाइग्नोसिस तथा इमेजिङ्ग सम्बन्धी उपकरणहरु मन्त्रालयको स्वीकृति विना नेपालभित्र ल्याउन र सञ्चालन गर्न पाइने छैन। आधारभूत अस्पतालको रेडियोलोजी सेवाका उपकरणहरु देहाय बमोजिम हुनु पर्नेछ।

(१) 500 MA X-Ray with Image Intensifier - १ थान

(२) Ultrasound Machine with Color Doppler -१ थान/ १५ वेड

(घ) सेवा सञ्चालन गर्नका लागि अतिरिक्त व्यवस्था:

(१) आइपर्न सक्ने गम्भिर प्रकृतिका असरहरुलाई तत्काल उपचारको लागि इमर्जेन्सीमा चाहिने औषधि लगायत औजार उपकरण र आवश्यक चिकित्सक लगायत अन्य स्वास्थ्यकर्मीहरुको उपलब्धता हुनु पर्नेछ।

(२) स्ट्रेचर/ह्विलचेयरको व्यवस्था हुनु पर्नेछ।

(३) विकिरण क्षेत्रमा काम गर्ने कर्मचारीका लागि नेपाल सरकारले तोके बमोजिम हुने गरी जोखिम भत्ताको व्यवस्था हुनु पर्नेछ।

(४) इमर्जेन्सी प्रयोजनका लागि आधारभूत उपकरण तथा औषधीहरु देहाय बमोजिम हुनु पर्नेछ :-

औषधि	औजार/ उपकरण
-IV Fluid/IV Canula	-Ambu Bag, Suction Machine
-Atropine/Adrenaline	-Intubation/Tray air base
- Hydrocortisone	-Laryngoscope, ET tube O_2Cylinder

परिच्छेद-९
सेवा सम्बन्धी व्यवस्था

२५.सेवा सम्बन्धी व्यवस्था

(१)अस्पतालको सेवा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क)आधारभूत अस्पतालले सेवा व्यवस्थापन कार्य सकेसम्म सेवा इकाईको व्यवस्था मार्फत गर्नेछ।

(ख)अस्पतालमा आउने विरामी एवं सेवाग्राहीहरुलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ तथा सहायता कक्षको व्यवस्था OPD Counter अगाडी नै गर्नुपर्ने हुन्छ।

(ग) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको १०% (दश प्रतिशत)शैया छुट्टयाई निःशुल्क उपचार गर्नेछ।

(घ)सेवा सम्बन्धी सेवाहरु २४ (चौबीस) घण्टा उपलब्ध गराउनेछ।

(ङ)नागरिक बडा-पत्र **अनुसूची-३** बमोजिमको ढाँचामा राख्नुपर्ने छ।

(च) बिरामीलाई अन्यत्र प्रेषण गर्दा उपचार मापदण्डका आधारमा पहिचान गरी सो को अभिलेख राख्नु पर्नेछ।

(छ) अभिलेख तथा प्रतिवेदनः निःशुल्क तथा आंशिक शुल्क छुट सेवा लिने विरामीहरुको व्यवस्थित रुपमा अभिलेख राख्ने र सो को मासिक, चौमासिक, वार्षिकप्रतिवेदन तयार गरी सम्बन्धित निकाय र गाउँपालिकामा पठाउनु पर्नेछ।

(ज)सेवा अन्तर्गत आंशिक छुट तथा निःशुल्क सेवा लिएका व्यक्तिहरुको विवरण मासिक रुपले देखिने गरी टाँस्नु पर्नेछ।

(झ)अस्पतालले बहिरंग सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरुको उपलब्ध हुने समय तालिका (दिन, बार र समय) खुल्ने गरि सबैले देख्ने ठाँउमा राख्नुपर्नेछ।

२६. स्वास्थ्य बीमा सेवा सम्बन्धी व्यवस्था :

स्वास्थ्य बीमा सेवा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) आधारभुत अस्पतालले प्रथम सेवा बिन्दुको रुपमा स्वास्थ्य बीमाको कानून बमोजिमको सम्पूर्ण सेवाहरु उपलब्ध गराउने छ।

(ख) अस्पतालले आवश्यक सेवा उपलब्ध गराउन नसक्ने भएमा प्रेषण पुर्जी भरी नजिकको सेवा प्रदायक स्वास्थ्य संस्थामा पठाउने छ।

(ग) अस्पतालले सेवा प्रदान गर्दा लाग्न सक्ने अनुमानित खर्च बारे बीमितलाई सेवा गर्नु अगाडी नै जानकारी गराउनु पर्नेछ।

(घ) अस्पतालले स्वास्थ्य बीमा सम्बन्धी सेवा उपलब्ध गराउँदा बीमितलाई शिष्टाचारपूर्वक व्यवहार गर्नु पर्नेछ, सम्झौता बमोजिमको सेवा सुविधाको प्याकेज गुणस्तरीय रुपमा उपलब्ध गराउने र उक्त प्याकेज निरन्तर उपलब्ध गराउने व्यवस्था सुनिश्चित गर्नेछ।

(ङ) अस्पतालले स्वास्थ्य बीमा सेवा वापतको मूल्य दावी स्वास्थ्य बीमा सूचना प्रणालीमा आवश्यक कागजात तथा बिल समयमै प्रविष्ट गरी गर्नु पर्नेछ।

(च) अस्पतालले अस्पताल परिसर भित्रै स्वास्थ्य बीमा सम्बन्धी औषधी वितरण कक्ष संचालन गर्नुपर्नेछ।

(छ) अस्पतालले स्वास्थ्य बीमाका सेवाग्राहीका लागि दर्ता एवं सोधपुछको लागि उचित व्यवस्था गर्नेछ।

२७.संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धी व्यवस्था

(१) अस्पतालमा प्रयोग हुने औजार उपकरणहरुको दुषण निवारण, निःसंक्रमण तथा निर्मलीकरण सम्बन्धी छुट्टै जिम्मेवारी अन्तर्गत कार्य व्यवस्थापन गर्नु पर्नेछ।

(२) संक्रमण रोकथामका लागि स्वास्थ्यकर्मी लगायत फोहोमैला व्यवस्थापनसँग सम्बन्धित कर्मचारीहरुलाई आवश्यक अभिमुखिकरण तालिम दिनु पर्नेछ।

(३)कामको प्रकृक्ति र आवश्यकता अनुसार कर्मचारीहरुलाई आवश्यक परिमाणमा व्यक्तिगत सुरक्षा सामग्री (PPE) उपलबध गराउनु पर्नेछ।

(४) सेवा प्रदायकको सुरक्षाका लागि आवश्यक पर्ने खोप तथा औषधिको व्यवस्था गर्नु पर्नेछ।

(५) स्वास्थ्य संस्थाजन्य संक्रमणबाट बचाउनको लागि स्वास्थ्यजन्य फोहोर मैलाको प्रचलित मापदण्ड अनुसार व्यवस्थापन गर्ने पर्नेछ।

(६) अस्पतालका प्रमुख स्थानहरु (जस्तै प्रवेश स्थल, इमर्जेन्सी कक्ष, अन्तरङ्ग विभाग, बहिरङ्ग विभाग लगायत) मा हात धुन मिल्ने व्यवस्था वा स्यानिटाइजरको व्यवस्था गर्नु पर्नेछ।

(७) प्रत्येक प्रोसिडर पछि प्रयोग भएका सामानलाई अटोक्लेभ गरी निःसंक्रमित गर्नु पर्नेछ।

(८) संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धी आवश्यकता अनुसार कार्य समुह गठन एवं परिचालन गर्नु पर्नेछ।

२८.जन-स्वास्थ्य सेवा सम्बन्धी व्यवस्था

(१)अस्पतालले नेपाल सरकार, प्रदेश सरकार, एवं कुम्मायक गाउँपालिकाले तोके बमोजिम जनस्वास्थ्य सेवाहरु उपलब्ध गराउनु पर्नेछ।

(२)कुनै विशेष कारणले उल्लेख गरे बमोजिमका सेवाहरु उपलब्ध गराउन नसक्ने भएको अवस्थामा गाउँ कार्यपालिकाको कार्यालय एवं सम्बन्धित निकायमा सूचित गर्नु पर्नेछ।

(३) नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको सेवा तथा कार्यक्रमसँग सम्बद्ध प्रोटोकल मापदण्ड, निर्देशिकाहरुको पालना गर्नु पर्नेछ।

(४)अस्पतालले उपलब्ध गराएका सेवाहरुको अभिलेख राखी कुम्मायक गाउँपालिका, गाउँ कार्यपालिकाक कार्यालयमा सो को प्रतिवेदन नियमित रुपले पठाउनु पर्नेछ।

कुम्मायक गाउँपालिका, पाँचथर

२९.फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

(१)अस्पतालको स्वास्थ्यजन्य फोहीमैलायी व्यवस्थापन नेपाल सरकारको स्वास्थ्य संस्थाजन्य फोहोमैला व्यवस्थापन निर्देशिका २०७१, फोहोर मैला व्यवस्थापन निर्देशिका २०७७ तथा 'स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८ बमोजिम देहाय अनुसार गर्नु पर्नेछ।

(क) तयारी तथा क्षमता अभिवृद्धि

(१) अस्पतालको स्वास्थ्य जन्य फोहोरमैला व्यवस्थापनको कार्ययोजना तयार गरी अस्पताल प्रमुखबाट स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ।

(२) अस्पताल प्रमुखको नेतृत्वमा सबै विभाग तथा इकाईको प्रतिनिधित्व गराइ स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन समिति गठन गरी सबै सदस्यहरुको निर्दिष्ट जिम्मेवारी परिभाषित गरी पालना गराउनु पर्नेछ।

(३) स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी तालिम दिई कम्तीमा १ (एक) जना कर्मचारीलाई फोहोर व्यवस्थापनको जिम्मेवारी दिनु पर्नेछ।

(ख) उत्पादन तथा वर्गीकरण

(१) फोहोरमैला उत्पादन स्रोतमै कुहिने, नकुहिने र अस्पतालजन्य फोहोर छुट्याई तोकिएको कन्टेनरमा राख्नुपर्नेछ। सो विषयमा सम्बन्धी सेवाग्राही तथा कुरुवासमेतलाई जानकारी दिनु पर्नेछ।

(२) फोहोरमैला वर्गीकरणका लागि विभिन्न रङ्गको बाल्टिन तथा बिनहरुको फोहोर उत्पादन स्थलमा राख्ने व्यवस्था गर्नु पर्नेछ।

(३) फोहोर व्यवस्थापनमा प्रयोग हुने बाल्टिन तथा बिनहरुमा देहाय बमोजिमका रङ्ग कोडिङ्ग मापदण्ड लागु गरिएको हुनु पर्नेछ :-

- हरियो रङ्गः कुहिने फोहोरको लागि
- निलो रङ्गः नकुहिने फोहोरको लागि
- रातो रङ्गः जोखिमयुक्त फोहोरको लागि (संक्रमित, प्याथोलोजिकल, धारिलो तथा साइटोटक्सिक औषधी)
- पहेलो रङ्ग : जोखिमयुक्त रसायनिक फोहोरको लागि
- कालो रह: रेडियोधर्मी फोहोरको लागि

(४) फोहोर वर्गीकरण, संकलन तथा भण्डारणका लागि प्रयोग हुने हरेक बाल्टिन तथा बिन (औषधी उपचार ट्रली समेतमा प्रयोग हुने) मा तस्वीर एवं विवरण सहितको लेबलिङ्ग भएको हुनुपर्नेछ।

(५) सक्रमित सुई नष्ट गर्ने उपकरण (Needle Cutter वा Needle Destroyer) को व्यवस्था हुनु पर्नेछ।

(ग) भण्डारण तथा ओसार पसार

(१) वर्गीकरण गरिएको फोहोरहरुलाई छुट्टाछुट्टै भण्डारण गर्नु पर्नेछ।

(२) हावा र प्रकाश आउने छुट्टै कोठा स्थानको व्यवस्था गरी संक्रमित फोहोरलाई गर्मी मौसममा २४ घण्टा र चिसो मौसममा ४८ घण्टाभित्र विसर्जन गर्ने व्यवस्था गर्नु पर्नेछ

(३) सामान्य र जोखिमयुक्त फोहोरलाई छुट्टाछुट्टै ट्रलीको प्रयोग गरी भिडभाड नहुने समय र क्षेत्र हुदै ओसार पसार गर्नु पर्नेछ।

(घ) फोहोरको उपचार :

(१) संक्रमित फोहोरको उपचार देहाय बमोजिमको प्रविधि प्रयोग गरी संक्रमित फोहोरलाई निःसंक्रमण गर्नु पर्नेछ।

(अ) नबाल्ने प्रविधिहरु (Non burn technologies) जस्तै: Autoclave, Microwave, Friction Heat based आदि।

(आ) रसायनिक विधिमा आधारित (Chemical Disinfection)

(इ) इन्क्याप्सुलेशन (Encapsulation)

(ई) Septic Concrete Vault

(उ) Bureal (धारिलो फोहोरका लागि खाडल)

(२) प्याथोलोजिकल फोहोरको उपचार देहाय बमोजिमको तरिकाले गर्नु पर्नेछ।

(अ) Placenta Pit

(आ) Anaerobic Digester/Biogas

(३) रसायनिक फोहोरको उपचार देहाय बमोजिमको तरिकाले गर्नु पर्नेछ।

(अ) निर्यातकर्ता / उत्पादकलाई नै फिर्ता गर्ने नीति (Return Back policy

(आ) इन्क्याप्सुलेशन (Encapsulation) / निष्क्रिय पारेर (Inertization)

(४) औषधिजन्य फोहोरको उपचार देहाय बमोजिमको तरिकाले गर्नु पर्नेछ।

(अ) निर्यातकर्ता/उत्पादकलाई नै फिर्ता गर्ने नीति (Return Back policy)

(आ) इन्क्याप्सुलेशन (Encapsulation) / निष्क्रिय पारेर (Inertization)

(इ) अलकालाइन हाइड्रोलाइसिस (Alkaline Hydrolysis) पद्धति

(५) साइटोटक्सिक फोहोरको उपचार देहाय बमोजिमको तरिकाले गर्नु पर्नेछ।

(अ) निर्यातकर्ता/उत्पादकलाई नै फिर्ता गर्ने नीति (Return Back policy)

(आ) इन्क्याप्सुलेशन (Encapsulation/ निष्क्रिय पारेर (Inertization)

(इ) रसायनिक तथा भौतिक उपचार (Neutralization, Detoxyfication, Chemical Reduction Or Oxydation, Hydrolysis and Others)

(६) अस्पतालमा उत्पादन हुने फोहोरको निःसंक्रमण अस्पतालमा नै गर्नु पर्नेछ।

(ङ) फोहोरमैलाको विसर्जन (Disposal):

(१) तोकिएको प्रविधिहरुबाट उपचार गरे पश्चात साधारण फोहोलाई स्थानीय तहको फोहोर संकलन तथा व्यवस्थापन प्रणालीसँग एकीकृत रुपमा विसर्जन गर्ने वा पुनःचक्रीय गर्न मिल्ने असंक्रमित सामग्रीहरुलाई पुनः चक्रीय प्रणालीमा लैजाने गर्नु पर्नेछ।

(२) कुहिने फोहोर मैलाहरुलाई प्राङ्गारिक मल बनाएर वा बायोग्यास (Anaerobic Digestion/Biogas) प्रविधि प्रयोग गरी विसर्जन गर्नु पर्नेछ।

(च) व्यक्तिगत सुरक्षाका उपायहरु :

(१) फोहोर व्यवस्थापन गर्दा व्यक्तिगत सुरक्षा कवच (टोपी, मास्क, ग्लोभ्स, चस्मा, बुट, गाउन, फेस सिल्ड इत्यादि) को प्रयोग गर्नु पर्नेछ।

कुमायक गाउँपालिका, पाँचथर

(२) स्वास्थ्यकर्मी, फोहोर संकलक तथा सम्बन्धित पेशाकर्मीहरुले प्रोटोकल अनुसार हेपाटाइटिस बी (Hepatitis B), Tetanus लगायतका संक्रमण विरुद्धको खोप लगाएको हुनु पर्नेछ।

(३) Post Exposure Prophulaxis (PEP) सुविधा नभएका स्वास्थ्य संस्थाहरुले उक्त सेवाका लागि सेवा प्रदायक संस्थाको पहिचान गरी सम्बन्धित कर्मचारीलाई सो को पूर्व जानकारी दिनु पर्दछ।

३०.खानेपानी, सरसफाइ, विद्युत आपूर्ति, गार्डन, गाडी पार्किङ्ग तथा मर्मत सम्भार सम्बन्धी व्यवस्थाः

खानेपानी, सरसफाइ, विद्यत आपति, गार्डेन गाडी पार्किट तथा मर्मत सम्भार सम्बन्धी व्यवस्था नेपाल सरकारको स्वास्थ्य संस्था संचालनमापदण्ड २०७७ बमोजिम देहाय अनुसार हुनु पर्नेछ।

(क) खानेपानी सम्बन्धी व्यवस्था :

(१) पानीको स्रोत:

अस्पतालमा प्रयोग गरिने पानी सुधारिएको स्रोतको हुनु पर्नेछ। (सुधारिएको पानीको स्रोत भन्नाले पाईपबाट आउने पानी, बोरहोल, सुरक्षित ईनार, सुरक्षित कुवा, आकाशे पानी, ईजाजत प्राप्त वितरकबाट प्याकेज गरिएको वा ढुवानी गरिएको पानी भन्ने बुझिन्छ।

(२) पानीको परिमाण : अस्पतालका विभिन्न शाखाहरुलाई आवश्यक पर्ने पानीको परिमाण देहायको तालिका अनुसार हुनेछ।

महत्वपुर्ण क्षेत्रहरु	पानीको परिमाण
बहिरङ्ग विभाग	५ लिटर प्रति परामर्श
अन्तङ्ग विभाग	४०-६० लिटर प्रति बिरामी प्रति दिन
	१५ लिटर प्रति स्याहारकर्ता प्रति दिन
शल्यक्रिया कक्ष र प्रसुति कक्ष	१०० लिटर प्रति शल्याक्रिया
सुख्खा र पुरक खाना केन्द्र	०.५-५ लिटर प्रति परामर्श (कुनै पनि समयमा निर्भर हुने)
भिजेको (तरल पदार्थ सहित) पूरक खाना केन्द्र	१५ लिटर प्रति परामर्श
अन्तङ्ग उपचरात्मक खाना केन्द्र	३० लिटर प्रति बिरामी प्रति दिन
	१५ लिटर प्रति स्याहारकर्ता प्रति दिन
हैजा तथा झाडा पखाला उपचार केन्द्र	६० लिटर प्रति बिरामी प्रति दिन
	१५ लिटर प्रति स्याहारकर्ता प्रति दिन
गम्भीर घातक श्वास सम्बन्धी रोग	१०० लिटर प्रति बिरामी प्रति दिन
भाइरल रक्तश्रावयुक्त ज्वरो केन्द्र	३००-४०० लिटर प्रति बिरामी प्रति दिन
प्याथोलोजी प्रयोगशाला	१० लिटर प्रति जाँच
आकस्मिक शिविर हव अस्पताल (कर्मचारी, स्याहारकर्ता र बिरामिलाई हैजा, झाडापखला र भाइरल ज्वरो जस्ता रोग बाट बाचाउनका लागी पानीको सघन व्यवस्थापन आवश्यक हुन्छ।	आकस्मिक शिविर हव अस्पतालका लागि बैकल्पिक पानी वितरण (विद्यमान परिमाणमा दैनिक पानी वितरण क्षमता बराबर हुने गरी)
पानीको विवरण अवरुद्ध भएको अवस्थाको लागी बैकल्पिक व्यवस्था	पानीको वितरण प्रणाली अवरुद्ध भएको अवस्थाको लागि अस्पतालमा न्युनतम २ दिनको जगेडाको व्यवस्था गर्नु पर्दछ।

(३)पानी भण्डार गर्ने ट्याकीको क्षमता पानीको मुख्य वितरण प्रणाली अवरुद्ध भएको अवस्थामा समेत कम्तीमा ३ (तीन दिनसम्म पुग्ने हुनु पर्दछ ।

(४) खानेपानीको गुणस्तर राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२ ले तोके बमोजिम हुनु पर्नेछ । साथै जार वा ट्यांकरको पानी ट्यांकर निर्देशिका बमोजिम हुनु पर्नेछ ।

(५) अस्पतालले पानी सुरक्षा योजना (Water Safety Plan-WSP) तयार गरी सो बमोजिम कार्यान्वयन गर्नु पर्नेछ ।

(६) चिकित्सकीय प्रयोजनको लागि प्रयोग गरिने पानी कम्तिमा खानेपानीको गुणस्तर अनुरुप हुनु पर्नेछ ।

(७) खानेपानी वितरण गर्ने बिन्दु र अन्य प्रयोगको लागि वितरण गर्ने पानीको बिन्दु फरक फरक हुनु पर्नेछ ।

(ख) सरसफाइ सम्बन्धी व्यवस्था :

(१) बिरामी तथा कुरुवाको लागि नुहाउने घरको व्यवस्था हुनु पर्नेछ ।

(२) महिला तथा पुरुषको लागि छुट्टाछुट्टै शौचालय हुनु पर्नेछ ।

(३) अस्पताल परिसर तथा वार्डहरु सधैं सफा हुनु पर्नेछ ।

(४) अस्पातलजन्य फोहोरमैला व्यवस्थापनको लागि फोहोर सेग्रिगेशन, कलेक्सन, ट्रान्सपोर्ट्स, ट्रिटमेन्ट र अन्तिम बिसर्जन छुट्टै योजना तयार गरी उपयुक्त प्रविधिबाट फोहोरमैला व्यवस्थापन गर्नु पर्नेछ । यस सम्बन्धी थप व्यवस्था फोहोरमैला व्यवस्थापन ऐन २०६८, फोहोरमैला व्यवस्थापन सम्बन्धी नियमावली, २०७० र स्वास्थ्य संस्थाजन्य फोहोर मैला व्यवस्थापन निर्देशिका, २०७७ ले तोके बमोजिम हुनु पर्नेछ ।

(५) मर्करीयुक्त उपकरणहरुको सट्टामा डिजिटलाइज्ड उपकरणहरु प्रयोगमा ल्याउनु पर्नेछ ।

(ग) विद्युत आपुर्ति :

(१) अस्पतालमा चौबीसै घण्टा विद्युत आपूर्तिको व्यवस्था हुनु पर्नेछ । सम्भव भएसम्म डेडिकेटेड लाइन जोडिएको हुनु पर्नेछ। अस्पतालको ICU, OT, ER कक्षमा निरन्तर आपुर्तिको लागि ब्याक अप सिस्टम जस्तै व्याक अप सिस्टम जस्तै इन्भर्टर, जेनेरेटर, सोलार सिस्टम राखेको हुनु पर्नेछ ।

(२) अस्पतालमा विद्युतको बैकल्पिक व्यवस्थापनको लागि प्रयोग हुने हुने उपकरण सञ्चालनको लागि कम्तिमा ७ दिनसम्म पुग्ने इन्धनको व्यवस्था राखेको हुनु पर्नेछ ।

(३) अस्पतालमा सञ्चालन हुने X-ray, USG, Laboratory equipment लगायतका उपकरणहरुको विद्युतबाट हुन सक्ने क्षति न्यूनिकरणको लागि अनिवार्य भोल्ट गार्डको व्यवस्था गर्नु पर्नेछ ।

(४)अस्पतालको लागि ३ फेजको विद्युत लाइनको व्यवस्था हुनु पर्नेछ र अर्थिङ्ग गरी सुरक्षित बनाइएको हुनु पर्नेछ।

(घ) गार्डेनको व्यवस्था :

(१) अस्पताल परिसरमा रुख विरुवा तथा फलफूलहरु रोपी हरियाली कायम गरेको हुनु पर्नेछ ।

(२) बगैचा परिसरमा बिरामी तथा कुरुवाहरुको लागि बस्ने व्यवस्था गरिएको हुनु पर्नेछ ।

(३) जमिन मुनिको पानीको रिचार्जको लागि खुल्ला स्थानको व्यवस्था हुनु पर्नेछ ।

कुम्मायक गाउँपालिका, पाँचथर

(ङ) पार्किङ्गको व्यवस्था :

(१) अस्पतालमा आवश्यकता अनुसार कर्मचारी तथा सेवाग्राहीको लागि सवारी साधन पार्किङ्गको व्यवस्था हुनु पर्नेछ।

(२) तीन शैयाको अनुपातमा १ गाडी पार्किङ्ग वा २५ प्रतिशत जग्गा पार्किङ्गको लागि छुटयाउनु पर्नेछ (फरक पर्न आएमा जुनले बढी हुन्छ सोहिलाई आधार मान्नु पर्नेछ।)

(३) अस्पतालमा सवारी साधनको लागि सकेसम्म आउने र जाने बाटो छुट्टाछुट्टै व्यवस्था भएको हुनु पर्नेछ।

(४)पार्किङ्ग क्षेत्रमा सवारी साधन राख्ने स्थानको रेखाङ्कन गरेको हुनु पर्नेछ।

(५) एम्बुलेन्स तथा शव बाहनको लागि छुट्टै पार्किङ्गको व्यवस्था गरेको हुनु पर्नेछ।

(६) दुई पाङ्ग्रे तथा चार पाङग्रे सवारी साधनको लागि छुट्टाछुट्टै पार्किङ्ग क्षेत्र छुटयाइएको हुनु पर्नेछ।

(च) मर्मत सम्भार :

(१)अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरु सेवा अवरुद्ध नहुने गरी समयमा नै मर्मतको व्यवस्था गरेको हुनु पर्नेछ।

(२)ठूला र गम्भीर प्रकृक्तिका औजार उपकरणहरुको कम्पनीले निर्दिष्ट गरेको मर्मत अवधि अनुसार मर्मत सम्भार कार्ययोजना बनाई मर्मेत सम्भार गरेको हुनु पर्नेछ।

(३) अस्पतालको भवन, सवारी साधन, मेशिनरी औजार यन्त्र उपकरण विद्युतीय उपकरणहरुको नियमित मर्मत सम्भार गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ।

(४)अस्पतालको औजार उपकरणहरुको मर्मत सम्भारको लागि बायो मेडिकल टेक्निसियन/बायो मेडिकल इन्जिनियरको उबलब्धताको सुनिश्चितता गरेको हुनु पर्नेछ।

(५) अस्पतालको औजार उपकरणहरुको इन्भेन्टरी तथा मर्मत सम्भार गरेको विस्तृत विवरण सहितको सूची तयार गरी गाउँपालिकालाई जानकारी गराउनु पर्नेछ।

(६) बिग्रिएका तथा मर्मत गरी प्रयोगमा नआउने सामानहरुको नियमानुसार वार्षिक रुपमा लिलामी गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

परिच्छेद-१०

अक्सिजन, औजार तथा उपकरण सम्बन्धी व्यवस्था

३१. अक्सिजन सम्बन्धी व्यवस्था

(१) अस्पतालमा अक्सिजन ग्यास निरन्तर रुपमा आपूर्तिको व्यवस्था हुनु पर्नेछ।

३२. उपकरण सम्बन्धी व्यवस्था

(१) प्रयोगशाला उपकरण सम्बन्धी व्यवस्था दफा २२ को १ (ग) मा उल्लेखभए बमोजिम हुनु पर्नेछ।

(२) रेडियो इमेजिङ्ग उपकरण सम्बन्धी व्यवस्था दफा (२३) बमोजिम हुनु पर्नेछ।

(३) Cardiac उपकरण सम्बन्धी व्यवस्था देहाय अनुसार हुनु पर्नेछ।

Ordinary ECG Machine -१ थान

Pulse Oximeter-२ थान

BP apparatus table model-४थान

Stethoscope -४ थान

(४) Operation Theatre सम्बन्धी उपकरण देहाय बमोजिम हुन् पर्नेछ :

Auto Clave HP Horizontal-**Optional**

Operation Table Hydraulic Major- १ थान

Operation Table Hydraulic Minor- १ थान

Autoclave vertical single bin- २ थान

Focus lamp ordinary- २ थान

Sterilizer Small (Instrument)- १ थान

Sterilizer Medium (Instrument)- १ थान

Bowl Sterilizer Small- १ थान

Bowl Sterilizer Medium- १ थान

Diathermy machine (Electric Cautery)-- १ धान

Suction Apparatus(Electrical)- २ थान

Suction Machine (Foot Operated)-२ थान

Dehumidifier- १ थान

Ultra Voilet Lamp- १ थान

Ethyline Oxide Sterilizer- १ थान

Microwave sterilizer- १ थान

(५) अस्पताल प्याथोलोजी सम्बन्धी उपकरण देहाय बमोजिम हुनु पर्नेछ :

(क) Microbiology/Bacteriology

Incubator-१ थान

Hot Air Oven-Optional

Microscope-१ थान

Centrifuge/Rotator-१ थान

Refrigerator-१ थान

Auto pipette-१ थान

(ख) Biochemistry

Centrifuge/Rotator-१ थान

Hot Air Oven-Optional

Refrigerator-१ थान

Micro pipette-१ थान

(ग) Hematology

Microscope (Binocular)-१ थान
Blood Cell Counter (18 parameter or above) -१ थान
Centrifuge/Rotator-Optional
Colorimeter-Optional
Hot Air Oven-Optional
Refrigerator-Optional
Coounting Chamber-१ थान
Computer with printer-Optional
Micero Pippette-As per need

(घ)Histopathology

Miscroscope (Binocular)-१ थान
Incubator-Optional

(ङ) Microbiology: Virology, Serology

Water Bath-१ थान
Hot Air Oven-१ थान
Multi-Channel micro pippette-१ थान
Vriable Micro pippette-As per nedded
Incubator-१ थान
Centrifuge-१ थान
Weighing Balance-१ थान
Autoclave-Optional
Stopwatch-१ थान

(५) अस्पताल एनेस्थेसिया (Anesthesia) सम्बन्धी उपकरण देहाय बमोजिम हुनु पर्नेछ :

Endo Tracheal tube sets-१ थान
Air way (Female) -१ थान
Air way (Male) -१ थान
Mouth Prop-१ थान
Tongue Depressor-२ थान
O2 cylinder for Boyles-१ थान
Boyles Apparatus with Fluotec and circle absorber-Optional
Oxygen Concentrator/Cylinder-१ थान
Monitors ECG,NI BP, SPO2 with IBP-१ थान
Transport Monitor ECG, SPO_2 NI BP-१ थान
Mac Coy Laryngoscope-२ थान
Intubating LMA 3,4-४ थान

कुमाख गाउँपालिका, पाँचथर

Double Lumen Tube-१ थान
AMBU bag / Mask-४ थान
Defebrilator-Optional

(६) Labour ward, Neonatal and Special Newborn Care Unit (SNCU) भएका अस्पतालमा उपकरणहरु देहाय बमोजिम हुनु :

Emergency Resuscitation Kit -Baby -२ थान
Standard Weighing Scale- २ थान
Double Outlet Oxygen Concentrator-Optional
Radiant Warmer- २ थान
foetal Doppler- २ थान
Delivery Kit- २ थान
Episeotomy Kit- २ थान
Forceps Delivery Kit- १ थान
Silastic Vaccum Extractor- १ थान
Pulse Oxymeter Baby & Adult-२ थान
Nebuliser baby-- २ थान
Weighing Machine adult-- २ थान
Weighing Machine Infant-- २ थान

Special Newborn Care Unit (SNCU) को लागि आवश्यक उपकरणहरु

Electric heater/warmer- २ थान
Washing Machije with dryer(Separate)-२ थान
Electronic fumigator- २ थान
Vaccum Cleaner- १ थान
Gown for doctors, nurses, neonatal aids,
Group Dstaff &mother-- Adequate number of each size (essential)
Washable Slippers -- Adequate number of each size (essential)
Vertical Autoclave- १ थान
Autoclave Drums (Large, Medium & Small sizes) - At least 6 of each size
Disinfectant Sprayer- १ थान
Container for liquid disinfectant- २ थान
Formaline Vaporizer- १ थान
Hot Air Oven-**Optional**
Ethylene Oxide (ETO) Sterilizer-**Optional**

(७) अस्पतालको प्रशासनिक कार्यका लागि आवश्यक पर्ने औजार तथा उपकरणहरु:

-कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशिन, स्क्यानर, यूपिएस, प्रोजेक्टर, इमेल इन्टरनेट, टेलिफोन
-फर्निचर (आवश्यक संख्यामा)

कुम्मायक गाउँपालिका, पाँचथर

(८) आकस्मिक तथा अत्यावश्यक औषधि तथा औजारहरुको सूचीः

1. Ranitidine, Omeprazole, Pantoprazole(inj)
2. Adrenaline(inj)
3. Chlorpheniramine (inj)
4. Aminophylline (inj)
5. Atropine(inj)
6. Hyoscine Butyl Bromide(inj)
7. Calcium Gluconate(inj)
8. Ciprofloxacin, Ampicillin, Ampi-clox, Ceftriaxone, etc(inj)
9. Deriphylline (inj)
10. Dexamethasone(inj)
11. Dextrose 5% Saline (inj)
12. Dextrose 10% Saline (inj)
13. Dextrose 25% (inj)
14. Dextrose 50% (inj)
15. Diazepam, Lorazepam, Midazolam (inj)
16. 5% Dextrose Saline (inj)
17. Dopamine(inj)
18. Pentazocine (inj)
19. Hydrocotisone (inj)
20. Frusemide (inj)
21. Mannitol (Inj)
22. Metronidazole (inj)
23. Morphine (in))
24. Nitroglycerine, Labetolo (inj)
25. Normal Saline (in))
26. Paracetamol (inj)
27. Metochlopramide (inj)
28. Pethidine (inj)
29. Phenitoin (inj)
30. Phenergan (inj)
31. Potassium Chloride (inj)
32. Phenobarbitone (inj)
33. Naloxone (inj)
34. Ringer's Lactate (inj)
35. Sodium Bicarbonate (inj)
36. Diclofenac (inj)
37. Dobutamine (inj)

कुमायक गाउँपालिका, पाँचथर

38. Noradrenaline (inj)
39. Isoprenaline (inj)
40. Aminodarone (inj)
41. Magnesium Sulphate (inj)
42. Digoxin (inj)
43. Adensine, Verapamil (inj)
44. Tramostate (inj)
45. Antacid (tab)
46. Aspirin (Tab)
47. Diclofenac (tab)
48. Paracetamol (Tab)
49. Ibuprofen (Tab)
50. Codeine Phosphate (Tab)
51. Prednisolone (Tab)
52. Antibiotics Oral (Tab/Cap)
53. Povidone lodine Solution
54.Antibiotic Ointment
55.Other as per necessary

(९)आकस्मिक अवस्थाका लागि आवश्यक औजारहरुको सूची :

1. Ambu bag with mask
2. Artery Forceps
3. Salbutamol Inhaler
4. Povidine lodine
5. Blood Transfusion Set
6. BP Instrument
7. Clinwax ear drop
8. Crepe Bandage 4"
9. Crepe Bandage 6"
10. Dissection Forceps non toothed
11. Dissection Forceps Toothed
12. Disposable Syringe 3cc, 5cc, 10cc, 20cc
13. Endotracheal Tube (Pediatric and Adult) 3.0-8.5
14. Laryngeal Mask Airway 3.0-8.5
15. Foley catheter 6f-20f, 3 way
16. Glove no.6, 6.5, 7, 7.5
17. I.V. Canula 14G-24G
18.1.V.Set + Pediatric Burret
19. I.V. Infusion Set

कुम्मायक गाउँपालिका, पाँचथर

20. C.P.V. line set
21. Chest tube (Different Sizes)
22. Ipratropium Bromide Inhaler + Solution
23. Knee Jerk Hammer
24. Laryngoscope with blade (Adult, Pediatric sizes)
25. Lucoplast
26. Oxymetazoline Nasal Drop
27. Needle Holder
28. Ryle's Tube (N/G Tube)
29. Scissors (Different Sizes)
30. Silver Sulphadiazine Cream
31. Stethoscope
32. Suction Machine with tubes
33. Thermometer
32. Suction Machine with tubes
34. Sphygmomanometer
35. Tongue Depressor
36.Torch light
37.Uro Bag
38.Wooden Splint
39. Spinal Board-1
40. Cervical Collor 1-5
41. Antibiotic Injections (Different)
42. Pulse Oxymeter-1
43. Ophthalmoscope-1
44. Otoscope-1
45. Digital Clock
46. K-wire (Different sizes)

कुम्मायक गाउँपालिका, पाँचथर

परिच्छेद-११

फरेन्सिक मेडिसिन तथा मेडिको लेगल सेवा

३३.अस्पतालको फरेन्सिक मेडिसिन तथा क्लिनिकल मेडिको लेगल सेवा नेपाल सरकारको स्वास्थ्य संस्था संचालन मापदण्ड २०७७ बमोजिम देहाय अनुसारको हुनु पर्नेछ :

(१) शवगृह (Mortuary) को व्यवस्था :

(क) शवगृहको लागि छुट्टै ब्लक हुनु पर्नेछ र सो शवगृह वार्ड, आकस्मिक कक्ष तथा अपरेशन थिएटरबाट सहजै पुग्नसकिने गरी ग्राउण्ड फ्लोरमा हुनु पर्नेछ ।

(ख) शवगृह आम नागरिकले प्रयोग गर्ने बाटोदेखि टाढा हुनु पर्नेछ ।

(ग) पोष्टमोर्टम कोठामा सिंक सहितको स्टेनलेस स्टीलको अटोप्सी टेबुल, शवको Specimen धुनको लागि पानीको व्यवस्था सहितको सिंक र औजारहरु राख्नको लागि कपबोर्डको व्यवस्था हुनु पर्नेछ। पोष्टमोर्टम कोठा वाताअनुकुलित (Air-Conditionoing) हुनुको साथै उपयुक्त प्रकाशको व्यवस्था हुनु पर्नेछ ।

(ङ) शवको भण्डारणको लागि कम्तिमा पनि दुइवटा डिफ्रिजर सहितको छुट्टै कोठा हुनु पर्नेछ ।

(च) मृत व्यक्तिको आफन्तहरुका लागि कुरुवा कक्ष (क्षेत्र) र धार्मिक कार्यको लागि स्थानको व्यवस्था हुनु पर्नेछ

(छ) शवगृहमा चाहिने अन्य औजार, उपकरण र पूर्वाधार तथा मानव संशाधनको व्यवस्था चिकित्सकीय कानूनी (मेडिको लेगल) सेवा सञ्चालन निर्देशिका २०७५ मा उल्लेख भए बमोजिम हुनु पर्नेछ ।

(ज) शव परीक्षण तथा प्रतिवेदन तयार गर्ने कार्य स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले लागु गरेको स्तरीय कार्यविधि (SPO) अनुरुप हुनु पर्नेछ ।

(झ) विपद्का अवस्थामा शवको व्यवस्थापन नेपाल सरकार गृह मन्त्रालयद्वारा जारी गरिएको "बिपद पश्चात शवको व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०६८ (संशोधन २०७६) अनुसार हुनु पर्नेछ ।

(ज) बेवारिसे शवको व्यवस्थापन सम्बन्धमा प्रहरी ऐन, २०१२ अनुसार गरिनु पर्दछ ।

(२) क्लिनिकल मेडिको-लिगल सेवा

(क) अस्पतालमा क्लिनिकल मेडिको-लिगल युनिटको व्यवस्था गरिएको हुनु पर्नेछ।

(ख) क्लिनिकल मेडिको-लिगल कक्षको लागि आवश्यक भौतिक पुर्वाधार, सरसामान तथा मानव संसाधन सम्बन्धी व्यवस्था "चिकित्सकीय कानूनी सेवा सञ्चालन निर्देशिका, २०७५ मा उल्लेख भए अनुरुप हुनु पर्नेछ ।

(ग) क्लिनिकल मेडिको-लिगल परीक्षण तथा प्रतिवेदन तयार गर्ने कार्य स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले लागू गरेको स्तरीय कार्यविधि अनुरुप गर्नु पर्नेछ ।

परिच्छेद -१२
प्रेषण प्रणाली

३४.अस्पतालको प्रेषण प्रणाली नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८ बमोजिमदेहाय अनुसारको हुनु पर्नेछ ।

(१) प्रेषण प्रणाली सम्बन्धी व्यवस्था :

(क) अस्पतालले आफ्नो तह अनुसार प्रदान गर्नुपर्ने सेवाको उपलब्धता हुदाहुदै बिरामीलाई अर्को संस्थामा प्रेषण गर्न हुदैन ।

(ख) अस्पतालले तपसिल अनुसारको अवस्थामा सबै भन्दा नजिक वा पायक पर्ने माथिल्लो तहको अस्पतालमा प्रेषण गर्न सक्नेछन् ।

(१) उपचारको लागी आएको सेवाग्राहीलाई आफ्नो स्वास्थ्य संस्थाको संरचना, उपकरण तथा अन्य कारणले उपचार प्रदान गर्न नसकिने,

(२) विशेषज्ञ सेवा नभएको,

कुम्मायक गाउँपालिका, पाँचथर

(३) थप वा सघन उपचार गर्नु पर्ने,

(४) अन्य कुनै विशेष कारणे उपचार गर्न नसकिने अवस्था।

(ग) अस्पतालले प्रेषण गरिने अस्पतालको सूची र सम्पर्क विवरण सहजताको लागि देखिने गरी राख्नु पर्दछ 1

(घ) अस्पतालले देहाय बमोजिमका प्रक्रिया अबलम्बन गरी सेवाग्रमहीलाई प्रेषण गर्नु पर्दछ :-

(१) अस्पतालमा आएका बिरामीलाई आवश्यक सबै उपचार प्रदान गर्न नसकिने अवस्था भएमा अस्पतालमा उपलब्ध भएसम्मको उपचार तत्काल प्रदान गरी थप उपचारको लागि थप उपचारप्राप्त हुन सक्ने अस्पताल वा स्वास्थ्य संस्थामा प्रेषण-पूर्जा सहित तत्काल प्रेषण गर्नु पर्नेछ।

(२) अस्पतालले बिरामी वा निजको संरक्षकको लिखित सहमतिमा इच्छाएको स्वास्थ्य संस्थामा प्रेषण गर्न सकिनेछ।

(३) प्रेषण हुन नचाहेमा थप उपचारका लागि अन्य स्वास्थ्य संस्थामा प्रेषित गर्नु पर्नाको कारण सम्झाउनु पर्नेछ।

(२) प्रेषण प्रक्रिया तथा व्यवस्थापन :

(क) प्रेषण गर्नु भन्दा पहिले सेवाग्राहीले स्तरीय उपचार प्रोटोकल अनुसार स्वास्थ्य संस्थामा उपलब्ध सबै आवश्यक सेवा पाएको हुनु पर्नेछ।

(ख) सेवाग्राहीले पाएको उपचार विवरण स्पष्टसँग अभिलेख राख्नु पर्नेछ।

(ग) जनस्वास्थ्य सेवा ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार प्रेषण गर्नु पर्नेछ।

(घ) प्रेषण गर्ने पूर्व पहिचान गरिएको हुनु पर्नेछ। साथै प्रेषण पुर्जामा आफ्नो अस्पतालको नाम र ठेगाना उल्लेख गर्नु पर्नेछ।

(ङ) प्रेषण गर्दा सेवाको सुनिश्चितता गरेर मात्र प्रेषण गर्नु पर्नेछ।

(च) स्वास्थ्य सेवा प्रदान गर्दा स्तरीय उपचार प्रोटोकल अनुसार सबै सेवा उपलब्ध गराउनु पर्नेछ।

(छ) बिरामीको अवस्था स्थिर (Stable) भएपछि मात्र प्रेषण गर्नु पर्नेछ।

(ज) प्रेषण पुर्जामा सम्बन्धित विवरण उल्लेख गरी सो को एक प्रति अस्पतालमा सुरक्षित राख्नु पर्नेछ।

(झ) प्रेषण गरिने स्वास्थ्य संस्थालाई उपलब्ध माध्यमबाट सेवाग्राहीको अबस्था र निदानबारे अग्रिम जानकारी गराई प्रषण गर्नुपर्ने छ।

(ञ) प्रेषण गर्दा सो बारेको जानकारी बिरामी वा निजको संरक्षक वा निजलाई उपचारको लागि अस्पतालमा ल्याउने व्यक्तिलाई दिनु पर्नेछ।

(ट) प्रेषण भएको स्वास्थ्य संस्थाबाट पृष्ठ पोषण प्राप्त भएमा सेवाग्राहीलाई सोही अनुसार उपचार तथा फलोअप सेवा प्रदान गर्नु पर्नेछ।

(ठ)प्रेषण गर्दा उपलब्ध भएसम्म एम्बुलेन्सबाट पठाउने व्यवस्था गर्नु पर्दछ र प्रेषण गरिएका बिरामीको विवरण अद्यावधिक रुपमा राख्नु पर्नेछ।

(ड) प्रेषण भएर अउने बिरामीलाई यथाशक्य चाँडो सेवा दिन पुर्वाधार, जनशक्ति, औषधी तथा उपकरणहरुको व्यवस्था गर्नु पर्नेछ।

(ढ) सम्भव भएसम्म प्रेषण भएर आउने बिरामीको बारेमा प्रेषण गर्ने स्वास्थ्य संस्थाबाट आवश्यक जानकारीहरु लिई पूर्वतयारीमा रहनु आवश्यक हुन्छ।

(ण)बिरामी आउने बितिकै आवश्यक जाँच तथा परीक्षण गरी रोगको गाम्भिर्यताका आधारमा तत्कालै आवश्यक उपचार शुरु गर्नु पर्दछ।

(त) आवश्यकता अनुसार सम्बन्धित विशेषज्ञ चिकित्सकसँग परामर्श गरी उपचार गर्नु पर्छ।

(घ) उपचार पश्चात प्रेषण गर्ने स्वास्थ्य संस्थामा पृष्ठपोषण समेत उल्लेख गरी प्रेषण फिर्ता पूर्जा सहित फिर्ता गर्नु पर्दछ।

परिच्छेद-१३

क्यान्टिन तथा पोषण व्यवस्थापन

३५. अस्पतालको क्यान्टिन तथा पोषण व्यवस्थापन

(१)नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८ बमोजिम देहाय अनुसारको हुनु पर्नेछ।

(क) अस्पताल परिसरमा यथासम्भव चौबीसै घण्टा सेवा दिने किचेन र डायनिङ्ग छुट्टाछुट्टै भएको क्यान्टिन हुनु पर्नेछ।

(ख) अस्पतालमा शैयाको संख्याको कम्तिमा २० प्रतिशत कुर्ची सहितको डायनिङ्गको व्यवस्था भएको हुनु पर्नेछ।

(ग) खानाको परिकार र शुल्क सहितको बडा-पत्र सबैले देखिने स्थानमा राख्नु पर्नेछ।

(घ) सफा भुई, फराकिलो पकाउने स्थान र सामान संचित गर्ने स्थान प्रयाप्त भएको हुनु पर्नेछ।

(ङ) किचेन उज्यालो र एक्जस्ट फ्यान जोडेको हुनु पर्नेछ।

(च) क्यान्टिनको भित्ताहरु सरसफाई गर्न सजिलो हुने गरी भुईबाट ४ फूट टायल वा इनामेल पेन्ट गरेको हुनु पर्नेछ।

(छ) चौबीसै घण्टा सफा, स्वच्छ पिउने पानी र खानाको व्यवस्था भएको हुनु पर्नेछ।

(ज) क्यान्टिनमा कार्यरत कर्मचारीहरुले तोकिएको पोशाक लगाएको हुनु पर्नेछ।

(झ) छुट्टै सफा हात धुने स्थान र उक्त स्थानमा साबुनको व्यवस्था भएको हुनु पर्नेछ।

(ञ) भाडा माझ्ने र हात धुने ठाउँ छुट्टाछुट्टै स्थानमा हुनु पर्नेछ।

(ट) सन्तुलित खाना र निश्चित बिरामीको लागि पोषण सम्बन्धी जानकारी दिन पोष्टर, पम्प्लेट तथा टेलिभिजनको व्यवस्था भएको हुनु पर्नेछ।

(ठ) खानेकुराबाट निस्कने फोहोरजन्य वस्तुको व्यवस्थापन निर्देशिका बमोजिम गर्नु पर्नेछ।

(ड) खानेकुरा सफा जालीयुक्त कपडाले छोपेको हुनु पर्नेछ। साथै रेफ्रिजिरेटर, विद्युतिय ओवनको व्यवस्था भएको हुनु पर्नेछ।

परिच्छेद -१४

केन्द्रीय आपूर्ति विभाग

३६.अस्पतालको केन्द्रीय आपूर्ति विभाग

(१)नेपाल सरकारको स्वास्थ्य संस्था संचालन मापदण्ड २०७७ बमोजिमदेहाय अनुसारको हुनु पर्नेछ।

(२) केन्द्रीय आपूर्ति सेवा विभागको प्रबन्ध :

(क) अस्पतालमा स्वच्छ पानीको नियमित आपूर्ति सुविधा भएको छुट्टै सेन्ट्रल सर्भिस डिपार्टमेन्ट हुनु पर्नेछ।

(ख) फोहोर वस्तु राख्न, उपयोगी वस्तु राख्न, सरसफाइ गर्न, धुन/सुकाउन र निर्मलीकरण गर्न एवं प्याकेजिङ्ग तथा भण्डारणका लागि छुट्टाछुट्टै स्थानहरु हुनु पर्नेछ।

(ग) विभागका सबै कोठाहरु भेन्टिलेसन सहित तापक्रम १८°-२२° सम्म र आद्रता ३५-६० प्रतिशत हुनु पर्दछ।

(घ) सेन्ट्रल सर्भिस डिपार्टमेन्टको संरचना फोहोर क्षेत्रबाट क्रमशः सफा क्षेत्र तर्फ जाने गरी व्यवस्था गरिएको हुनु पर्नेछ।

(ङ) सेन्ट्रल सर्भिस डिपार्टमेन्टका लागि तालिम प्राप्त कर्मचारीलाई जिम्मेवारी दिनु पर्दछ।

(च) निर्मलीकरणको लागि ठाडो तथा तेर्सो अटोक्लेभ मेशिन चालु अवस्थाको हुनु पर्नेछ।

(३) निर्मलीकरणको लागि तयारी

(क) प्रयोग भएका सबै औजारहरुलाई ब्रस, केमिकल, साबुन र डिटर्जेन्ट पाउडर प्रयोग गरी छुट्टै स्थानमा सफा गर्नु पर्नेछ।

(ख) औजार तथा उपकरणहरु सुख्खा गरेर छुट्टै स्थानमा राख्नु पर्नेछ।

(ग) औजारहरु डबल र्‍यापरमा पोको पारी राख्नु पर्दछ।

(४)भिजेका तथा प्रयोग भएका दुषित औजारहरु (Contaminated Instrument) को सकलनः

(क) फोहोर जम्मा गर्नका लागि साधारण पन्जा लगाउनु पर्छ।

(ख) फोहोर संकलन गर्दा जम्मा गर्ने नियमित समय तालिका अनुसार हुनु पर्नेछ।

(ग) फोहोर संकलन गर्ने भाँडाहरु प्वाल नपरेको, बन्द गर्न मिल्ने किसिमको हुनु पर्छ र भाँडोको क्षमता भन्दा बढी फोहोर राख्नु हुदैन।

(घ) फोहोर/दुषित वस्तुहरु सुरक्षितर बन्द कन्टेनरबाट परिवहन गर्नु पर्दछ।

(५) सफा र किटाणुरहित पार्ने

(क) सफा र किटाणुरहित बनाउनका लागि बास्केट, कन्टेनर र औजारको छुट्टै व्यवस्था भएको हुनु पर्छ।

(ख) सफा गर्न र पखाल्नका लागि दुई वटा गहिरो खालको सिङ्गको व्यवस्था हुनु पर्छ। सबै निर्मलीकृत भइसकेका सामग्रीहरु सेलाइसकेपछि मात्र भण्डारण गर्नु पर्छ।

(ग) भण्डारण कक्षहरु सफा र सुख्खा हुनु पर्छ।

(घ) भण्डारण गरिने सामग्रीहरु भुईभन्दा ८-१० से.मी. उचाईमा र सिलिङ्गबाट २०-२५ से.मी. तल हुनु पर्छ।

(६) संक्रमण रोकथामः

(क) सेन्ट्रल सर्भिस डिपार्टमेन्टमा कार्यरत कर्मचारीहरुले आवश्यकता अनुसार व्यक्तिगत सुरक्षा कवच लगाउनु पर्छ।

(ख) हात धुनका लागि प्रयाप्त र नियमित रुपमा धाराबाट पानी र साबुनको उपलब्धता हुनु पर्छ।

(ग) दुषण निवारणको लागि क्लोरिन झोलको उपलब्धता हुनु पर्छ।

(७) पोका पार्ने र बाँध्ने कार्य (Packaging and Wrapping):

(क) उपकरण तथा अन्य सामग्रीहरु अनिवार्य रुपमा निर्मलीकरण गरी प्याकिङ गर्नु पर्दछ।

(ख) एकल प्रयोग सामग्रीहरु छुट्टा छुट्टै पोका पार्न पर्छ।

(ग) प्याकिङ्ग सामग्रीमा लेबल (Label) टाँस्नु पर्छ।

(८) निर्कलीकरण तथा भण्डारणः

(क)प्याकिङ्ग गरिएका उपकरणहरु निर्मलीकरण गरी छुट्टै ठाउमा राख्नु पर्छ।

(ख) निर्मलीकृत स्टिकर सहितका पोकाहरु छुट्टै दराजमा राख्नु पर्छ।

(९) संकलन, आपूर्ति र बाँडफाडः

(क) निर्मल र स्वच्छ तवरले आपुर्ति एकद्वारबाट संकलन गर्न र वितरणका लागि फरक बाटोबाट गर्ने व्यवस्था मिलाउन पर्छ।

(ख) निर्मलीकृत सामग्री आपुर्ति गर्दा निर्मलीकृत भएको सुनिश्चित गरी आवधिक रुपमा वा माग अनुसार वितरण गर्नु पर्दछ।

(१०) जिन्सी सामग्री र अभिलेखः

(क) सबै उपकरणहरु तथा प्याकेजहरुको अभलेख व्यवस्थित राख्नु पर्दछ।

(ख) उपकरणहरु तथा प्याकेजहरुको अभिलेख नियमित अद्यावधिक गरी चुस्त दुरुस्त राख्नु पर्दछ।

परिच्छेद-१५

लाउन्ड्री सम्बन्धी

३७.अस्पतालको लाउन्ड्री सम्बन्धी व्यवस्थाः

(१)नेपाल सरकारको स्वास्थ्य संस्था संचालन मापदण्ड २०७७ बमोजिम देहाय अनुसारको हुनु पर्नेछ ।

(क) लाउन्ड्रीका लागि छुट्टै कोठा वा अलग्गै स्थानमा चौबीसै घण्टा पानी सहितको व्यवस्था हुनु पर्नेछ ।

(ख) लाउन्ड्रीमा काम गर्ने सबै कर्मचारीले अनिवार्य पन्जाको प्रयोग गर्नु पर्नेछ ।

(ग) कलडा धुनु अघि (soiled, unsoiled, coourful, white, blood stained कपडाहरु) छुट्टयाउने व्यवस्था हुनु पर्नेछ ।

(घ) धुनु पूर्व सबै कपडाहरुको आवश्यकता अनुसार निःसंक्रमण गर्नु पर्नेछ ।

(ङ) कपडा धुनु र सुकाउनको लागि washing machine र dryer को प्रयाप्त संख्यामा व्यवस्था भएको हुनु पर्नेछ ।

(च) ब्ल्याङकेट जस्ता बाक्लो कपडा सुकाउन सिधै घाम पर्ने स्थान हुनु पर्नेछ ।

(छ) सफा गरिएका कपडाहरु आइरन गरी प्याक गर्नु पर्नेछ ।

(ज) सफा कपडाहरु राख्ने छुट्टै स्थान र दराजको व्यवस्था हुनु पर्नेछ ।

(झ) सफा कपडा वितरणको उचित तरिका (जस्तै basket supply system, on-demand supply system) अपनाउनु पर्नेछ ।

(ञ) व्यक्तिगत सुरक्षाको लागि हात धुने (सफा पानी र साबुन) र निःसंक्रमणको लागि कलोरिन झोलको उपलब्धता हुनु पर्नेछ ।

(ट) फोहोर र सफा कपडा राख्न छुट्टाछुट्टै स्थान हुनु पर्नेछ ।

(ठ) संकलन र वितरणको तालिका बनाई लागु गर्नु पर्नेछ ।

(ड) काम गर्ने प्रयोजनका लागि प्रयाप्त संख्यामा टेबुल, दराज, ट्रली, आइरन, बकेट, PPE सामग्री (बुट, क्याप, पंजा, गाउन, मास्क, स्क्रब बस, लुगा धुने डिटर्जेन्ट आदि) को व्यवस्था हुनु पर्नेछ ।

परिच्छेद-१६

भवन तथा पुर्वाधार

३८.अस्पतालको भवन तथा पुर्वाधार सम्बन्धी व्यवस्थाः

(१)नेपाल सरकारको स्वास्थ्य संस्था संचालन मापदण्ड २०७७ बमोजिम देहाय अनुसारको हुनु पर्नेछ ।

(क) अस्पतालको भवन निर्माण गर्दा भवन ऐन, २०५५ मा भएको व्यवस्था तथा अनुसूची-१ बमेजिम हुनु पर्नेछ।

(ख) विपद व्यवस्थापन योजना तयार गरी सर्व साधारणको जानकारीको लागि भवनमा सुरक्षा सम्बन्धी संकेत चिन्हहरु उपयुक्त स्थानमा स्पष्ट गरी राखिएको हुनु पर्नेछ ।

(ग)अस्पताल भवनमा प्रशासनिक कार्यालय, बहिरङ्ग विभाग, अनतरङ्ग विभाग, इमर्जेन्सी विभाग, प्रयोगशाला, फार्मेसी, रेडियोलोजी विभाग, क्यान्टिन, CSSD, Laundry लगायत अस्पतालको स्तर अनुरुप तोकिएको सेवाहरुको व्यवस्था हुनु पर्नेछ ।

(घ)पूर्वाधारको हकमा "स्वास्थ्य भवन पूर्वाधार डिजाइन तथा निर्माण सम्बन्धी निर्देशिका, २०७४ (पहिलोसंशोधन २०७७) अनुसार भवन डिजाईन भएको हुनु पर्नेछ ।

(च) प्रत्येक कोठाको क्षेत्रफल कम्तिमा १४ वर्ग मिटर हुनु पर्नेछ ।

(ज) अस्पतालले ओगटेको कुल क्षेत्रफलको ५ प्रतिशत ग्रीन बेल्ट हुनु पर्नेछ ।

कुम्मायक गाउँपालिका, पाँचथर

परिच्छेद-१७

गुनासो सुनुवाइ तथा सूचना व्यवस्थापन

३९.अस्पतालको गुनासो सुनुवाइ तथा सूचना व्यवस्थापन सम्बन्धी व्यवस्थाः

(१)नेपाल सरकारको स्वास्थ्य संस्था संचालन मापदण्ड २०७७बमोजिम देहाय अनुसारको हुनु पर्नेछ।

(क) अस्पतालको अग्र भागमा सोधपुछ कक्षको व्यवस्था गरेको हुनु पर्नेछ।

(ख) सबैले देख्ने स्थानमा अस्पतालले प्रदान गर्ने सेवाहरु, सेवा शुल्क र नक्शाङ्कन भएको बडा-पत्र राख्नु पर्नेछ।

(ग) अस्पतालले उजुरी पेटिकाको व्यवस्था गरेको हुनु पर्नेछ।

(घ) सूचनाको हक सम्बन्धी ऐन, २०६४ मा भएको व्यवस्था बमोजिम सूचना अद्यावधिक र प्रकाशन गर्नु पर्नेछ।

(ङ) अस्पतालको सूचनाको जानकारी दिन एक जना सूचना अधिकारीको व्यवस्था गर्नु पर्नेछ। साथै सूचना अधिकारीको फोटो, नाम, थर र सम्पर्क नम्बर सबैले देख्न सक्ने स्थानमा राख्नु पर्नेछ।

(च)अस्पतालमा उजुरी पेटिका राख्नु पर्नेछ। उक्त पेटिका सूचना अधिकारीले हप्तामा एक पटक खोली उजुरीको समयमा नै समाधान गर्नु पर्नेछ।

(छ) अस्पतालमा सार्वजनिक संचार सेवाको व्यवस्था र सबैको पहुँचमा इन्टरनेटको सुविधा भएको हुनु पर्नेछ।

(ज) प्रहरी, एम्बुलेन्स, दमकल, रक्त संचार केन्द्र लगायतका आकस्मिक सेवाका टेलिफोन नम्बर स्पष्ट देखिने गरी राख्नु पर्नेछ।

परिच्छेद-१८

विविध

४०. प्रचलित कानून बमोजिम हुनेः यस ऐनमा उल्लेख भएका कुराहरु देखी बाहेकका कुराहरुको हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

४१.आचारणःकुम्मायक आधाभूत अस्पतालमा कार्यरत कर्मचारीहरुले संघीय निजामति ऐनमा उल्लेखित आचरणहरु पालना गर्नुपर्नेछ।

४२.निर्देशन पालना गर्नुपर्ने: नेपाल सरकार, प्रदेश सरकार र कुम्मायक गाउँपालिकाले जारी गरेका आदेश तथा निर्देशनहरु पालना गर्नुपर्ने छ।

४३.अमान्य हुनेः नेपाल सरकार तथा प्रदेश सरकारबाट जारि भएका ऐन नियम सँग यस ऐनमा उल्लेख भएका कुराहरु बाझिएमा सो बाझिएको विषय अमान्य हुनेछ।

४४. व्याख्या गर्ने अधिकार: यस ऐनको व्याख्या गर्नुपर्ने भएमा गाउँकार्यपालिकाले व्याख्या गर्नेछ।

४५.नियम बनाउन पाउने अधिकारः यस ऐन अन्तरगत रहेर स्वास्थ्य सेवालाई व्यवस्थित र मर्यादित बनाउन गाउँकार्यपालिकाले नियम बनाउन सक्नेछ।

कुम्मायक गाउँपालिका, ताँघर

अनुसूची-१
(दफा २३ संग सम्बन्धित)
प्रयोगशालामा हुने आकस्मिक परीक्षण

1. Hb%, TC, DC, Platelet
2. Na, K, Blood Sugar
3. Urea
4. Creatinine
5. Serum Amylase
6. Lipase
7. Blood grouping for Transfusion Purpose
8. BT, CT, PT, INR
9. Urine RE
10. HIV/HCV/HBsAg Kit
11. Troponin
12. CPK/MB
13.आकस्मिक उपचारको लागी चिकित्सकले अत्यावश्यक ठानेको अन्य परिक्षण

अनुसूची-२
(दफा २३(ज) संग सम्बन्धित)
परीक्षणका लागी विदेश पठाउन पर्ने नमुनाहरुको हकमा बिरामीको मञ्जुरीनामा

मैले आफ्नो नमूना विदेशी प्रयोगशालालाई परीक्षण गराउनको लागि अनुमति दिएको छु ।

नमूनाको प्रकार	परीक्षणको नाम	नमूनाको प्रकार	परीक्षणको नाम

कसको सल्लाहमा सर्वदेश पठाउन लागिएको हो :

चिकित्सकको नाम र काउन्सिल नंः
विदेश ठिाउने प्रयोगशालाको नाम र ठेगानाः
नमूना संकलन गर्ने प्रयोगशालाको नाम र ठेगाना :

सेवाग्राहीको नाम:
सम्पर्क न.
ठेगाना :
सेवाग्राहीको हस्ताक्षर :

कुम्मायक गाउँपालिका, पाँचथर

अनुसूची-३

(दफा २५को १ (ङ) संग सम्बन्धित)

नागरिक बडा पत्रको ढाँचा

क्रं.सं	शाखा/वार्ड	प्रदान गरिने सेवाको विवरण	सम्बन्धित सम्पर्क व्यक्ति	प्रक्रिया	लाग्ने समय	लाग्ने शुल्क	गुनासो सुन्ने अधिकारी

आज्ञाले,

जय नारायण खनाल

प्रमुख प्रशासकीय अधिकृत

कुम्मायक गाउँपालिका, पाँचथर